सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ माघ २०८०, शनिबार (27 Jan 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २७८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

विश्व मञ्चमा पहुँच बढाउँदै नेपाली सिनेमा

०५२ मा नवीन सुब्बाको 'खाङ्ग्री' इटालीको ट्रिन्टो अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा प्रदर्शन भएयता दर्जनौँ नेपाली सर्ट र फिचर फिल्मले अन्तर्राष्ट्रिय फेस्टिभलमा उपस्थिति जनाइसकेका छन् । पछिल्लोपटक मीन भाम निर्देशित फिल्म 'साम्बाला' विश्वचर्चित 'बर्लिन फिल्म फेस्टिभल'मा मुख्य प्रतिस्पर्धाका लागि छनोट भएको छ ।

०५० कै दशकमा विश्व मञ्चमा पुगेका थिए नेपाली फिल्म

सर्ट फिल्मको छलाङ

वृत्तचित्र पनि अन्तर्राष्ट्रिय मञ्चमा

पवन बराइली/नयाँ पत्रिका

पछिल्लो एक-डेढ दशकयता विश्वचर्चित फिल्म फेस्टिभलमा नेपाली चलचित्रको उपस्थिति नियमितजसो हुन थालेको छ । जुन-जुन चलचित्र छनोट भएर विश्वमञ्चमा प्रदर्शन भएका छन्, तिनले राम्रो प्रशंसा पाउन सफल पनि भएका छन् । कान्स, बर्लिन, टोरन्टो, बुसान, भेनिस, लुकार्नो, रोट्टेड्याम, ढाका, मुम्बई फिल्म फेस्टिभल (मामी), सनडान्सलगायतका फिल्म फेस्टिभलमा नेपाली सर्ट र फिचर फिल्मको उपस्थिति बाक्लै देखिन थालेको छ ।

पछिल्लोपटक मीन भाम निर्देशित फिल्म 'साम्बाला' बर्लिन फिल्म फेस्टिभलमा मुख्य प्रतिस्पर्धाका लागि छनोट भएको छ । दक्षिण एसियाबाट एक दशकयता कुनै पनि फिल्म मुख्य प्रतिस्पर्धामा छनोट हुन नसक्दाको रिक्तता यसले मेटेको छ । नेपालका हकमा बर्लिनमा मुख्य प्रतिस्पर्धामा छनोट हुने यही नै पहिलो फिल्म हो । डोल्पाको हिमाली भेगमा छायांकन गरिएको 'साम्बाला'ले श्रीमान् खोज्न हिँडेकी एक गर्भवती महिलाको कथा बताउँछ । यही वर्ष बर्लिनमै सौरभ घिमिरे निर्देशित सर्ट फिल्म 'संस अफ लभ एन्ड हेट' पनि प्रदर्शन हुँदै छ ।

हालै मात्र क्यानडाको 'टोरन्टो अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल'मा नवीन सुब्बा निर्देशित 'गाउँ आएको

» पृष्ठ २ मा क्रमशः



फिल्ममा प्यासन छ, प्रोत्साहन छैन

निर्माता रामकृष्ण पोखरेल अन्तर्राष्ट्रिय फेस्टिभलमा नेपाली सिनेमा छनोट हुनुलाई सकारात्मक मान्छन् । तर, नेपाली चलचित्रको बाक्लो उपस्थिति जनाउन एकाध निर्माता/निर्देशकले चाहेर मात्रै नहुने उनको भनाइ छ । 'निरन्तरता दिन सकिन्छ कि सकिँदैन भन्ने मुख्य चुनौती हो । व्यक्तिले बनाएका फिल्महरू मात्रै विदेशी फिल्म फेस्टिभलमा गइरहेका छन् । एक-दुईजनाले फिल्म बनाएर कहिलेसम्म विदेश लैजाने ? यस्ता फिल्मका लागि राज्यको कुनै सहयोग छैन । निर्माताले आफ्नो सम्पत्ति बेचेर फिल्म बनाइरहेका छन्,' उनी प्रश्न गर्छन्, 'नेपाली फिल्मले विश्वका विभिन्न अन्तर्राष्ट्रिय प्लेटफर्ममा प्रतिस्पर्धा गरिरहेका छन् । तर, राज्यले कुनै चासो दिइरहेको छैन । व्यक्तिगत रूपमा कहिलेसम्म गर्न सकिन्छ ?'



चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले नेपाली चलचित्रलाई अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्न समिति बनाएर काम गरिरहेको बताए । 'हामीले नेपाली चलचित्रलाई व्यापक रूपमा अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउने विभिन्न कार्यक्रम अगाडि सारेका छौँ । हाम्रो लक्ष्य भनेकै नेपाली चलचित्रको अन्तर्राष्ट्रियकरण हो । विगतमा पनि केही सकारात्मक प्रयास भएका थिए । हामीले नयाँ बन्ने नीति तथा कार्यक्रममै यसबारे अलगै बजेट माग गरेका छौँ । चलचित्रलाई अन्तर्राष्ट्रियस्तरमा लैजाँदा देश विकासमा महत्त्वपूर्ण योगदान हुन्छ भन्ने महसुस सरकारले गरेको छ । बोर्डले अन्तर्राष्ट्रियस्तरमा नेपाली चलचित्रको प्रवर्द्धन गर्न एक समिति नै बनाएर काम गरिरहेको छ,' उनले भने ।



नेपाली सिनेमाको बजार फराकिलो हुँदै गएको छ



● **नवीन सुब्बा**, निर्देशक

अहिले वर्षमा दुई-तीनवटा नेपाली सर्ट फिल्म विदेशका फिल्म फेस्टिभलमा जान थालेका छन् । कान्स, बर्लिन, बुसानजस्ता फिल्म फेस्टिभलहरूले संसारका नयाँ ट्यालेन्टलाई 'ग्रुम' गरिरहेको छ । फेस्टिभलहरूले नेपाली कलाकारलाई छात्रवृत्ति प्रदान गर्ने र ल्याबमा बोलाउने गर्न थालेका छन् । यसले फिल्ममेकरहरूको एक्सपोजर बढिरहेको छ । ठूला फिल्म फेस्टिभलमा नेपाली फिल्म जान थालेको छ । यसले नयाँ फिल्ममा लगानी जुटाउने माध्यम पनि बनेको छ । नेपालले सीमित स्रोतसाधनका बाबजुद फिल्ममा प्रभावकारी काम गरिरहेको भन्ने साउथ एसियामा बुझाइ छ । भारतले भन्दा पनि नेपालले राम्रो काम गरिरहेको छ भन्ने सन्देश गएको छ । तर, विश्वबजारमा जसरी हाम्रो फिल्म बिक्नुपर्ने हो, त्यो भने हुन सकेको छैन । नेपालमा पनि राम्रो फिल्म बन्छ भन्ने संसारका वितरक र सेल्स एजेन्टले थाहा पाइसकेका छन् । तर, दर्शकको स्तरमा अझै पुगेको छैन । यसका लागि नेपाली फिल्म अन्तर्राष्ट्रिय फेस्टिभलमा जाँदा 'एकेडेमिक डिस्कोर्स' हुनुपर्ने देखिन्छ ।

विश्व सिनेमामाझ नेपाल १० वर्षअघिको इरान हुँदै छ



● **मीनबहादुर भाम**, निर्देशक

नेपाली सिनेमालाई अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याउनु चुनौती छ । यसमा राज्यको भूमिका र संलग्नता शून्य छ । हामीले आफ्नो ठाउँबाट गरिरहेकै छौँ । राज्यले पनि थोरै भए पनि अपनत्व लिनुपर्छ । राज्य सहभागी हुँदा देशको अपनत्व हुन्छ । नेपाली सिनेमा विश्वप्रसिद्ध फेस्टिभलमा पुग्दा विकास बोर्डलाई उत्सुकता नै छैन । यस्तो वेला राज्य छ कि छैन भन्ने महसुस हुँदोरहेछ । यद्यपि, अहिले संसारमा नेपाली सिनेमालाई हेर्ने दृष्टिकोण बदलिएको छ । विश्व सिनेमाले एसियाबाट भियतनाम र नेपालका कथामा आँखा गाडिरहेको छ । विश्व सिनेमामाझ नेपाल १० वर्षअघिको इरान हुँदै छ । म आशावादी छु । एसियन फिल्ममा नेपालले नयाँ छाल ल्याउँदै छ ।

चिनियाँ कम्युनिस्ट पार्टीको प्रतिनिधिमण्डल काठमाडौंमा

नयाँ पत्रिका

चिनियाँ कम्युनिस्ट पार्टीको चार सदस्यीय प्रतिनिधिमण्डल शुक्रबार नेपाल भ्रमणमा आइपुगेको छ । पार्टीको अन्तर्राष्ट्रिय विभागकी उपमन्त्री सुन हैयानको नेतृत्वमा चिनियाँ प्रतिनिधिमण्डल काठमाडौं आइपुगेको हो ।

माओवादीको औपचारिक निमन्त्रणामा नेपालको पछिल्लो राजनीतिक अवस्थाबारे छलफल गर्न टोली आएको हो । नयाँ वर्ष २०२४ सुरुवात भएपछि नेपाल आउने यो नै उच्चस्तरीय चिनियाँ टोली हो । टोलीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा माओवादी उपमहासचिव पम्फा भुसाल र सचिव गणेश शाह तथा नेपालका लागि चिनियाँ राजदूत चेन सोङले स्वागत गरे । प्रतिनिधिमण्डलमा चिनियाँ कम्युनिस्ट पार्टी मुख्यालयमा नेपाल डेस्क प्रमुख जेङ योया (सरला)लगायत सहभागी छन् ।

> आज प्रधानमन्त्री, ओली र नेपाल भेट्दै, सोमबार देउवासँग भेटवार्ता

'पार्टीको निमन्त्रणामा उहाँहरू आउनुभएको हो,' माओवादी सचिव शाहले नयाँ पत्रिकासँग भने, 'उहाँहरूले शनिबार प्रधानमन्त्री प्रचण्डलगायत नेतासँग भेटवार्ता गर्ने कार्यक्रम छ । सबै दलका नेतासँग उहाँहरूले भेट गर्ने कार्यक्रम छ ।' उपमन्त्री सुनले शनिबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, एमाले अध्यक्ष केपी शर्मा ओली र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग भेटवार्ता गर्ने कार्यक्रम छ । टोलीले शनिबार नेपालमा रहेका चिनियाँ लगानीकर्ता एवं उद्यमीसँग पनि अन्तर्क्रिया गर्ने कार्यक्रम छ ।

चिनियाँ टोलीले सोमबार काग्रेस सभापति शेरबहादुर देउवासँग भेटवार्ता गर्ने कार्यक्रम छ । त्यही दिन साँझ उनीहरूले माओवादीका नेताहरूसँग बेग्लै भेटवार्ता गर्ने कार्यक्रम तय भएको छ । टोली मंगलबार दिउँसो स्वदेश फर्किने कार्यक्रम छ ।

गत वर्ष चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभागका प्रमुख लिउ जियान्चाओले नेपाल भ्रमण गरेका थिए । उपमन्त्री सुनले १४ माघ (आइतबार)मा प्रमुख पार्टीका नेताहरूसँग नेपाल-चीन सम्बन्धबारे आयोजित सेमिनारलाई सम्बोधन गर्ने कार्यक्रम छ । राप्रपा विदेश विभाग सदस्य शोभित उप्रेतीले राप्रपासहित प्रमुख दलका नेताहरूलाई सेमिनारमा निमन्त्रणा आएको जानकारी दिए ।

■ नेपाल 'सुपर सिक्स'मा



बलिङमा आकाश चन्द र ब्याटिङमा कप्तान देव खनालको उत्कृष्ट प्रदर्शनमा अफगानिस्तानलाई एक विकेटले पराजित गर्दै नेपाल आइसिसी यू-१९ विश्वकप क्रिकेट प्रतियोगिताको सुपर सिक्समा प्रवेश गरेको छ । प्रतियोगिताअन्तर्गत समूह चरणका अघिल्ला दुई म्याचमा न्युजिल्यान्ड र पाकिस्तानसँग पराजित भएको नेपालले अन्तिम खेलमा अफगानिस्तानलाई पन्छाउँदै सुपर सिक्समा स्थान बनाएको हो । नेपालको सुपर सिक्स चरणको प्रतिद्वन्द्वी छिनोफानो भएको छैन । नेपालले सुपर सिक्समा समूह 'ए'का विजेता र उपविजेताविरुद्ध प्रतिस्पर्धा गर्नेछ । यस समूहमा भारत, बंगलादेश, आयरल्यान्ड र अमेरिका रहेका छन् । यी तीनमध्ये शीर्ष दुईसँग नेपालले प्रतिस्पर्धा गर्नेछ ।

(विस्तृत समाचार पृष्ठ ८ मा)

झन् नयाँ

नृत्यशास्त्री भैरवबहादुर थापाको सम्झनामा

मूर्धन्य ९ साहित्यकार



नेपाली साहित्यका दिग्गजसँग् बाक्लो संगत भएका थापाले अन्वेषण अधिकारीसँग आफ्नो संगतमा रहेका साहित्यकारहरूलाई यसरी सम्झिएका छन्



आत्मसमीक्षा

कमल थापा

अध्यक्षमा हारेपछि राजालाई गाली गर्नु गल्ती भयो

विमानस्थलमा अध्यागमन-प्रहरी टकराव

प्रहरीद्वारा अधिकृतमाथि कुटपिट

काठमाडौं/ भिजिट भिसाको विषयलाई लिएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अध्यागमनका कर्मचारी र प्रहरीबीच सम्बन्ध चिसिएका वेला दुई पक्षबीच शुक्रबार कुटाकुट नै भएको छ । अध्यागमनका कर्मचारी ड्युटी सकेर फर्कन लागेका वेला चेकजाँचको विषयलाई लिएर विवाद हुँदा कुटाकुट भएको हो ।

प्रहरीले अध्यागमन अधिकृत छायालाल मोक्तानलाई कुटपिट गरेको र अध्यागमन प्रमुख गोगनकुमार हमालमाथि समेत दुर्व्यवहार गरेको अध्यागमन कार्यालयले जनाएको छ । प्रहरीले भने सुरुमा अध्यागमन कर्मचारीले हात हालेको दाबी गरेको छ । घटनाको विषयमा गृह मन्त्रालयले छानबिन समिति बनाएको छ ।

गृह मन्त्रालयका सहसचिव थानेश्वर गौतमको नेतृत्वमा छानबिन समिति बनेको हो । समितिमा नेपाल प्रहरीका डिआइजी राजेश बाँस्तोला र गृह मन्त्रालयका उपसचिव कुलबहादुर जिसी सदस्य छन् ।

» पृष्ठ २ मा क्रमशः

न्यायपरिषद्मा उजुरीपछि राजीनामा दिएर उम्किँदै न्यायाधीश

उजुरीमाथि कारबाही अघि बढाइँदै गर्दा राजीनामा दिएर न्यायाधीशहरू कारबाहीबाट बच्ने उपाय खोज्छन्

उच्चका दुई र जिल्लाका एक न्यायाधीशले राजीनामा दिइसकेका छन्



डा. परशुराम भट्टराई



जीवनहरि अधिकारी



रामचन्द्र यादव

उजुरी परेपछि कारबाहीबाट बच्न विवादित न्यायाधीशहरू राजीनामाको बाटो रोज्छन् । केही समययता उजुरी परेका उच्चका दुई र जिल्लाका एक न्यायाधीशको राजीनामा आइसकेको छ । सर्वोच्च अदालतका एक उच्च अधिकृत भन्छन्, 'परिषद्ले बर्खास्त गर्नेसम्मको कारबाही गऱ्यो भने पेन्सनपट्टा रोकिन्छ । तर, त्यसअघि नै राजीनामा दिएमा अवकाशपछिको सेवा-सुविधा पाइन्छ । त्यसैले दोस्रो बाटो रोज्नु सजिलो हो ।' यद्यपि, कतिपय अवस्थामा गम्भीर उजुरी नभएमा र चित्तबुझ्दो स्पष्टीकरण पठाएमा बर्खास्तीसम्मको कारबाही हुने सम्भावना न्यून हुन्छ । तर, न्यायाधीशहरू त्यो जोखिम लिनुभन्दा बर्खास्तीको सम्भावना देखे अवकाश दिएर पन्छिन्छन् । 'यस्तोमा न दोषी देखियो, न त निर्दोष नै,' ती अधिकृतले थपे । हाल दुई सयभन्दा बढी उजुरीउपर निर्णय हुन बाँकी छ । परिषद् स्रोतका अनुसार सोमबार बसेको बैठकले ५९ वटा उजुरी तामेलीमा पठाउने निर्णय गरेको थियो । जसपछि लगभग तीन सयमध्ये दुई सयभन्दा केही बढी उजुरी फर्स्यौट हुन बाँकी छन् ।

शिल्पा कर्ण/नयाँ पत्रिका

न्यायाधीशविरुद्ध उजुरी पर्दा र छानबिन सुरु हुँदा कारबाहीबाट बच्न कतिपय न्यायाधीशले राजीनामाको सहारा लिने गरेका छन् । यस्तै पछिल्लो उदाहरण हुन् डा. परशुराम भट्टराई, जसले गत शुक्रबार राजीनामा दिएका हुन् ।

उनले न्यायपरिषद्मार्फत प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठसामु राजीनामा दिएका थिए । लामो समय जिम्मेवारीविहीन बनाइएका र न्यायपरिषद्ले छानबिन पनि नसकाएको भन्दै उनले राजीनामा गरेका छन् । उजुरी परेपछि उनलाई परिषद्ले सर्वोच्च तानेको थियो । उजुरीउपर छानबिन भई प्रक्रिया अघि बढेका वेला उनको राजीनामा आएको हो ।

उनीविरुद्ध एकभन्दा बढी उजुरी परेको परिषद् स्रोत बताउँछ । हत्या तथा अपहरण मुद्दाका प्रतिवादीलाई सफाइ दिएपछि विवादमा आएका न्यायाधीश भट्टराईको इजलाससमेत बारले बहिष्कार गरेको थियो । आफूलाई कुमारी आमा भन्दै बलात्कारको मुद्दा दायर गरेकी निहारिका सिंह राजपुतको मुद्दामा विपक्षीलाई सफाइ दिएको विषयमा उनी पछिल्लोपटक विवादमा परेका थिए ।

यसबाहेक हत्या आरोपितलाई सफाइ दिएको विषयमा पनि उजुरी परेको थियो । ०७६ कात्तिकमा हत्या भएको एक घटनामा न्यायाधीश भट्टराईले दामोदर (पंकज) चौधरीसमेत दुई प्रतिवादीलाई सफाइ दिने फैसला गरेका थिए । उनका साथ नलकटुवा पेस्तोल र चार राउन्ड अटोमेटिक पेस्तोलमा फिट हुने गोली तथा म्यागाजिनसमेत भेटिएको थियो ।

» पृष्ठ २ मा क्रमशः

सिके राउतको कलेजका दिन



विभेद सहन नसकेर कलेज बंक गरैं

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

भारतीय दूतावासले मनायो ७५औँ गणतन्त्र दिवस

काठमाडौं/ भारतीय राजदूतावासले शुक्रबार दूतावासपरिसरमा भारतको ७५औँ गणतन्त्र दिवस मनाएको छ। नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले लैनचौरमा आयोजित समारोहमा भारतको राष्ट्रिय झन्डा झन्डोत्तोलन गरेसँगै गणतन्त्रको दिवस सुरुवात गरेका छन्। उनले नेपालमा रहेका प्रवासी भारतीयलाई पनि सम्बोधन गरे।

राजदूतावासपरिसरमा भारतका राष्ट्रपति द्रौपदी मुर्मूले राष्ट्रका नाममा गरेको सम्बोधन भिडियोमार्फत प्रस्तुत गरिएको थियो। राष्ट्रपति मुर्मूले आफ्नो सन्देशमा गत स्वतन्त्रता दिवसयता विभिन्न क्षेत्रमा भारतले हासिल गरेको उपलब्धिको चर्चा गरेकी छिन्। उनले भारतको अध्यक्षतामा सफलतापूर्वक सम्पन्न जी-२० शिखर सम्मेलन र चन्द्रयान-३ मिसनबारे चर्चा गरेको भारतीय राजदूतावासले जनाएको छ।

राजदूत श्रीवास्तवले भारतीय सेनामा कार्यरत रहेका वेला मृत्यु भएका गोर्खा सैनिकका श्रीमती र निकटतम नातेदारहरूलाई पाँच करोड सात लाख रुपैयाँ नगद तथा सम्मानसहित कम्बल वितरण गरेका छन्। राजदूत श्रीवास्तवले सेवानिवृत्त सैनिकहरूलाई भारत सरकारका तर्फबाट सहयोगको प्रतिबद्धता दोहोऱ्याएका छन्। दूतावासले नेपालमा बसोवास गरिरहेका भूतपूर्व सैनिकहरूका लागि भारत सरकारको कल्याणकारी पहलहरू समावेश गरिएको भूपू-२०२४ पत्रिकाको पनि राजदूत श्रीवास्तवले लोकार्पण गरे।

राजदूत श्रीवास्तवले ७५औँ गणतन्त्र दिवसको अवसरमा ३० संस्थालाई १९ लाख रुपैयाँबराबरको पुस्तक उपहारस्वरूप वितरण गरेका छन्। कार्यक्रममा दूतावासका स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र र केन्द्रीय विद्यालय काठमाडौंका विद्यार्थीले सांस्कृतिक प्रस्तुति गरेका थिए।

आजबाट कांग्रेसको अभियान सुरु

नयाँ पत्रिका

कांग्रेसको आजबाट सांगठनिक सुदृढीकरणलक्षित 'समुदायमा कांग्रेस' अभियान सुरु हुने भएको छ। मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार 'समुदायमा जाऔं, जनताका कुरा सुनौं' नारासहित २६ माघसम्म अभियान सञ्चालन हुनेछ। अभियानमा समुदाय तहमा जनस्तरका समस्याबारे जानकारी लिएर समाधान गर्नेदेखि कांग्रेसको नीतिअनुसार सुझाव संकलन गरिने उनले बताए।

अभियानका क्रममा स्थानीयस्तरमा सेवा प्रवाह, विकास निर्माण र समुदायमा भएका असल अभ्यासबारे समेत जानकारी लिइने मुख्यसचिव पौडेलले बताए। कांग्रेसले अभियानलाई आसन ग्रहण र मन्तव्यरहित बनाइने बताएको छ। 'अभियान वडाकेन्द्रित रहनेछ। सहिद दिवसको दिनबाट अभियानको पहिलो चरण सुरु हुनेछ। २६ माघमा सुशील कोइरालाको स्मृति दिवसको दिन पारेर समापन गरिनेछ। औपचारिक आसन ग्रहण र मन्तव्यलगायतका कार्यक्रम हुनेछैनन्। जनस्तरका गुनासा र सुझाव संकलनमा केन्द्रित हुनेछ,' उनले भने।

अभियानलाई समन्वयका लागि केन्द्रीय प्रतिनिधिलाई जिल्लामा खटाइसकिएको छ। ७ फागुनमा नीति अधिवेशनसमेत गर्ने गरी महासमिति बैठक हुँदै छ। कांग्रेसले सांगठनिक सुदृढीकरणको लक्ष्यसहित अभियानलाई वार्षिक कार्यतालिकामा समावेश गरेको थियो। यसअघि पटकपटक तय भएर सर्दै आएको अभियान पछिल्लो समय राष्ट्रिय सभा निर्वाचनका कारण सरेको थियो। ४ साउनमा बसेको केन्द्रीय समिति बैठकले पारित गरेको वार्षिक कार्ययोजना पारित गर्दै १० देखि २४ भदौसम्म अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो। तर, वर्षा, रुकुम पश्चिम र जाजरकोटमा आएको भूकम्पलगायतका कारण देखाउँदै अभियान अनिश्चित बनेको थियो। १४ पुसमा सम्पन्न केन्द्रीय समिति बैठकले ७ देखि २२ माघसम्म अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो।

कोरम नपुगेर समिति बैठक स्थगित

काठमाडौं/ हिउँदे अधिवेशन २२ माघका लागि आह्वान भएसँगै संसदीय समितिहरू विधायिकी कार्यलाई तीव्रता दिने योजनाका साथ अगाडि बढेका छन्। तर, शुक्रबार कोरम नपुगेर एउटा समितिको बैठक नै बस्न सकेन। सभामुख देवराज घिमिरेले सभापतिहरूलाई बोलाएर विधेयकहरू छिटोभन्दा छिटो टुंग्याउन निर्देशन नै दिएका छन्। तर, समिति बैठक नियमित बस्न सकेका छैनन्।

राष्ट्रिय सभाबाट पारित भएर आएको अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयकमा दफावार छलफल गर्न प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले शुक्रबार १० बजे बैठक बोलाएको थियो। पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसहितको उपस्थितिमा सभापति राजकिशोर यादवले विधेयकमाथिको दफावार छलफल प्रारम्भ गरे।

विधेयकमा संशोधन राखेकी सांसद सुमना श्रेष्ठले आफ्नो संशोधन प्रस्तुत गर्दै राज्यका महत्त्वपूर्ण दस्तावेजहरूको अभिलेख सुरक्षित नराख्ने कर्मचारीलाई राज्यद्रोहको तहमा कडा सजाय गर्नुपर्ने बताइन्। विभागीय मन्त्रालयका सचिवको उपस्थितिमा सभापति यादवले दफावार छलफललाई अगाडि बढाउन खोज्दै थिए।

ढिलो उपस्थित भएका एमालेका रघुजी पन्तले बैठकका लागि कोरम नपुगेको र विभागीय मन्त्री पनि उपस्थित नभएको भन्दै प्रश्न उठाएपछि सभापति यादवले अर्को सूचना नभएसम्मका लागि बैठक स्थगित गरे। यद्यपि, प्रश्न उठाउनुअघि पन्तले आफ्नो संशोधन प्रस्ताव भने प्रस्तुत गरेका थिए।

विधेयकको दफावार छलफल टुंग्याउन सभापति यादवले बिहान १० बजे नै समिति बैठक बोलाए पनि कोरमका कारण अगाडि बढेन। समिति सचिवालयका अनुसार २७ मध्ये नौ सदस्य मात्रै उपस्थित थिए। कोरम पुग्न ५० प्रतिशत संख्या उपस्थित हुनुपर्छ, अर्थात् १४ जना आवश्यक पर्छ।

न्यायपरिषद्मा...

पृष्ठ १ बाट क्रमशः

मुख्य प्रतिवादीलाई सफाइ दिने आधारबारे फैसलामा भनिएको छ, '... यी प्रतिवादीले नै मृतकलाई गोली प्रहार गरेको भन्ने तथ्य शंकारहित तवरबाट स्थापित हुन सकेको देखिएन।' मृतक मनोजकुमार साह नै घटना गराउन अग्रसर भएको फैसलामा उल्लेख छ।

सोमबार बसेको परिषद् बैठकले उनीबाहेक अन्य दुईजनालाई स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो। ती दुईमा अम्बिकाप्रसाद निरौला र राजकुमार कोइराला हुन्। भट्टराईसमेत तीनै जिल्ला न्यायाधीशविरुद्ध विस्तृत छानबिनका लागि परिषद्ले सर्वोच्चका न्यायाधीश आनन्दमोहन भट्टराईको नेतृत्वमा तीन सदस्यीय जाँचबुझ समिति गठन गरेको थियो।

१२ पुसमा ३० दिनको रायसहितको प्रतिवेदन पेस गर्न भनिएकोमा सोमबार बल्ल स्पष्टीकरण सोध्ने निर्णय भएको छ। यसैबीच भट्टराईले राजीनामा दिएका हुन्। जसका कारण दुईजनासँग मात्र स्पष्टीकरण माग गरिएको परिषद् स्रोतले जनाएको छ।

भट्टराई यस्ता पहिलो व्यक्ति होइनन्, जसले उजुरीमाथि कारबाही अघि बढाइँदै गर्दा राजीनामा दिएका हुन्। उजुरी परेपछि राजीनामा दिएका यस्ता थुप्रै उदाहरण विगतमा देखिइसकेका छन्।

उच्च अदालत पोखराका तत्कालीन न्यायाधीश जीवनहरि अधिकारी र रामचन्द्र यादवले पनि छानबिन चल्दै गर्दा राजीनामा दिएका थिए। गोर्खा ब्रुअरीद्वारा दायर रिटमाथि दिएको आदेशका कारण न्यायपरिषद्मा उनीहरू दुवैका साथै नरबहादुर शाहीविरुद्ध पनि उजुरी परेको थियो।

आन्तरिक राजस्व कार्यालयले निर्धारण गरेको करका विषयमा क्षेत्राधिकारका विषयमा गम्भीर त्रुटि भएको उजुरी परिषद्मा थियो। निवेदक आन्तरिक राजस्व कार्यालय भरतपुर विपक्षी उच्च अदालत पोखरासमेतको उत्प्रेषणको रिट निवेदनमा सर्वोच्चबाट भएको आदेशमा प्रादेशिक क्षेत्राधिकारको विषयमा गम्भीर त्रुटि गरी आदेश गरेको र निवेदक गोर्खा ब्रुअरीविरुद्ध आन्तरिक राजस्व कार्यालय भरतपुर रहेको रिट निवेदनमा अन्तरिम आदेश गर्ने यादव, अधिकारी र शाहीमाथि अनुसन्धान गर्न सर्वोच्चका न्यायाधीश सपना प्रधान मल्लको नेतृत्वमा छानबिन समिति गठन भएको थियो। परिषद्ले १२ साउन ०७६ मा उक्त निर्णय गरेको थियो।

छानबिन चल्दै गर्दा अधिकारी र यादव दुवैले ०७६ साउन अन्तिम र यादवले भदौ पहिलो साता राजीनामा दिएका थिए। परिषद्ले पछि उनीहरूको 'कार्य र संलग्नता भ्रष्टाचारजन्य कसुरमा मुद्दा चलाउनुपर्नेसम्मको नदेखिएको साथै पदबाट राजीनामा दिई सेवाबाट अलग भइसकेकाले निजहरूउपरको कारबाहीलाई तामेलीमा राखिदिने' निर्णय गरेको थियो।

यसै प्रकरणमा मुछिएका अर्का न्यायाधीश शाहीको हकमा 'प्रतिवेदन संलग्न कल डिटेल एवं एसएमएसबाट मुद्दाका पक्ष र निजका कानुन व्यवसायीसँग विवादित मुद्दामा आदेश गर्नुभन्दा पहिले र पछि सम्पर्क गरेको, मुद्दाको विषयमा तपाईंको स्वार्थ पूरा भयो भनी सन्देशसमेत पठाएको एवं आफूसँग सम्पर्क गर्न आग्रह गरेको तथ्य पुष्टि भएकाले' पदमुक्त गर्न सिफारिस गरेको थियो। ३० असोज ०७६ मा पदमुक्त गर्न मल्लको समितिले तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासमक्ष सिफारिस गरेको थियो।

यस्तै प्रयास गरेका थिए लोकजंग शाहले। तत्कालीन कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्की नेतृत्वको परिषद् बैठकले बर्दिया जिल्ला अदालतका न्यायाधीश शाहलाई गत वर्ष साउन पहिलो साता बर्खास्त गर्ने निर्णय गरेको थियो। राजीनामा दिने तयारीमा रहेका उनलाई त्यसको समेत मौका नदिई बर्खास्त गरिएको चर्चा अझै न्यायवृत्तमा चल्छ।

मोटरसाइकल हरायो

SPARK BLACK (कालो) रंगको २२० सिसिको पल्सर मोटरसाइकल मिति २०८०।०९।२९ गते राति (समय थाहा नभएको) सिन्धुली जिल्ला दुधौली नगरपालिका ०५ धारिचुम्सी स्थित बस्ने घरमा बाहिर आँगनमा पार्किङ गरिरहेको ठाँउबाट हरायको अथवा चोरी भएको हुँदा फेलापार्नुहुने महानुभावहरुले निम्न ठेगानामा जानकारी गराउनुहुन या नजिकको प्रहरीचौकीमा बुझाईदिनु हुन अनुरोध गर्दछु।
नाम : कल्याण कार्की
फोन : ९८४०९०४५२०
च्यासिस नं : MD2A13EX5MCB85964
इन्जिन नं : DKXCMB00478
मो.सा. नं : वा.प्र ०२-०२९ प ४७६७

विश्व मञ्चमा...

पृष्ठ १ बाट क्रमशः

बाटो' प्रिमियर भएको थियो। विश्वचर्चित निर्देशक, निर्माता र कलाकार सहभागी फेस्टिभलमा नेपालबाट निर्देशक सुब्बा, अभिनेता दयाहाङ राई, पशुपति राई, निर्माता अमोद राईलगायत सहभागी भएका थिए। विगतमा दयाहाङ अभिनीत 'हाइवे' बर्लिन र 'सेतो सूर्य' भेनिस फिल्म फेस्टिभलमा प्रदर्शन भएका थिए। दुवै फिल्म दीपक रौनियारले निर्देशन गरेका हुन्।

यसै वर्ष दक्षिण कोरियाको बुसान अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा 'गाउँ आएको बाटो' र निरञ्जनराज भेटवालले निर्देशन गरेको छोटो चलचित्र 'साक्षी रुख' देखाइयो। 'साक्षी रुख' नेदरल्यान्डको रोट्टेर्ड्याम अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल र फ्रान्सको 'क्लेर्मोन्ट फेर्रान्ड इन्टरनेसनल सर्ट फिल्म फेस्टिभल'मा पनि छानिएको थियो। त्यस्तै, विश्व प्रतिष्ठित मानिने इटालीको 'भेनिस अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा 'द रेड सुटकेस' यसै वर्ष प्रिमियर भयो। फिल्म निर्देशक फिडेल देवकोटा, निर्माता रामकृष्ण पोखरेल, कलाकार सौगात मल्ल, विपिन कार्की, सृष्टि श्रेष्ठलगायत फेस्टिभलमा सहभागी थिए।

मुम्बई फिल्म फेस्टिभल (मामी)मा यो वर्ष 'गाउँ आएको बाटो' र 'द रेड सुटकेस'सहित फिचर तथा छोटो विधातर्फ गरेर पाँचवटा चलचित्र छनोट भए। आयारुस पौडेलको 'हेलेना र विन्ड हर्स', सौरभ राई निर्देशित 'गुराँस' र विदुषी गिरीको 'चिसो घर' पनि फेस्टिभलमा प्रदर्शन गरिएका थिए।

सन् २०२२ मा बर्लिन अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा दुई नेपाली सर्ट फिल्म प्रदर्शन भए। दीपक रौनियार निर्देशित 'फोर नाइट्स' र सूर्य शाही निर्देशित 'ह्विल अन द बस'ले राम्रै प्रशंसा पाएको थियो। 'फोर नाइट्स' सर्ट फिल्मअन्तर्गतको मुख्य प्रतिस्पर्धामा र 'जेनेरेसन के प्लस'अन्तर्गतको प्रतिस्पर्धामा 'ह्विल अन द बस' प्रदर्शन भएको हो। सन् २०२२ मा नै नेदरल्यान्डको रोट्टेर्ड्याम अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा निरञ्जनराज भेटवालको सर्ट फिल्म 'अन्हद' र सुनील पाण्डेको 'बाघथान' प्रदर्शनका लागि छनोट भएका थिए।

सन् २०२२ मा बंगलादेशको ढाकामा आयोजित 'ढाका इन्टरनेसनल फिल्म फेस्टिभल'मा दुई नेपाली सिनेमाले अवार्ड नै हात पारेका थिए। फिचर फिल्म 'ऐना झ्यालको पुतली'का लागि सुजित बिडारीले उत्कृष्ट निर्देशक र सर्ट फिल्म 'पुतलीको सपना'का लागि किरण पोखरेलले उत्कृष्ट स्क्रिप्ट अवार्ड पाएका थिए।

कान्सलाई प्रतिष्ठित र संसारकै ठूलोमध्येको फिल्म फेस्टिभलको रूपमा लिइन्छ। सन् २०२२ मा मात्रै अविनाशविक्रम शाहको सर्ट फिल्म 'लोरी'ले फेस्टिभलमा सर्ट फिल्म विधातर्फ 'स्पेसल मेन्सन' अवार्ड जित्यो। कान्समा आधिकारिक रूपमा छानिएको 'लोरी' पहिलो फिल्म हो।

सन् २०१७ मा सनडान्स फिल्म फेस्टिभलमा पूजा गुरुङ र विभूषण बस्नेतको निर्देशनमा बनेको सर्ट फिल्म 'दद्या'बाट चिन्तनराज भण्डारीले 'स्पेसल जुरी अवार्ड फर सिनेमाटोग्राफी' अवार्ड जिते। सनडान्समै अंकित पौडेलको सर्ट फिल्म 'सङ अफ क्लाउड्स' प्रदर्शन भएको थियो। सन् २०१९ मा 'टोरन्टो फिल्म फेस्टिभल'मा राजन कठेत निर्देशित सर्ट फिल्म 'बेयर ट्रिज इन द मिस्ट' प्रिमियर भयो। सन् २०१८ मा राजेशप्रसाद खत्री निर्देशित सर्ट फिल्म 'जालगेडी'ले बर्लिन फेस्टिभलमा उत्कृष्ट सर्ट फिल्मको अवार्ड जित्यो।

पचासकै दशकमा विश्व मञ्चमा पुगेका थिए नेपाली फिल्म

शेर्पा समुदायको कथामा आधारित 'खाङ्ग्री' अन्तर्राष्ट्रिय मञ्चमा पुग्ने पहिलो नेपाली चलचित्र मानिन्छ। नवीन सुब्बा निर्देशित चलचित्र ०५२ मा इटालीको ट्रिन्टो अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा प्रदर्शन भएको थियो। ०५९ मा छिरिङरितार शेर्पा निर्देशित 'मुकुन्डो' सनफ्रान्सिस्को, फ्रिबर्ग, फुकुओका, गोटेबर्गलगायत भन्डै २५ भन्दा बढी अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा प्रदर्शन भएको थियो। 'मुकुन्डो' ओस्कर अवार्डको ७३औँ संस्करणमा उत्कृष्ट विदेशी भाषी फिल्मका लागि नेपालबाट दर्ता पनि भएको थियो।

०६० मा नवीन सुब्बाको चलचित्र 'नुमाफुङ' पनि अन्तर्राष्ट्रिय फेस्टिभलमा प्रदर्शनका लागि छानिएको थियो। यो फिल्म जापानको फुकुओका अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा वर्ल्ड प्रिमियर गरिएको थियो। त्यति वेला 'नुमाफुङ' सिंगापुर, फ्रिबर्गलगायत २० भन्दा बढी अन्तर्राष्ट्रिय फेस्टिभलमा प्रदर्शन भएको थियो। यो चलचित्रले बंगलादेश इन्टरनेसनल फिल्म फेस्टिभलमा बेस्ट रनरअप र फ्रान्सको भिजुअल फिल्म फेस्टिभलमा पब्लिक च्वाइस अवार्ड जितेको थियो।

०७० मा सुवर्ण थापा निर्देशित 'सुनगाभा' फ्रान्सको योङ डाइरेक्टर फिल्म फेस्टिभल प्रदर्शनका लागि छानिएको थियो। यो चलचित्र हम्बर्ग, प्लाप स्प्रिङ, मुम्बई, चेन्नई, सेटर साउथ एसियन फेस्टिभलमा पनि प्रदर्शन भएको थियो। ०७० मै दीपक रौनियार निर्देशित 'हाइवे' बर्लिन फेस्टिभलमा छानियो।

'हाइवे'ले नेपाली सिनेमालाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याइदिएको निर्माता नवनिधि दाहाल बताउँछन्। 'यसपछि नै नेपाली चलचित्रले अन्तर्राष्ट्रिय प्लेटफर्ममा प्रवेश पाउन थालेको देखिन्छ। संसारमा विभिन्न खालको फिल्म फेस्टिभल हुँदो रहेछ भन्ने नेपाली फिल्ममेकरलाई थाहा हुन थाल्यो। बिस्तारै विश्व सिनेमामा पहुँच बढ्दै गयो। त्यसपछि नेपाली सर्ट फिल्म, डकुमेन्ट्री, फिचर पनि जान थाल्यो,' उनले भने।

सन् २०१३ मा यादव भट्टराई निर्देशित 'झोला' चलचित्रबाट सार्क फिल्म फेस्टिभलमा गरिमा पन्तले उत्कृष्ट अभिनेतृको अवार्ड जितिन्। सोही वर्ष जोयस पाण्डे निर्देशित 'साँघुरो'ले सार्क फेस्टिभलमा सिल्भर अवार्ड जितेको थियो।

सन् २०१५ मा मीनबहादुर भाम निर्देशित 'कालो पोथी'ले 'भेनिस अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल'मा क्रिटिक्स अवार्ड जित्यो। 'कालो पोथी' युरोप, जापान, अमेरिका, दक्षिण कोरियालगायत देशका दर्जनौं फिल्म फेस्टिभलमा प्रदर्शन भयो। सन् २०१६ मा दीपक रौनियार निर्देशित 'सेतो सूर्य' 'भेनिस', 'टोरन्टो', 'लोकार्नो', 'सिंगापुर', 'बुसान'लगायत फेस्टिभलमा प्रदर्शन भयो। 'सेतो सूर्य' 'भेनिस'मा इन्टरफिल्म अवार्ड, 'टोरन्टो'मा पिपुल्स च्वाइस अवार्डमा मनोनयन भयो। यसले 'प्लाम स्प्रिङ अन्तर्राष्ट्रिय फेस्टिभल'मा न्यू भिजन ग्रान्ड जुरी पुरस्कारसमेत जितेको थियो।

सन् २०१६ मा नरेशकुमार केसीको 'डाइङ क्यान्डल'ले अमेरिकाको क्युन्स वर्ल्ड फिल्म फेस्टिभल अवार्ड जितेको थियो। सन् २०१८ मा विनोदकुमार पौडेलको 'बुलबुल'बाट स्वस्तिमा खड्काले सार्क फेस्टिभलमा अभिनेतृतर्फको उत्कृष्ट जुरी अवार्ड जितेकी थिइन्।

'कालो पोथी र सेतो सूर्यले अन्तर्राष्ट्रिय मञ्चमा नेपाली चलचित्रका लागि आधार बनाइदिए। त्यसपछि अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल लक्षित वर्षमा ६/७ वटा छोटा नेपाली चलचित्र बन्ने स्थिति बन्यो। त्यसपछिका वर्षमा अन्तर्राष्ट्रिय फेस्टिभलहरूमा नेपाली चलचित्रहरू सहभागी हुने क्रमले अझ गति लिन थाल्यो,' निर्देशक राजन कठेत भन्छन्।

सर्ट फिल्मको छलाङ

सन् २००७ मा सुवर्ण थापाले बनाएको 'मलामी' विभिन्न अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा प्रदर्शनका लागि छानिएको थियो। यो चलचित्र फ्रान्स सरकारको पूर्ण लगानीमा बनेको थियो। 'मलामी'पछि नेपालमा छोटो चलचित्र बनाउने क्रम बढेको निर्देशक थापाको अनुभव छ। 'मैले फ्रान्सको सहयोगमा मलामी बनाएँ। त्यसपछि बिस्तारै नेपालमा पनि सर्ट फिल्म बन्न थाले। नेपाली कथावाचनको शैली, क्राफ्ट र नेपाली जनजीवनको विषय मलामीले उठाएको थियो,' उनले भने।

स्थानीय मौलिक कथा र प्रस्तुत गर्ने शैली फरक हुनुपर्छ

● **अविनाशविक्रम शाह**, निर्देशक तथा पटकथाकार

संसारभर हजारौं फिल्म बनिरहेका छन्। उनीहरूले नयाँ-नयाँ तरिकाबाट फिल्म बनाइरहेका हुन्छन्। उनीहरूको कथा भन्ने शैली नवीन हुन्छ। हाम्रो भाषा र संस्कृति फरक होला, तर भावना त एउटै हुन्छ। त्यसैले उनीहरूले कसरी कथा भनिरहेका छन्, कस्तो शैली अपनाएका छन् भन्नेबारे पनि जानकार हुनुपर्छ। स्थानीय मौलिक कथा र प्रस्तुत गर्ने शैली फरक हुनुपर्छ। अनि मात्रै हाम्रो सिनेमाले अन्तर्राष्ट्रिय मञ्चमा दरिलो उपस्थिति जनाउन सक्छ। हाम्रो सिनेमा फिल्म फेस्टिभलमा गएर मात्रै पुग्दैन। मुख्य कुरा फेस्टिभलमा गएर हाम्रो फिल्म बिक्नुपर्छ। त्यहाँसम्म हामी अझै पुगेका छैनौं

विनोद पौडेलको 'अवेकन आइज', मीन भामको 'बाँसुल्ली', दीपक रौनियारको 'थ्रेसहोल्ड', अविनाशविक्रम शाहको 'म खुसी छु', पूजा गुरुङ र विभूषण बस्नेतको 'द कन्टाजियस अपरिसन्स अफ डम्बरे डेन्ड्राइट' र 'दद्या'लगायतका छोटा चलचित्र विदेशी फिल्म फेस्टिभलमा खुबै मन पराइयो। अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा प्रदर्शन हुनेमा मनोजबाबु पन्तको 'अवशेष', अविनाशविक्रमको 'तात्तिनी', निरञ्जनराज भेटवालको 'काफल पाक्यो', सुनील पाण्डेको 'अनन्त यात्रा', केदार श्रेष्ठको 'जुनुको जुत्ता', प्रवीणकुमार रावतको 'कलम', मिड्सो लिम्बूको 'जुन्को', सन्तोष दाहालको 'मृगतृष्णा', गोपाल आचार्यको 'आखात'लगायतको लामो सूची छ।

विशेषतः युवा पुस्ताले बनाएका सर्ट फिल्मले अन्तर्राष्ट्रिय फेस्टिभलमा फिचर फिल्मका लागि बाटो खोल्ने गरेको निर्देशक सुवर्ण थापाको भनाइ छ। 'संसारका प्रख्यात निर्देशकहरूले पहिले सर्ट फिल्म बनाएर फिचर बनाएका छन्। सर्ट फिल्म फिल्ममेकरको पहिचान हो। जसले फिचर फिल्मका लागि बाटो खोल्छ,' उनी भन्छन्, 'फिल्म फेस्टिभलमा छनोट हुनु 'एक्सपोजर' पाउनु हो। विदेशी फेस्टिभलमा भनेकै सम्बन्ध विस्तार पनि हो। फेस्टिभलले फिचर फिल्मका लागि लगानी जुटाउने बाटो पनि खुल्छ।'

वृत्तचित्र पनि अन्तर्राष्ट्रिय मञ्चमा

राजन कठेत र सुनिर पाण्डेको निर्देशन रहेको वृत्तचित्र 'नो विन्टर होलिडेज्' बेलायतको सेफिल्ड डकफेस्टमा वर्ल्ड प्रिमियर भएको थियो। यो वृत्तचित्र दक्षिण कोरियाको डिएमजेड इन्टरनेसनल डकुमेन्ट्री फिल्म फेस्टिभलमा पनि प्रदर्शन भएको थियो। जलवायु परिवर्तन र बुढेसकालमा महिलाको एक्लोपनको विषयमा आधारित यो वृत्तचित्रले अजरबैजानको डोकुबाकु इन्टरनेसनल डकुमेन्ट्री फिल्म फेस्टिभलमा स्पेसल मेन्सन अवार्डसमेत जितेको थियो।

नेपाली वृत्तचित्र युरोप, अमेरिका, बेलायतलगायतका देशका फिल्म फेस्टिभलमा प्रदर्शनका लागि छनोट भइसकेका छन्। सन् १९९७ मा छिरिङरितार शेर्पा निर्देशित 'द स्पिरिट डजन्ट कम एनी मोर' अन्तर्राष्ट्रिय मञ्चमा पुग्ने पहिलो वृत्तचित्र मानिन्छ। यो वृत्तचित्र दक्षिण एसियाली वृत्तचित्र महोत्सवमा उत्कृष्ट भएको थियो। यो अमेरिका, जर्मनी, फ्रान्स, हङकङ, जापानलगायतका फिल्म फेस्टिभलमा पनि प्रदर्शन भइसकेको छ।

केसाङ छेतेन निर्देशित 'हु विल बी गोर्खा', 'मच्छिन्द्रनाथ : अन द रोड विथ द रेड गड' र डोरबहादुर विष्टबारे 'कास्टावे म्यान', 'द डेजर्ट इट अस'लगायत वृत्तचित्रले अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा चर्चा बटुलेका थिए।

प्रणय लिम्बू निर्देशित 'फरगिभ फर्गेट नट', श्रीलंकाको न्यु वेभ फिल्म फेस्टिभलमा प्रदर्शन भएको थियो। एमी बेनसन र रम्यता लिम्बूको 'ड्राइङ द टाइगर'ले विभिन्न अन्तर्राष्ट्रिय फेस्टिभलमा प्रतिनिधित्व गरेका थिए। रोजगारीको सिलसिलामा दक्षिण कोरियामा रहेका आप्रवासी कामदारको कथामा आधारित अशोक थापा निर्देशित 'द कोरियन ड्रिम'ले अल जजिरा इन्टरनेसनल डकुमेन्ट्री फेस्टिभल, बग्दाद इन्टरनेसनल फिल्म फेस्टिभललगायतमा अवार्ड जितेको थियो। भोजराज भाटको 'सुनकली', दीपेन्द्र भण्डारीको 'यार्साको यात्रा'लगायत वृत्तचित्रले विश्व मञ्चमा राम्रै छाप छाडेका छन्।

प्रहरीद्वारा...

पृष्ठ १ बाट क्रमशः

ड्युटीबाट फर्कन लागेका कर्मचारीमाथि प्रहरीले खानतलासी लिन लागेपछि विवाद सुरु भएको थियो। कर्मचारीले आफूहरूमाथि किन खानतालासी गर्न लागेको भन्दै प्रहरीलाई असहयोग गरेका थिए। त्यही क्रममा प्रहरीमाथि गाली गलौज भएको र विवाद बढेपछि हानाहान भएको थियो। सिसिटिभी भिडियोमा पनि दुवै पक्षबाट हानाहान भएको देखिएको छ।

अध्यागमन कार्यालयले गृह मन्त्रालयमा पठाएको विवरणअनुसार सुरुमा प्रहरी जवान रविरञ्जन गुप्ताले अश्लील शब्द प्रयोग गरी गाली गरेका थिए। पछि असइ सञ्जय तामाङलगायत प्रहरीले लछारपछार गरी कुटपिट गरेका हुन्।

सो विषयमा सिसिटिभी मोनिटर रुमका अध्यागमन अधिकारी र प्रहरीले भिडियो हेर्ने क्रममा फेरि विवाद भएको थियो। त्यहाँ डिएसपी रेवतीरमण पोखरेल, इन्स्पेक्टर मधुसूदन विकसहितका प्रहरीले फेरि ढोका बन्द गरी अध्यागमन प्रमुख गोगनकुमार हमाललगायतमाथि फेरि कुटपिट गरेको भन्दै अध्यागमनले उनीहरूमाथि समेत कारबाहीको माग राखी मन्त्रालयलाई पत्राचार गरेको छ। छानबिन समितिको प्रतिवेदनका आधारमा दोषी देखिएकामाथि कारबाही हुने गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराई बताउँछन्।

विमानस्थलमा केही महिनाअघिदेखि नै प्रहरी र अध्यागमनबीच विवाद छ। अध्यागमनले भिजिट भिसाको सेटिङ चलाएको प्रहरीको आरोप छ। जसमा प्रहरीले अध्यागमन अधिकृतसहितलाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ। अध्यागमनका अधिकारीले भने प्रहरीले आफ्नो काममा हस्तक्षेप गर्दै आएको आरोप लगाउँदै आएका छन्। प्रहरीले अनुसन्धानमा तानेको भन्दै अध्यागमन कर्मचारीले केही दिनअघि कामसमेत रोकेर विरोध गरेका थिए। देशको अन्तर्राष्ट्रिय विमानस्थलमा दुई प्रमुख निकायबीच नै बढेको टकरावले शान्ति सुरक्षामै असर पर्न सक्ने चिन्ता गृह मन्त्रालयको छ।

Mechinagar Municipality
Office of Municipal Executive
Koshi Province

Addendum Notice No: 1

Date of Publication: **26th January 2024**

This is to notify that the Invitation for Bids published on 7 Jan 2024 in the PPMO e-GP system and Nayapatrika National Daily Newspaperfor upgradation of Sahid Marga (0+000 to 5+470)under Nepal Urban Governance and Infrastructure Project (NUGIP), RFB No: NP-DUDBC-400270-CW-RFB, Loan No./Credit No.: IDA-6778-NP. has been amended as follows:

SN	Activity	Initial Version	Amended Content
1	Bidding Document, SectionIII: Evaluation and Qualification Criteriaclause 2.4.2 Specific construction experience (a) **Contracts of Similar Size and Nature**, Compliance Requirements for Joint Venture, Each Partner	at least one Contract within the last ten (10) years with a value of at least **NRs 219,000,000.00** that have been successfully or are substantially completed and that are similar to the proposed works.	at least one Contract within the last ten (10) years with a value of at least **NRs 91,000,000.00** that have been successfully or aresubstantially completed and that are similar to the proposed works.

Mechinagar Municipality
Office of Municipal Executive
Koshi Province

Addendum Notice No: 1

Date of Publication: 26th January 2024

This is to notify that the Invitation for Bids published on 7 Jan 2024 in the PPMO e-GP system and Nayapatrika National Daily Newspaperfor upgradation of Suryodaya Marga (CH 0+000 to CH 8+380)under Nepal Urban Governance and Infrastructure Project (NUGIP), RFB No: NP-DUDBC-400272-CW-RFB, Loan No./Credit No.: IDA-6778-NP. has been amended as follows:

SN	Activity	Initial Version	Amended Content
1	BiddingDocument,SectionIII:Evaluation and Qualification Criteriaclause 2.4.2 Specific construction experience (a) **Contracts of Similar Size and Nature,** Compliance Requirements for Joint Venture, Each Partner	at least one Contract within the last ten (10) years with a value of at least **NRs 251,300,000.00** that have been successfully or are substantially completed and that are similar to the proposed works.	at least one Contract within the last ten (10) years with a value of at least **NRs 104,700,000.00** that have been successfully or aresubstantially completed and that are similar to the proposed works.

मिथिला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल

सूचना संशोधन गरिएको सम्बन्धमा

मिति : २०८०/१०/१३ गते

यस कार्यलयबाट मिति २०८०/१०/०५ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित ठेक्का नं. MM/NCB/Works/02/080/81, Construction of ward No. 1 Office Building, को सूचनामा तपसिल बमोजिमको त्रुटि सच्याइएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

S.N.	Descriptions		
1	NCB Bidding procedure		
	Previ

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार १३ माघ ०८०
nayapatrikaofficial @naya_patrika



सम्झनामा मूर्धन्य ९ साहित्यकार

संस्मरण



भैरवबहादुर थापा, नृत्यशास्त्री

भैरव नृत्य दल खोलेर नेपाली लोकसांस्कृतिक नृत्यमा नयाँ प्राणवायु भरेका नृत्यशास्त्री भैरवबहादुर थापा ९२ वर्षका भए। वि.सं २०१३ मा चीन सरकारको निमन्त्रणामा नेपालबाट गएको पहिलो सांस्कृतिक प्रतिनिधिमण्डलमा बालकृष्ण सम, इतिहासकार काशीप्रसाद श्रीवास्तव, शिक्षाविद् अंगुरबाबा जोशी, कवि चित्तधर हृदय, जनकवि धर्मराज थापालगायतका स्रष्टासँगै थापा पनि थिए। उनले १२ मिनेटसम्म प्रस्तुत गरेको नृत्यबाट प्रभावित भएर चिनियाँ नेता माओत्सेतुङले आफ्ले प्रयोग गर्दै आएको कलम उपहार दिए। त्यही कलमबाट नृत्यको लिपि तयार गर्ने अनौठो र चुनौतीपूर्ण काम थालेका थापाले ६५ वर्ष लगाएर 'नृत्याक्षर विज्ञान' पुस्तक बजारमा ल्याए। त्यही वर्ष उनलाई मदन पुरस्कार गुठीले जगदम्बा श्री (२०७७) अर्पण गऱ्यो। पुस्तकको भूमिकामा चलचित्र निर्देशक चेतन कार्कीले लेखेका छन्, 'यो नृत्यलिपि हो र व्याकरण पनि। ग्रन्थकार वरिष्ठ नृत्य निर्देशक भैरवबहादुर थापाको जीवनभरको सत्प्रयास हो यो।' नेपाली साहित्यका दिग्गजसँग बाक्लो संगत भएका थापाले यस अवधिमा 'ढोका' कवितासंग्रह, 'हिंड्दाहिंडदै बनेका तस्बिरहरू', 'हिमाल नाट्य मिमांशा'लगायत कृति रचना गरे। अन्वेषण अधिकारीसँग थापाले आफ्नो संगतमा रहेका दिग्गज साहित्यकारहरूको सम्झना यसरी गरे :

सबैलाई प्रेम गर्ने लक्ष्मीप्रसाद देवकोटा

डिल्लीबजारस्थित सांस्कृतिक संस्थामा वेला-वेला कविगोष्ठी हुन्थ्यो। कहिलेकाहीं म पनि कविता सुनाउँथें। त्यसैले लक्ष्मीप्रसाद देवकोटाले मलाई कवि भनेर चिन्नुभएको रहेछ। ०११ सालमा हामी दार्जीलिङबाट फर्किएपछि बालकृष्ण समले महाकविसँग मेरो नृत्यको प्रभावबारे चर्चा गर्नुभएछ। अनि महाकविले मलाई नृत्यकार भनेर चिन्न थाल्नुभयो। घरनजिकै भएकाले म महाकविकहाँ गइरहन्थें। उहाँ सिरकले शरीर बेरेर घुँडा टेकेर लेख्नुहुन्थ्यो। त्यसरी लेख्दा शरीर चाँडै बिग्रिन्छ, किड्नी र अन्य अंगमा पनि समस्या हुन सक्छ, टेबुल-कुर्सीमा बसेर लेख्नुस् भनेर सुझाव दिन्थें। तर, उहाँको आदत नै भइसकेको थियो। सिगरेट धेरै तान्ने अर्को खराब लत थियो। बेलायत, अमेरिकाबाट पनि मोटो-मोटो सिगार आउँथ्यो उहाँका लागि। सिगरेट नपिउनुस् भनेर जति भन्दा पनि उहाँ मान्नुहुन्थेन। उहाँका सबै कविता, खण्डकाव्य र महाकाव्य कालजयी छन्। कविहरू धेरै जन्मन्छन्, तर उहाँ युग-युगसम्म सम्झिइरहने नाम हो। मुनामदनजस्तो खण्डकाव्य दिएर जानुभएको छ। उहाँ सबैलाई प्रेम गर्ने प्रकृतिको हुनुहुन्थ्यो।

बहुआयामिक व्यक्तित्व भीमनिधि तिवारी

भीमनिधिसँग मेरो पारिवारीक सम्बन्ध हो। जेठो दाइ श्यामबहादुर थापाको मित्रे साथी हुनुहुन्थ्यो। दाइ वनारस गएपछि माइलो दाइ सिंहबहादुरसँग सम्बन्ध बाक्लिएको रहेछ। म सानैमा वनारस गएको, त्यहाँ पढ्दा-पढ्दै ब्रिटिस आर्मीमा क्लर्कको जागिरे भएँ। सिंगापुर र मलायामा मेरो नाच धेरैले मन पराएका थिए। उनीहरूले 'नेपाली बाबु', 'डान्सर' र 'टार्जन बाबु'जस्ता उपनाम दिएका थिए। महारानी एलिजाबेथको शुभराज्याभिषेकको उपलक्ष्यमा मलायामा १९५३ जुन २ मा रातभर कार्यक्रम राखिएको थियो। त्यहाँ मैले नाचेको देखेर अंग्रेज अफिसरहरू दंग परे र मलाई ६ महिनाको छुट्टी दिइयो। काठमाडौं फर्केपछि तिवारीसँग चिनजान गराउँदै माइलो दाइले भन्नुभयो, 'कान्छोलाई पढाउनुपर्छ भनेर सानैमा दाईले वनारस लिएर गएको, ऊ त बेलायती सेनामा भर्ती भएर नृत्यकार बनेर आयो।' तिवारी नेपाल नाटक संघका संस्थापक नाटककार हुनुहुन्थ्यो। उहाँले मलाई नेपाल नाटक संघको 'प्रतिभाशाली कलाकार' घोषणा गरिदिनुभयो। उहाँ उदार हृदय भएको मानिस हो। बहुआयामिक व्यक्तित्व। नाटक, कथा, गजल सबै लेख्न सक्ने। लघु नाटक र एकांकी लेख्न सुरु गर्ने नै उहाँ हो। मलाई उहाँको 'किसान' नाटक निकै मनपर्छ। 'नैनीका राम' उहाँको त्यतिवेला निकै चलेको नाटक हो। उहाँबारे कथाकार पुस्कर शम्शेरले भन्नुभएछ- मेरो भाइ (बालकृष्ण सम) पनि नाटक लेख्छ। एउटै विधामा दुई व्यक्ति आउँदा न तपाईंलाई फाइदा, न उसलाई। उहाँ यसपछि नाटक लेख्न छाडेर गजल र कथामा केन्द्रित हुनुभयो। उहाँका गजलका किताब त्यतिवेला युवतीहरूले केटाहरूलाई किन्न पठाएर सिरानमुनि राखेर पढ्छन् भन्ने चर्चा हुन्थ्यो।

मेरा गुरु बालकृष्ण सम

बालकृष्णको चेला भन्न पाउँदा मलाई सधैं गर्व लाग्छ। उहाँकै कारण छुट्टी सकिएपछि ब्रिटिस आर्मीमा फर्कनुको साटो म नेपालमै लोकसांस्कृतिक नृत्य प्रवर्द्धनमा खटिएँ। भीमनिधि तिवारीले कलाकार घोषणा गरेको केही दिनपछि मलाई अखिल नेपाल किसान संघको वार्षिक सम्मेलनमा बोलाइयो। कमरेड पुष्पलालको निर्देशनमा निर्मल लामाले बोलाउनुभएको रहेछ। नाच्नका लागि बोलाइएको भन्ने थाहा थिएन। अकस्मात अन्तिम दिन भुरुङखेलको चौरस्थित डबली मञ्चमा मैले आफ्नो एकल भाव लोकसांस्कृतिक नृत्य एक घन्टासम्म प्रस्तुत गर्नुपऱ्यो। मेरो नाच मनपरेपछि उपस्थित सर्वसाधारणले नृत्य प्रस्तुति थप केही दिन लम्ब्याउनुपर्ने माग राखे। त्यसपछि उद्घोषकका रूपमा रहनुभएका कृष्णचन्द्रसिंह प्रधानले मञ्चबाटै थप ६ दिनसम्म मलाया डान्सरको लोकसांस्कृतिक प्याखँ हुने निर्णय सुनाउनुभयो। नुवाकोट, काभ्रे, सिन्धुपाल्चोकलगायत काठमाडौंनजिकका जिल्लाबाट पनि मानिसहरू प्रस्तुति हेर्न आए। यसपछि अन्य विद्यार्थीलाई पनि डान्स सिकाउनुपर्छ भनेर माग गर्ने अभिभावक र विद्यार्थीहरूको संख्या ठूलो थियो।

स्कुलमै नृत्य सिकाउन पाउने व्यवस्था भएमा आएर सिकाइदिन्छु भनेको थिएँ। तर, दरबार स्कुलका शिक्षकहरूले 'गाईजात्रे नाच सिकाउन स्कुल खोलेको होइन' भन्दै विद्यार्थीलाई झपारेछन्। त्यतिवेलासम्म पुरुषले नाचेको 'अशुभ' मानिने रहेछ। तर, मेरो नृत्य हेर्न भिड लागेकाले परिस्थिति फरक हुँदै थियो। तीनमहिने स्काउट ट्रेनिङ लिएका एक सज्जनले उपाय निकाल्नुभयो, 'भुरुङखेलकै चौरमा आर्मी ड्रिलको ट्रेनिङसँगै नृत्यको पनि तालिम गराउने। विद्यार्थी पनि खुसी हुन्छन्, भैरव सरको पनि प्रचार हुन्छ।'

त्यसपछि ६५ जना विद्यार्थीलाई मैले स्काउटको ड्रेसमा आर्मी ड्रिल र नृत्य सिकाउन थालें। हामीले मादल बजाएर लोकसांस्कृतिक नृत्य देखाउँथ्यौं। लोकप्रियता बढ्दै गएपछि विश्वेश्वरप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई, ऋषिकेश शाह, पुष्पलाल श्रेष्ठ, पिएन राणा, निर्मल लामा, तुलसीलाल अमात्यलगायत नेताले पार्टीका विभिन्न कार्यक्रममा मेरो टोली नै बोलाएर लोकसांस्कृतिक नृत्य प्रस्तुत गर्न लगाए। काठमाडौं र पाटनका विभिन्न टोलमा हुने स्थानीय कार्यक्रममा समेत 'मलाया डान्सरको लोक प्याखँ' मञ्चन हुन थाल्यो। यही क्रममा बालकृष्ण समको 'अमरसिंह' नाटकमा मैले नृत्य प्रस्तुति दिएँ। सिंहदरबारमा यो नाटक र मेरो प्रस्तुति हेरेपछि प्रभावित भएर सूर्यविक्रम ज्ञवाली र धरणीधर कोइरालाले दार्जीलिङमा नाटक देखाउने योजना बनाउनुभयो। त्यहाँ पनि निकै राम्रो प्रतिक्रिया पाएपछि हामीले खर्साङमा पनि यो नाटक देखायौं। समजी मसँग प्रभावित भइसक्नुभएको थियो।

> घरनजिकै भएकाले महाकविकहाँ गइरहन्थें। उहाँ सिरकले शरीर बेरेर घुँडा टेकेर लेख्नुहुन्थ्यो। त्यसरी लेख्दा शरीर चाँडै बिग्रिन्छ, किड्नी र अन्य अंगमा पनि समस्या हुन सक्छ, टेबुल-कुर्सीमा बसेर लेख्नुस् भनेर सुझाव दिन्थें। तर, उहाँको त्यो आदत नै भइसकेछ।

ब्रिटिस आर्मीको छुट्टी सकिनै लागेको थियो। तर, मेरा चेलाहरू मलाई रोक्न खोज्दै रहेछन्। उनीहरूले बालसखा दल खोल्ने र त्यसको अध्यक्षमा मलाई राख्ने योजना बनाएछन्। बालकृष्ण समलाई भनेपछि मलाई रोक्न सकिन्छ भन्ने लागेर उहाँलाई भेट्न गएछन्। समजीले त्यसको नाम परिवर्तन गरेर 'भैरव नृत्य दल' राखिदिनुभयो। उहाँ भन्नुहुन्थ्यो, 'नाटकको दृश्य समाप्त भएपछि पर्दा लाग्छ र त्यही पर्दाअगाडि मात्रै नृत्य देखाइने चलन हुन्छ। तर, भैरवजीको लोकसांस्कृतिक नृत्यको प्रचारले गर्दा सांस्कृतिक कार्यक्रम भनेर नृत्य मात्रै राख्ने चलन आयो।' भैरव नृत्य दल खुलेपछि मेरो बाटो मोडियो। ब्रिटिस आर्मीमा फर्किनुको साटो लोकसांस्कृतिक नृत्यकै प्रवर्द्धनमा लागें। उहाँका नाटक 'भीमसेन थापाको अन्त्य' र 'हरितारा'मा मैले नृत्य निर्देशन गरेको थिएँ। नाटकमा बालकृष्ण समको नजिक कोही आउँदैनथे। उहाँले कविता र मुक्तक पनि लेख्नुहुन्थ्यो। त्यतिवेलाका अंग्रेज अफिसर कर्नेल प्राउडले समलाई नेपाली 'सेक्सपियर' भनेर सम्बोधन गरेका थिए। त्यसपछि धेरैले उहाँलाई यही उपनाम दिन लागे। उहाँ निकै फराकिलो सोच भएको र मलाई माया गर्ने मानिस हुनुहुन्थ्यो।

मनमा व्यथा बोकेर चुप लाग्ने शंकर लामिछाने

लामिछानेको व्यक्तित्व बहुआयामिक थियो। कथा, कविता, उपन्यास, लेख लेख्न सक्ने, तर उहाँलाई विशेषगरी मानिसले निबन्धकारका रूपमा सम्झन्छन्। 'अब्स्ट्र्याक्ट चिन्तन प्याज' निबन्धले उहाँको खुबीलाई सबैमाझ उजागर गरेको छ। व्यक्तिगत रूपमा उहाँ अलि रिजर्भ, मनमा व्यथा राखेर पनि चुप लाग्ने स्वभाव थियो। आफ्ना दुःख हत्तपत्त सुनाउने बानी थिएन। हरेक विषयवस्तुमा नयाँ विचार र व्याख्या दिन सक्ने। नयाँ प्रयोग गर्न नडराउने, सामाजिक मनोविज्ञानलाई सूक्ष्म गरी बुझ्न सक्ने खुबी थियो। अंग्रेजी भाषामा पनि उत्तिकै अब्बल हुनुहुन्थ्यो। उहाँसँग मेरो निकै गहिरो संगत रह्यो। उहाँले मेरो विषयमा पनि लेख लेख्नुभएको छ। नृत्यलिपिको पुस्तक तयार गर्ने मेरो सोच सुनेर निकै खुसी हुनुभएको थियो। 'शंकरजी यसलाई छिटो लेख्नुस्। यसमा भूमिका लेख्न मन छ, यसलाई त नोबेल पुरस्कारमा मनोनयनका लागि दिनुपर्छ भन्नुहुन्थ्यो।' तर बिडम्बना, उहाँ बितेको धेरै वर्षपछि मात्रै मैले यो पुस्तक तयार गर्न सकें।

ध.च. गोतामेले भन्नुभयो- भैरव पागल हुने भो

ध.च. अति नजिकको साथी। मेरो घरमा आइरहनुहुन्थ्यो। 'घामका पाइलाहरू'का पात्र मेरो परिवेश र जीवनबाट पनि प्रभावित छन् भन्नुभएको थियो। उत्तम नेपालीले यसको कभर डिजाइन तयार गर्नुभएको हो। उहाँ मलाई निकै माया गर्ने, नृत्यलिपि तयार गर्ने विषयमा म सोचमग्न भएको देखेर उहाँलाई पागलै हुन्छ भन्ने लागेछ। हाकाहाकी भन्नुहुन्थ्यो, 'नृत्यको पनि कहीं लिपि हुन्छ ? नहुने काम सोचेर भैरवजी पागल हुनुहुने भयो ? भैरवजी यो मृत्युको घन्टा हो, हृदयाघात हुन्छ, यसलाई बोकेर नहिँड्नुस्।' मेरो माया र चिन्ता पनि मिसिएको थियो। मैले नृत्यकारकै रूपमा राम्रो गर्न सक्छु, नृत्यलिपि तयार गरिरहन आवश्यक छैन भन्ने उहाँको तर्क थियो। एकपटक मेरी श्रीमतीलाई भैरव यही कामले पागल हुन्छ भनेर सुनाइदिनुभएछ। मैले तयार गरिसकेका धेरै पुस्तक श्रीमतीले फालिदिइन्। ती कुरा फेरि लेखेर उतार्न मलाई वर्षौं लाग्यो।

भीमदर्शन रोकासँग कुस्ती

भीमदर्शन भारत बसेर नेपाल आएको। उसका मुक्तक निकै राम्रा थिए। कथा पनि सशक्त छन्। थोरै, तर बेजोड लेख्ने मानिसमा पर्छ। साथीहरू भूपी शेरचन र शंकर लामिछाने मदिराका सौखिन भए पनि उसमा मदिराको लत कहिल्यै परेन। मसँग कुस्ती पथ्र्यो। म वनारसी दाउले खेल्ने, ऊ देहरादुने दाउले। उसले शिक्षकका रूपमा पनि धेरै राम्रो गऱ्यो। महाकविले भन्ने गर्नुहुन्थ्यो- अब भूपी शेरचन, शंकर लामिछाने र भीमदर्शन रोकाले नै साहित्यको बिँडो थाम्ने हो।' न्याय र मानवताका पक्षमा अडिग थियो। 'रातको एक प्रहर बाँकी छ। तीन प्रहरको अन्तिम असर बाँकी छ...' मुक्तक धेरै चर्चित थियो। मलाई यो निकै मनपर्छ।

हिन्दीमा कविता लेख्ने भूपि शेरचन

भूपिसँग पनि लामै संगत रह्यो। ऊ स्वतन्त्र र स्वच्छन्दतावादी। वनारसमा म सात कक्षा पढ्दा ऊ नौ कक्षा पढ्थ्यो। त्यतिवेलै हिन्दीमा बेजोड कविताहरू लेखेर सुनाउँथ्यो। वामपन्थी भएकाले उसले राजा र कांग्रेस फिटिक्कै मन नपराउने। पछिल्लोपटक राजाको विरोध गरेन। कविता लेखनमा नयाँ आयाम प्रवर्द्धन गर्न भूपीको ठूलो भूमिका रह्यो। उसका कविता पढेर धेरैले जीवनमा परिवर्तन महसुस गरेका छन्। भूपिको कविता हृदयमै बस्छ भन्छन्। समाजलाई हेर्ने फराकिलो चेत थियो। मनमा केही कुरा नराख्ने, सबै कुरा साथीहरूसँग सेयर गर्ने। नाचगान र संगीतमा पनि सौख थियो। अझ विशेषगरी शास्त्रीय संगीत उसको सौख थियो। भूपी सबैलाई माया गर्ने, बच्चाहरूलाई अझै बढी माया गर्ने, प्रेमिल स्वभावको थियो। उसको नराम्रो लत मदिरा हो। उसको निधन नेपाली साहित्यका लागि एउटा अपूरणीय क्षति थियो। भूपी अझै धेरै बाँचेको भए नेपाली साहित्य अलग्गै हुने थियो।

छिनमै गीत रच्ने धर्मराज थापा

धर्मराजसँग पनि पारिवारिक सम्बन्ध रह्यो। उहाँ काठमाडौं बस्दा (२०१७ सालको आमनिर्वाचनअघि) हामी सिनेमा हेर्न जान्थ्यौं। एकपटक अनारकली भन्ने फिल्म हेर्न गइएको थियो। त्यतिवेला जयनेपाल चित्रघरको अगाडि त्यस फिल्मको विज्ञापन मज्जाले गुन्जिएको थियो। उहाँले त्यही देखेर तत्कालै गीत रचना गर्नुभयो, 'अनारकली भनी ड्वांग करायो...।' भोलिपल्टै टुँडीखेलमा सुनाउनुभयो। मज्जाको गीत थियो। छिनको छिनमै गीत रचना गर्न सक्ने उहाँको खुबी बेजोड थियो। लोकगीतलाई त्यतिवेला काँठे गीत, पाखे गीत भनिन्थ्यो। तर, उहाँले त्यही गीतलाई लोकप्रिय बनाउनुभयो। माओले मलाई कलम दिँदाको साक्षी उहाँ पनि हो। त्यतिवेला बालकृष्ण सम, चित्तधर हृदयलगायत साहित्यकार पनि हुनुहुन्थ्यो।

व्यंग्यमा क्रान्ति ल्याउने भैरव अर्याल

भैरव अर्याल निकै तेजिलो र फराकिलो सोच भएको मानिस। झ्कारमा तुलसी पवित्र भएजस्तो मानिसमा उहाँ अति पवित्र हुनुहुन्थ्यो। कहिल्यै कसैको कुभलो नचिताउने। उहाँको व्यंग्यमा क्रान्ति छ। हामी वनारस पढ्दा हाथरसी भन्ने कवि निकै चर्चामा थिए। भैरव अर्याल पनि त्यही उचाइको मानिस हुनुहुन्थ्यो। उहाँका रचनालाई हिन्दीमा अनुवाद गरेर राम्रो प्रचार गर्न सकेको भए लोकप्रियता अझै बढ्ने थियो। उहाँले व्यक्तिभन्दा पनि प्रवृत्तिमाथि व्यंग्य गर्नुभयो। जय भुँडीजस्ता कालजयी रचना दिनुभयो। गोरखापत्रको जागिर भ्याएर न्युरोडबाट फर्किंदा महिनामा तीन-चार दिन मेरोमा छिर्नुहुन्थ्यो। तपाईंको घर (कमलपोखरी) हाम्रा लागि ट्रान्जिट हो भन्नुहुन्थ्यो। उहाँसँग रमेश विकल कहिल्यै नछुट्ने, हामी डाडु-पन्यु भन्थ्यौं। रमेश विकलले धेरैलाई कम्युनिस्ट बनाए, तर भैरव अर्याललाई बनाउने प्रयास पनि गरेनन्। अरूका कुरा सुन्ने, रमाइलो गर्ने स्वभाव भए पनि आफ्ना विचारमा सधैं अडिग हुनुहुन्थ्यो। लीलाध्वज थापा, रोचक घिमिरेसँग पनि उहाँहरूको राम्रो संगत थियो। भैरव अर्यालको अल्यापुमै निधन भयो, जो नेपाली साहित्यका लागि अपूरणीय क्षति हो।

सात उपन्यास जसको नेपाली अनुवाद आवश्यक छ

प्रा.डा. अभि सुवेदीको व्यक्तित्व बहुआयामिक छ। निबन्ध, कविता, नाटक, अनुवाद, समालोचनालगायत साहित्यका विभिन्न विधामा उनी सक्रिय छन्। दर्जनौँ पुस्तक अनुवाद गरिसकेका सुवेदी फरक संस्कृति, भूगोल र घटनाक्रममा आधारित पुस्तकले पठन संस्कृति प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउँछन्। 'हामीले अनुवादमा खासै कलम चलाउन सकेका छैनौँ। विश्व-साहित्यका उत्कृष्ट पुस्तकले फरक परिवेश, समाज बुझ्न र फराकिलो दृष्टिकोण निर्माण गर्न सहयोग गर्छन्। यसमा व्यक्तिभन्दा पनि प्राज्ञिक निकायले नै ध्यान दिनुपर्छ,' उनले भने। सुवेदीले नेपाली भाषामा अनुवाद गर्न आवश्यक सात विश्वप्रसिद्ध उपन्यास सुझाएका छन् :

● द हन्ड्रेड इयर्स अफ सोलिट्युड


१९६७ मा प्रकाशित यो उपन्यास कोलम्बियाली लेखक ग्राबियल ग्रासिया मार्क्वेजले लेखेका हुन्। उनले सन् १९८२ मा नोबेल साहित्य पुरस्कारसमेत पाएका थिए। यस उपन्यासले पुस्ता-पुस्ताको कथा बोल्छ। बेजोड कल्पनाशक्तिको प्रयोग गरिएको यो उपन्यास आधुनिक साहित्यको एक उत्कृष्ट नमुना मानिन्छ। यसमा आप्रवासनको कथा, विगत र वर्तमानका जटिलता, छटपटी देखाइएको छ। ल्याटिन अमेरिकी परिवेशमा लेखिएको भए पनि यो उपन्यासका पात्र र उनीहरूको मानवीय संवेदनाले सबैलाई छुन्छ। तसर्थ, धेरै भाषामा अनुवाद भइसकेको यो उपन्यास नेपालीमा पनि अनुवाद गर्न जरुरी छ भन्ने लाग्छ।

● मोन्टो-सेलेक्टेड सर्ट स्टोरिज

सदात मोन्टोले भारत-पाकिस्तान विभाजनको पीडामा आधारित रहेर धेरै कथा लेखेका छन्। सदातले विभाजनलाई एक 'ठूलो त्रासदी' र 'संवेदनहीन पागलपन'का रूपमा व्याख्या गरेका थिए। दक्षिण एसियाली महाद्वीपकै एक दुःखान्त घटनाले निम्त्याएका परिणति (आप्रवासनको पीडा, तत्कालीन भूराजनीति, सिमानाले थोपरेका पारिवारिक दुःख) सदातका कथामा वर्णन गरिएको हुन्छ। उनका कथाहरूको संग्रह 'मोन्टोः सेलेक्टेड सर्ट स्टोरिज' हिन्दीसँगै अंग्रेजी भाषामा उपलब्ध छ। यसलाई नेपालीमा पनि अनुवाद गर्न पाए राम्रो हुने थियो।

● लर्ड अफ द फ्लाइज

नोबेल पुरस्कार विजेता बेलायती लेखक विलियम गोल्डिङको उपन्यास लर्ड अफ द फ्लाइज नेपालीमा अनुवाद हुनुपर्ने अर्को एक पुस्तक हो। यसमा युद्धकालको समय उद्धारका क्रममा महासागरको सुदूर क्षेत्रस्थित टापुमा एक बेलायती हवाईजहाज दुर्घटना भएपछिको काल्पनिक घटनाक्रम देखाइएको छ। मानिस नबस्ने टापुमा फसेका बेलायती केटाहरूको (दुर्घटनामा वयस्कहरू सबै मरिसकेका हुन्छन्) स्वशासनको असफल प्रयाससँगै सामूहिक र व्यक्तिगत सोच, तर्कसंगत र व्यावहारिक सोच तथा नैतिकता र नैतिकहीनताबीचको अन्तर देखाइएको छ। उपन्यासले शक्ति, हिंसा र मानवीय परिस्थितिका विविध पाटाहरू प्रस्तुत गर्छ।



प्रा.डा. अभि सुवेदी

● सङ अफ सोलोमन

अमेरिकी लेखिका टोनी मोरिसनका धेरै पुस्तक उत्कृष्ट छन्। यसमध्ये मलाई 'सङ अफ सोलोमन' निकै मनपर्छ। यो पुस्तकलाई पनि नेपालीमा अनुवाद गर्न जरुरी छ भन्ने लाग्छ। पहिलो उपन्यास 'द ब्लुयेस्ट आई' (यो पनि अनुवाद हुनुपर्ने उपन्यास हो) बाटै चर्चा कमाइसकेकी मोरिसनले 'सङ अफ सोलोमन'मा मिसिगन बस्ने 'मिल्कम्यान डेड' नामक एक अफ्रिकी-अमेरिकी पात्रको बाल्यकालदेखि वयस्क हुँदासम्मको कथालाई प्रस्तुत गरेकी छिन्। परिवारको विगत र आफ्नो पहिचानको खोजीमा रहेका पात्रलाई केन्द्रमा राखेर उपन्यासले पहिचान, परिवार र अश्वेत-अमेरिकीको अनुभव उजागर गरेको छ।

● द टिन ड्रम

टिनको ड्रम ठटाउनुको अर्थ आफ्नो मुद्दामा ध्यान केन्द्रित गराउनका लागि अशान्ति पैदा गर्नु हो। कथाको अजीव पात्र ओस्कर माल्जेरथ (मुख्य पात्र) टिनको ड्रम ठटाएर संवाद गर्न खोज्छ। बाबुले भविष्यमा तरकारी विक्रेता बन्छ भन्ने ठोकुवा गरेको सुनेपछि तीन वर्षको उमेरदेखि नै उमेर नबढ्ने निर्णय गरेको उसको दाबी छ। त्यसैले, ऊ बाहिरी दुनियाँसामु बच्चाजसरी प्रस्तुत हुन्छ। १९५९ मा प्रकाशित यस उपन्यासले बीसौँ शताब्दीको जर्मनीका (दोस्रो विश्वयुद्धताका) जटिल ऐतिहासिक तथा सामाजिक घटनाक्रमलाई जादुयी यथार्थ, व्यंग्य र सशक्त काल्पनिकीमार्फत प्रस्तुत गरेको छ। लेखक गुन्टरग्रासलाई १९९९ मा नोबेल साहित्य पुरस्कार मिलेको थियो।

● पोउ !

चिनियाँ लेखक मोयान मलाई निकै मनपर्छ। उनीसँग भेटेर मैले कुराकानी पनि गरेको थिएँ। उनका उपन्यासमध्ये मलाई 'पोउ !' निकै मनपर्छ। यसको मुख्य पात्र लुओ जियाओतोङ कथा भन्न रुचाउँछ। उसले गुम्बामा बसेर एक भिक्षुलाई आफ्नो बाल्यकालमा हुर्कंदाको कठिनाइ सुनाउन थाल्छ। सन् २००३ मा प्रकाशित यस उपन्यासमा चीनको आधुनिक र ग्रामीण दुवै परिवेश झल्काइएको छ। लेखक मोयानले सन् २०१२ मा नोबेल साहित्य पुरस्कार पाएका थिए।

● अ पर्सनल म्याटर

१९६४ मा प्रकाशित यस उपन्यास व्यक्तिगत जिम्मेवारी र अस्तित्वको संकटमा आधारित छ। आफ्नो नवजात छोराको कठोर मानसिक अपांगताले विचलित एक युवाको आत्मखोज र नैतिक रूपमा अन्योलग्रस्त यात्रालाई यसले दर्शाएको छ। व्यक्तिगत रोजाइ र सामाजिक अपेक्षाबीचको अन्तर यसमा समेटिएको छ। यस उपन्यासका लेखक कान्जाबुरो ओएले १९९४ मा नोबेल साहित्य पुरस्कार जितेका थिए। 'द साइलेन्ट क्राई', 'हिरोसिमा नोट'लगायत ओएका धेरै पुस्तक नेपालीमा अनुवाद गर्न सकिन्छ।

अध्यक्षमा हारेपछि राजालाई गाली गर्नु गल्ती भयो



आत्मसमीक्षा

● कमल थापा
अध्यक्ष, राप्रपा नेपाल

राजनीतिक जीवनमा अरूलाई धेरै जितेको मात्रै सम्झना होला, तर धेरैपटक हारेको छु

बहुदलीय व्यवस्था पुनर्स्थापना भएपछि ०४७ साल जेठ १५ गते राष्ट्रिय प्रजातन्त्र पार्टीको जन्म भयो। जन्मेदेखि नै यी दुइटा शरीर लिएर जन्मियो। एउटा, सूर्यबहादुर थापा नेतृत्वको राप्रपा (थापा), अर्को लोकेन्द्रबहादुर चन्द नेतृत्वको राप्रपा (चन्द)। म थापा नेतृत्वको पार्टीमा संलग्न भएँ। ०४८ सालको चुनाव अलग-अलग लडियो। थापा समूहले एक सिट प्राप्त गऱ्यो, चन्द समूहले तीन सिट जित्यो। थापासहित म आफू पनि पराजित भएँ। त्यसपछि ०४८ साल माघमा दुवै राप्रपा एकीकृत भयो। ०५१ सालका चुनावमा हामीले २० सिट जित्यौँ। त्यतिवेला जब मनमोहन अधिकारी नेतृत्वको नेकपा एमालेको अल्पमतको सरकार ढल्यो, त्यसपछि नेपाली कांग्रेसका नेता शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन भयो र, बहुदलीय व्यवस्था पुनर्स्थापनापछि हामी पहिलोपटक देउवा नेतृत्वको सरकारमा गयौँ। सत्तामा गइसकेपछि राप्रपाभित्रको विवाद चर्किन थाल्यो। जब देउवा नेतृत्वको सरकार पनि ढल्यो, त्यसपछि नेकपा एमालेको सहयोगमा लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा सरकार बन्यो। पछि चन्दको सरकार ढलेपछि कांग्रेसको सहयोगमा सूर्यबहादुर थापा नेतृत्वको सरकार बन्यो। त्यहीवेलादेखि राप्रपामा विवाद झन्झन् बल्झिँदै गयो। यहीक्रममा ०५४ सालमा जब पार्टीको महाधिवेशन वीरगन्जमा भयो, त्यसमा पराजित भएपछि राजेश्वर देवकोटाले फेरि पार्टी विभाजन गर्नुभयो। त्यसपछि क्रमशः जुट्ने र फुट्ने क्रम चलिरह्यो। आधा दर्जनभन्दा बढी राप्रपा टुटफुट भयो। यसमा तीनटा मुख्य कारण देखेको छु। पहिलो, राप्रपाको स्थापना पूर्वपञ्चहरूकै सक्रियता र नेतृत्वमा भएको। र, पूर्वपञ्चहरूले दलीय संस्कार र चरित्र पूर्ण रूपमा आत्मसात् गरिसकेका थिएनन्। बहुदलीय व्यवस्थालाई स्वीकार गरे पनि त्यसको चरित्रलाई आत्मसात् गर्न सकिएको थिएन। दलीय व्यवस्थाको महत्त्वपूर्ण पक्ष दलको अनुशासन हुन्छ। पार्टीभित्र विवाद भए पनि त्यसलाई पार्टीभित्रै समाधान गर्ने प्रयास हुन्छ। तर, हामीकहाँ अलिकति असन्तुष्टि र विवाद हुनेबित्तिकै पार्टी फुटिहाल्थ्यो। दोस्रो कारणचाहिँ सत्ताकेन्द्रित मानसिकता पनि हो। राजनीतिको अभीष्ट भनेकै सत्तामा पुग्नु हो भन्ने मानसिकताका कारण पनि पार्टी विभाजन भयो। तेस्रोचाहिँ नीतिगत मतभिन्नताका कारण पनि पटक-पटक पार्टी विभाजन भयो।

०७८ सालमा मैले राप्रपा नेपाललाई पुनर्जागृत गरेँ। त्योभन्दा अगाडि पार्टीको विभाजनमा मेरो कुनै किसिमको भूमिका रहेन भन्दा हुन्छ। यद्यपि, ०६२ सालमा जब राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासन प्रारम्भ गर्नुभयो, त्यो वेलामा सूर्यबहादुर थापा राष्ट्रिय जनशक्ति पार्टी खोलेर पहिल्यै नै अलग भइसक्नुभएको थियो। मचाहिँ राप्रपाकै मूलधारमा थिएँ। जसको अध्यक्ष पशुपतिशमशेर राणा हुनुहुन्थ्यो। त्यो पार्टीले राजाको कदमलाई साथ दिनेबारेमा विवाद भएको थियो। त्यतिवेला राजाको नेतृत्वको सरकारले घोषणा गरेको स्थानीय तहको चुनावमा सहभागी नहुने निर्णय गरेपछि म, रवीन्द्रनाथ शर्मा र पद्मसुन्दर लावती विधानबमोजिम पार्टीको विशेष महाधिवेशन बोलायौँ। ९० प्रतिशत प्रतिनिधि सहभागी भए। त्यो महाधिवेशनले पशुपतिजीको ठाउँमा मलाई निर्वाचित गराउँदै पार्टीको नेतृत्वमा पुऱ्यायो। त्यतिवेला पार्टी विभाजन थिएन, विधानबमोजिम नै अध्यक्ष मात्रै फेरिएको थियो। बाँकी कार्यसमिति पुरानै थिए। तर, पशुपतिजीले त्यसलाई स्वीकार गर्नुभएन। उहाँले समानान्तर ढंगबाट पार्टी अगाडि बढाउनुभयो र अदालतमा मुद्दा हाल्नुभयो। तर, राजनीतिक परिवर्तन भइसकेपछि हामीले अदालतमा गएर मुद्दा-मामिला गर्न अर्थपूर्ण ठानेनौँ। वैधानिक राप्रपा हामी नै थियो, यद्यपि सैद्धान्तिक विवाद मात्रै भएका कारण हामीले नाम संशोधन गर्ने निर्णय गऱ्यौँ। राप्रपाको पछाडि नेपाल थपेर राप्रपा नेपाल बनायौँ। चुनाव चिन्ह पनि हलोबाट गाई राख्यौँ। यतिवेला पनि हामीले होइन, पशुपतिजीले पार्टी विभाजन गर्नुभएको थियो।

०६२ सालको विशेष महाधिवेशनपछि मेरो नेतृत्वमा जन्मिएको राप्रपा नेपालले ०६४ सालको चुनावमा चार सिट र ०७० सालको संविधानसभाको चुनावमा २५ सिट प्राप्त गऱ्यौँ। ०७२ सालमा हामीले संविधान निर्माणका निमित्त र हाम्रो पार्टी मुख्य एजेन्डा राजसंस्था र हिन्दुराष्ट्र निर्माणका निमित्त हरसम्भव प्रयास गऱ्यौँ। संविधानसभादेखि सडकसम्म निरन्तर दुई वर्ष हामीले संघर्ष गऱ्यौँ। तर, संख्याको कमीले गर्दा हामीले हाम्रो एजेन्डा प्राप्त गर्न सकेनौँ। ०७२ असोज ३ गते संविधान जारी भयो। त्यसपछि नयाँ चुनाव हुने भयो। त्यो नयाँ चुनावमा पार्टीलाई ठूलो बनाउने आकांक्षाका साथ हामीले पशुपतिशमशेर नेतृत्वको राप्रपासँग एकता गर्ने प्रयास गऱ्यौँ। तर, त्यो एकता लामो समय टिक्न सकेन। खासगरी जब प्रचण्ड नेतृत्वको सरकारबाट पार्टी अलग हुने निर्णय गऱ्यो, त्यसपछि दोस्रो संविधान संशोधनको प्रसंग आयो। त्यो संविधान संशोधनको विपक्षमा हामी रहेको कारणले पशुपतिजीले पार्टी फेरि विभाजित गर्नुभयो र राप्रपा प्रजातान्त्रिक जन्मियो। प्रकाशचन्द्र लोहनीले पनि पार्टीबाट अलग भएर राप्रपा राष्ट्रवादी गठन गर्नुभयो।

यद्यपि, यसबीचमा अर्को स्मरणीय कुरा के छ भने १० वर्षसम्म गणतन्त्रमा रहेका, गणतन्त्र घोषणा गर्दा हस्ताक्षर गरेका, धर्मनिरपेक्ष र संघीयतामामा हस्ताक्षर गरेका पशुपतिजी, प्रकाशजीहरूलाई ०७३ सालमा फेरि राजासहितको प्रजातन्त्र, हिन्दुराष्ट्र र स्थानीय स्वायत्त शासनको नीतिमा लिएर आउन म सफल भएँ। नत्र १० वर्षसम्म उहाँहरू अलग नै हुनुहुन्थ्यो।

...अनि पार्टी छाड्न बाध्य भएँ

त्यसपछि ०७७ सालमा फेरि हामी एक भयौँ। पशुपति र प्रकाशजी त्यसअघि नै एक भएर राप्रपा (संयुक्त) बनाउनुभएको थियो। उहाँहरूसँग वार्ता गरेर फेरि हामीले एकता गऱ्यौँ। ०७८ साल मंसिरमा पार्टीको एकता महाधिवेशन भयो। तर, एकता महाधिवेशनमा एकप्रकारले भन्नुपर्दा दुर्घटना नै भयो। मलाई चुनावमा हराइयो। मेरो नाममा खसेको ४७२ मत बदर गरेर मलाई निर्वाचनमा हराइयो। तर, त्यसलाई मैले सहर्ष स्वीकार गरेँ। नवनिर्वाचित अध्यक्ष राजेन्द्र लिङ्देनलाई बधाई र शुभकामना पनि दिएँ। त्यसपछि पार्टीको महाधिवेशनमा निर्मलनिवासको हस्तक्षेप भएको भन्दै त्यसको छानबिनको माग गरेर मैले पार्टी अध्यक्षलाई सम्बोधन गर्दै पत्र लेखेँ।

पार्टीको आन्तरिक मामिलामा दरबारले खुलेआम हस्तक्षेप गर्नु उपयुक्त होइन, यसले पार्टीको राजसंस्थाप्रति मूलभूत मान्यतामा नै आघात पुग्छ, हामीले परिकल्पना गरेको साझा राजाको मान्यतामा नै आघात पुग्छ, त्यसैले यसको निराकरण हुनुपर्छ भनेर पत्र लेखेको थिएँ। पत्रलाई उहाँले रद्दीको टोकरीमा फालिदिनुभयो। केन्द्रीय समितिको बैठकमा केही साथीहरूले आवाज उठाउँदा बोल्न दिनुभयो। त्यसको दुई महिनापछि मैले अर्को पत्र लेखेँ। पहिलो पत्र स्मरण गराउँदै त्यसको निराकरण नभए अप्रिय निर्णय गर्न बाध्य हुने आशामा अर्को पत्र लेखेँ। त्यसको पनि सुनुवाइ भएन। महाधिवेशन सकिएको दुई महिनापछि भेट्न आउँदा पनि अध्यक्ष लिङ्देनज्यूलाई यही कुरा दोहोऱ्याएँ। तर, कुनै सम्बोधन हुने छाँटकाँट नदेखिएपछि मन एकदमै विरक्त भएर मैले ३० वर्षदेखि रगत-पसिना बगाएको पार्टी, ०६३ सालपछि वैचारिक नेतृत्व नै प्रदान गरेको र पार्टीको मूल विचारकै प्रतिवादन गरेको भए तापनि म पार्टीबाट अलग हुन बाध्य भएँ।

मतदान गर्नु गलत थिएन

कतिपयले आफ्नो एजेन्डालाई बिर्सिएर संविधानमा हस्ताक्षर गर्नु भुल भएको आरोप पनि लगाए। संविधानमा हस्ताक्षर गर्ने विषय पार्टीको आधिकारिक निर्णय थियो। खेलका नियमलाई स्वीकार गरेर निर्वाचनमा भाग लिने, आफ्नो एजेन्डालाई स्थापित गर्न हरसम्भव प्रयास पनि गर्ने र त्यो असफल भएपछि त्यसलाई अस्वीकार गर्नु भनेको त प्रजातान्त्रिक चरित्र होइन। राप्रपा नेपाललाई हामीले स्थापना गर्दा फरक एजेन्डा त बोकेका हौँ, तर जनताको सर्वोच्चता र प्रजातन्त्रलाई पनि स्वीकार गरेका हौँ। त्यसकारण, हामी पराजित भए तापनि संविधानसभामा सम्पूर्ण संविधानलाई अन्तिम निर्णयार्थ प्रस्तुत गर्दा त्यसको विपक्षमा भोट हाल्ने २५ जना राप्रपा नेपालका सांसदहरू मात्रै थियौँ। यसरी सबै प्रक्रिया भएपछि संविधानलाई अस्वीकार गर्ने भन्ने कुरा आउँदैन।

फेरि अर्को महत्त्वपूर्ण पक्ष के हो भने संविधानसभाले तयार गरेको संविधानको पहिलो मस्यौदामा संघीयता, गणतन्त्र र धर्मनिरपेक्ष अपरिवर्तनीय हुनेछ भनेर लेखिएको थियो। तर, हाम्रै प्रयासले 'राष्ट्रिय स्वतन्त्रता र सार्वभौमसत्ताबाहेक सबै विषय परिवर्तन गर्न सकिने' भनेर लेखायौँ। जनताको अभिमत प्राप्त गरेपछि संशोधन गर्न सकिने अधिकार प्राप्त भयो। त्यसकारण संविधान संशोधनको विपक्षमा मत हाल्नु हाम्रो गल्ती थियो भन्ने मलाई लाग्दैलाग्दैन।

साप्ताहिक राशिफल

१३ माघ (शनिबार) - १९ माघ (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद्। मो : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको सुरुवातबाटै अध्ययन तथा अध्यापनमा समय बढी नै लगानी गर्नुपर्ने देखिन्छ। प्रेममा मनमुटाव आउने योग रहेकाले केही सावधानी अपनाउनु पर्नेछ। बुधबारदेखि दैनिक कार्यमा प्रगति हुनेछ। सेयर बजार तथा वित्तीय संस्थाबाट लाभ मिल्नेछ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

यो साता नयाँ कार्यको जिम्मेवारी प्राप्तिको योग रहेको छ। अनावश्यक खर्च तथा महत्त्वपूर्ण सर-सामान हराउने समय चलेकाले विशेष सतर्कता अपनाउनु पर्नेछ। धर्मकर्म, परोपकार, समाजसेवाजस्ता कार्यमा मन पनि लाग्नेछ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

विनाप्रतिस्पर्धा फाइदा हुने योग रहेको छ। यो साता सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। पारिवारिक साथ-सहयोग र समर्थन मिल्नेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। वैदेशिक कार्य र आम्दानी बढाउने काम सुरू गर्न सकिनेछ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

सेयर बजारमा लगानी हुनेलाई फाइदा हुने गरी साता प्रारम्भ भएको छ। रोकिएका घरायसी तथा अन्य काममा उन्नति र प्रगतिको वातावरण बन्नेछ। वैदेशिक क्षेत्रको कार्य अघि बढ्नेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ, तर भूमिबाट भने नोक्सानी हुन सक्छ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

शत्रु पक्ष हाबी हुन सक्ने योग छ। नयाँ साथीसँगको भेटघाटले मन प्रफुल्ल रहला। प्राविधिक र वैदेशिक कार्य अघि बढ्नेछ। रोकिएका अधुरा काम पूरा हुनेछन्। साताको अन्त्यमा विघ्नहर्ता गणेशजीको स्मरण गरी गरेको कार्यबाट अधिक सफलता मिल्नेछ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

विशिष्ट व्यक्तिको साथ पाइनेछ। सामाजिक क्षेत्र र नोकरीबाट मान-सम्मान मिल्नेछ। अधुरा र आँटेका कार्य पूरा हुनेछन् । धनार्जनका नयाँ स्रोत पत्ता लाग्नेछन्। साताको अन्त्यमा सेयर बजारमा गरेको लगानीले राम्रै प्रतिफल दिने संकेत मिल्नेछ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

मनमा हर्ष र उमंग र उत्साह छाउने साता रहेको छ। लामो तथा व्यवसायी यात्राका लागि उत्तम समय रहेको छ। वैदेशिक क्षेत्रबाट राम्रो हुनेछ, व्यापार र व्यवसाय पनि फस्टाउनेछ। साताको अन्त्यमा आर्थिक कारोबारमा मन्दी आउनेछ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

यो साता रोकिएका अधुरा कार्य पूरा हुनेछन्। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। साताको अन्त्यमा स्वास्थ्यमा समस्या आउन सक्छ। व्यस्तता बढ्नुका साथै सामान हराउन सक्नेछ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

साताको प्रारम्भमा सेयर बजार तथा व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ। दैनिकी काम सहजै सम्पन्न हुनेछन्। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ। शुभकार्यको योजना पनि बन्नेछ। शुभकर्म गर्नुपूर्व शिवजीको दर्शन गरी कार्य आरम्भ गर्दा अधिक सफलता मिल्नेछ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

गरेका कामबाट राम्रै लाभ हुनेछ। घरमा अतिथिको आगमन हुनेछ। विपरीत वर्गबाट विशेष सहयोग मिल्नेछ। नयाँ काम वा रोजगार पाइनेछ। मनोरञ्जनमा सहभागिता भइएला। स्वादिष्ट परिकारको अवसर मिल्नेछ। साताको अन्त्यमा आकस्मिक धनलाभको योग छ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

सहयोगी हातहरू अघि बढ्नेछन्। नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ। सामाजिक क्षेत्र र राजनीतिक कार्यमा सफलता मिल्नेछ। बिहीबार र शुक्रबार गलत निर्णय लिन पुगिएला, सावधानी अपनाउनु पर्नेछ। साताको अन्त्यमा सेयर बजारले भने राम्रो प्रतिफल नदिने संकेत देखिन्छ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

यो साता राजनीतिक कार्यमा सफलता मिल्नेछ। शुभ र मंगल कार्यको योग रहेको छ। प्रेम र मित्रताको बन्धन कसिने वेला शुभवेला रहेको छ। शुभकार्यको चर्चा चल्ने र सरुवा-बढुवाको योग छ। साताको अन्त्यमा अनावश्यक ठाउँमा धन खर्च हुने समय रहेको छ


कुर्ने आदत

कविता



रिमा केसी

कहिले–
बाउको लासले चितामा छोरोको दागबत्ती कुर्छ
कहिले–
छोराको बाटो हेरिबसेको बाउले त्यही छोरोको लास कुर्छ
आँसु भरिएका आमाका धमिला आँखाले–
दिव्य मुस्कानसहितको सन्तानको अनुहार कुर्छ
हिजो गर्भमै छोडिएको शिशुले आज अन्जान बाबुसँग
नाना र चाचा कुर्छ
सिउँदो रंग्याएर हिँडेको परदेशी घर फर्किएर
प्रियसीसँगै जीवन काट्ने समय कुर्छ
माला र खादा भिरेर हाँसेर बिदाइ गरेको विमानस्थलले
सुट्केसँगै निदाएर फर्किएको रातो बाकस कुर्छ



> वास्तवमा मैले परिकल्पना गरेको राजसंस्था एउटा आदर्श राजसंस्था थियो । संविधान र राजनीतिभन्दा माथि उठेको सबैको साझा राजसंस्था । माओवादीदेखि राजासम्म अटाउने नेपाली संस्करणको मौलिक प्रजातन्त्र हुनुपर्छ भन्ने मेरो मान्यता हो । त्यो मान्यता राख्ने व्यक्तिकै पार्टीको आन्तरिक मामिलामा जब राजाको सचिवालयको प्रत्यक्ष हस्तक्षेप रहन्छ, मेरो मान्यतामा त कुठाराघात भयो नि । त्यही कारण मेरो चित्त दुखेको हो ।

> पार्टीले निराकरण नदिएपछि अलग भएको हुँ । यसमा आत्मालोचनाको कुरा गर्नुहुन्छ भने त्यो अवधिमा भएका घटना सत्य हुन् । तर, राजा या राजसंस्थाको विरुद्धमा जुन किसिमबाट तीखो प्रहार गरेँ, त्यो उपयुक्त थिएन भन्ने अहिले आत्मबोध भएको छ, त्यो सैद्धान्तिक निष्ठाविपरीत पनि भयो ।

...अनि मैले महाधिवेशनमा हारेँ

एउटा राजावादी पार्टीको महाधिवेशनमा स्वयं राजाले नै हुकुम भएको छ भनेर राजाका सचिवहरूले खुलेआम रूपमा 'राजाको चाहना कमल थापालाई जसरी भए पनि हराउनु' भन्ने सन्देश प्रवाह गरेपछि पार्टीका कार्यकर्ता स्वाभाविक रूपमा प्रभावित भए । तर, त्यति हुँदाहुँदै म जम्मा दुई सय भोटले हारेको छु । मलाई भोट हालिएर ४७२ मत त बदर भएको अहिले पनि ब्यालेट खोलेर हेर्दा भेटिन्छ । यद्यपि, राजा या दरबार किन मेराविरुद्धमा लाग्यो, मैले अहिलेसम्म बुझेको छैन ।

म जन्मजात राजावादी । राजसंस्थाप्रतिको निष्ठामा म कहिल्यै पनि विचलित भएको छैन । सारा देश गणतन्त्रमय भएको वेला टाउकोमा कफन बाँधेर, ज्यान हत्केलामा राखेर, मेरो घरमा दुईदुईपटक बम राखिएको अवस्थामा, सामाजिक रूपमा बहिष्कार र राजनीतिक रूपमा निषेध गरेको अवस्थामा पनि म राजाको एजेन्डा बोकेर हिँडेँ । मलगायत व्यक्तिहरूलाई कहिल्यै चुनाव लड्न नपाउने भनेर कानुनसम्म बनाइएको थियो तैपनि यो एजेन्डा छाडिनँ । कैयौँ ठाउँमा कुटाइ खाएको छु, रगत बगेको छ । त्यस्तो व्यक्तिलाई दरबारका सचिवहरू किन हराउन लागिपरे, त्यसको जवाफ मैले अहिलेसम्म पाउन सकेको छैन ।

महाधिवेशन हुनु दुई-तीनअघि नै मेराविरुद्ध लागेको जानकारी पाएपछि मैले सचिवहरूलाई 'राजाको सचिवजस्तो मान्छे होटेल-होटेलमा गएर यस्तो हुकुम भएको छ भनेर भन्ने काम राम्रो भइरहेको छैन,' भनेर सचेत गराएको थिएँ । म महाधिवेशनमा बैठक सञ्चालन गरिरहेकै वेला मेरोछेउमा बसेका एकजना वरिष्ठ नेताको मोबाइलमा राजाको सचिवको फोन आएको त मलाई नै देखाउनुभएको थियो । 'कति फोन गर्छन्, हेर्नुस् न' भन्दै उनले मलाई देखाएका थिए । यद्यपि, अहिले म यो विषयमा धेरै चर्चा गर्दिनँ । इतिहासको तितो अनुभवका रूपमा लिएको छु । फेरि पनि भन्छु, मजस्तो जन्मजात राजावादीलाई मेरो राजनीतिक जीवन नै समाप्त गर्नलाई जुन किसिमबाट प्रहार भयो, त्यसको कारणचाहिँ मैले बुझेको छैन ।

राजालाई गाली गर्नु गल्ती भयो

एकता महाधिवेशनमा राजेन्द्र लिङ्देनसँग अध्यक्षमा पराजय भएपछि म राप्रपा नेपालको नेतृत्वमा पुगेँ । त्यतिवेला सञ्चारमाध्यमसँग अन्तर्वार्ता दिने क्रममा मैले 'राजसंस्था पुनर्स्थापना हाम्रो पार्टीको एजेन्डा हुनेछैन' भनेँ । करिब एक वर्ष राप्रपा नेपालको त्यही नै नीति रह्यो । वास्तवमा मैले परिकल्पना गरेको राजसंस्था एउटा आदर्श राजसंस्था थियो । संविधान र राजनीतिभन्दा माथि उठेको सबैको साझा राजसंस्था । माओवादीदेखि राजासम्म अटाउने नेपाली संस्करणको मौलिक प्रजातन्त्र हुनुपर्छ भन्ने मेरो मान्यता हो । त्यो मान्यता राख्ने व्यक्तिकै पार्टीको आन्तरिक मामिलामा जब राजाको सचिवालयको प्रत्यक्ष हस्तक्षेप रहन्छ, मेरो मान्यतामा त कुठाराघात भयो नि । त्यहीकारण मेरो चित्त दुखेको हो । मान्यतामा आघात पुगेपछि यसको निराकरण पार्टीबाट खोजेँ । तर, पार्टीले निराकरण नदिएपछि अलग भएको हुँ । यसमा आत्मालोचनाको कुरा गर्नुहुन्छ भने त्यो अवधिमा भएका घटना सत्य हुन् । तर, मैले राजा या राजसंस्थाको विरुद्धमा जुन किसिमबाट तीखो प्रहार गरेँ, त्यो उपयुक्त थिएन भन्ने मलाई अहिले आत्मबोध भएको छ । त्यो मेरो सैद्धान्तिक निष्ठाविपरीत पनि भयो ।

सत्ताकेन्द्रित आरोप

म र म नेतृत्वको राप्रपालाई सत्ताकेन्द्रित भएको र त्यही कारण राजसंस्था र हिन्दुराष्ट्र स्थापनाको एजेन्डा कमजोर भएको आरोप लाग्यो । कमल थापा र थापाले नेतृत्व गरेको राप्रपा सत्ताकेन्द्रित भयो, जुनसुकै सरकारमा पनि मौका पाउनेबित्तिकै गइहाल्छ भन्ने बुझाइ जनतामाझ पर्न गएको सत्य हो । यसको नैतिक जिम्मेवारी मैले लिनुपर्छ । प्रकारान्तरणले त्यो आरोपमा सत्यता पनि छ । तर, भित्री कुराचाहिँ राप्रपा नेपाल मैले स्थापना गर्दा सिद्धान्तनिष्ठ पार्टीका रूपमा वैचारिक विकल्पको रूपमा नै निर्माण गरेका हुँ । पञ्चायतका वेला राजाको विश्वासमा म मन्त्री भएँ । बहुदलीय व्यवस्था आएपछि ०५२ सालमा शेरबहादुर देउवा नेतृत्वमा धेरै सिनियर नेता हुँदाहुँदै पार्टीबाट मलाई मन्त्री बनाइयो ।

०७२ साल असोज ३ गते संविधान जारी भएपछि त्यसको केही दिनमा म हेटौँडा पुगेँ । एमाले अध्यक्ष केपी शर्मा ओलीले फोन गरेर मलाई तुरुन्तै काठमाडौँ बोलाउनुभयो । काठमाडौँ फर्किएपछि ओलीजीको घरमा विद्या भण्डारीसहितको उपस्थितिमा उहाँसँग मेरो दुई राउन्ड कुराकानी भयो । उहाँले त्यतिवेला 'देश गृहयुद्धको सँघारमा जस्तो छ । भारतले आर्थिक नाकाबन्दी लगाएको छ । मधेशकेन्द्रित दलहरू आन्दोलनको आगो बालिरहेका छन् । पूर्वका जिल्लाहरूमा पृथक्वादीले हिंसात्मक गतिविधि मच्चाइरहेका छन् । यो स्थितिमा तपाईंजस्तो राष्ट्रवादी पार्टीको राष्ट्रवादी नेता सरकारमा आउनुपर्छ,' भन्नुभयो । त्यतिवेला प्रचण्ड नेकपाको अध्यक्ष हुनुहुन्थ्यो । उहाँले मलाई घरमा बोलाएर भन्नुभयो- 'मलाई भारतीय विदेशसचिव एस. जयशंकर आएर यो संविधान जारी गर्‍यौं भने तिमीहरूले यसको सजाय भोग्नेछौं । भारतको सहयोग नभएको भए अहिले तिमीहरू जेलमा सडिएका हुन्थ्यौ । अहिले हामीले भनेको यति मान्दैनौ भने यसको सजाय तिमीहरूले भोग्छौ भनेर धम्की दिएर जानुभयो । कहिलेसम्म यो धम्की सहने ? त्यसैले तपाईं-हामी राष्ट्रवादी शक्ति मिलेर एकपटक देशलाई जुरुक्कै उठाऊ ।

त्यसपछि पार्टीमा सल्लाह भएपछि हामी सरकारमा जान तयार भयौं । फेरि संयोगवश मधेशकेन्द्रित दल र भारत दुवैसँग वार्ता गर्न बनेको समितिको संयोजक मलाई नै बनाइयो । नेपालको स्वाभिमानमा एक इन्च पनि आँच आउन नदिईकन हामीले भारतले लगाएको नाकाबन्दी खुलाउन सफल भयौं र मधेशको आन्दोलन पनि मत्थर पार्न सफल भयौं । त्यसपछि ओलीको सरकारलाई विस्थापित गर्न स्वयं प्रचण्ड प्रयोग हुनुभयो । प्रचण्डज्यूले पनि मलाई सरकारमा आउन आग्रह गर्नुभयो । तर, त्यो मलाई ठीक लागेन । मैले मानिनँ । सत्तालिप्त भएको भए त त्यतिवेला पनि मान्थेँ होला । र, उहाँ प्रधानमन्त्रीमा उम्मेदवार हुँदा उहाँको विपक्षमा मतदान गरेँ ।

'प्रचण्ड नेतृत्वको सरकारमा नगएको भए हुन्थ्यो'

अहिले पाटीको नेतृत्वमा रहेका साथीहरू एउटै नाम गरेका पार्टीहरू सडकमा रहँदा कसरी चुनाव जित्ने दाइ भनेर दबाब दिएपछि ०७३ सालमा अगाडि राप्रपा लेखिने तीनवटै पार्टीबीच एकता भयो । त्यसपछि प्राविधिक गल्ती नै भनौं, पटक-पटकको दबाबपछि प्रचण्ड नेतृत्वको सरकारमा हामी जान तयार भयौं । र, सत्तापक्ष भयौं । यसमा मेरो आत्मालोचना छ- त्यतिवेला म आफैं उपप्रधानमन्त्री बनेर जानुपर्छ भन्ने जरुरी थिएन । तर, अहिले राप्रपाको नेतृत्वमा रहेकै साथीहरूले- 'अरू जाँदा हामीलाई उपप्रधानमन्त्री पनि दिँदैनन्, तपाईं गएजस्तो मन्त्री भए पनि उनीहरू छाउँदैनन्' भन्दै उचाले । मलाई पनि 'होजस्तो' लाग्यो । म गएँ । तर, अहिले म एकदमै आत्मालोचना गर्छु, यो मेरो गल्ती थियो । त्यो सरकारमा गएको दिनदेखि नै मलाई गाह्रो भएको थियो । यद्यपि, प्रचण्डज्यूले माया नै गर्नुभएको थियो । त्यतिवेला विमलेन्द्र निधिले वरीयताको बखडा निकालिरहँदा उहाँले कमलजी तपाईंभन्दा सिनियर हो भनेर प्रस्ट भनिदिनुभएको थियो ।

त्यहीवेला निर्वाचन आयोगले राप्रपाको विधानबाट हिन्दुराष्ट्र र राजसंस्था हटाइदियो । हामीले आन्दोलन सुरु गर्‍यौं । म मन्त्री भएकाले सहभागी हुने कुरा थिएन । तर, बहादुर भवनअगाडि जब प्रहरीले लाठी चार्ज गर्‍यो, मैले निजी गाडी मागेर बरु सरकार छोडिदिन्छु भनेर आन्दोलनमा सहभागी भएँ । त्यही दिन बेलुका प्रचण्डज्यूले निर्वाचन आयोग प्रमुखलाई फोन गरेर निर्णय सच्याउन लगाउनुभयो । त्यसपछि हामी सरकारमा होल्ड भयौं । केही दिनपछि काँग्रेस र माओवादीले हामीलाई थाहै नदिईकन तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीको विरुद्धमा महाभियोग दर्ता गर्‍यो । त्यसपछि हामीले सरकार छोड्यौं । पशुपतिजीहरू तयार हुनुहुन्थेन । त्यसको केही समयपछि संसद्मा संविधान संशोधनसम्बन्धी प्रस्ताव थियो । हामीले विपक्षमा मतदान गर्ने निर्णय गर्‍यौं । त्यसपछि फेरि पार्टी विभाजित भयो । त्यसपछि बसेको राप्रपाको केन्द्रीय समितिको बैठकले औपचारिक रूपमै प्रचण्ड नेतृत्वको सरकारमा जानु राप्रपाको गम्भीर राजनीतिक भुल हो ।

यहीकारण मलाई सत्ताकेन्द्रित भएको आरोप गणतन्त्रवादीहरूले त लगाए-लगाए, तर त्योभन्दा बढी राजावादीहरूले लगाए । त्यसपछि ०७६ सालमा पार्टी एकता हुँदा चुनाव चिह्न गाई नै थियो । एकता भएको तीन महिनापछि उहाँहरूले चुनाव चिह्न परिवर्तन गरेर हलो नराख्ने भयो भने हामी मान्दैनौं भन्नुभयो । तैपनि, मैले अड्डी कसेको थिएँ । तर, अहिले नेतृत्वमा रहेका भाइहरूले नै चिह्नले फरक पर्दैन भनेर दबाब दिएपछि म अन्तिममा मान्न तयार भएँ । पछि मेराविरोधीहरूले मलाई गाई बेच्यो, हिन्दुराष्ट्रको एजेन्डा बेच्यो, पटक-पटक सरकारमा गयोजस्तो आरोप लगाए र एकता महाधिवेशनमा मलाई हराए । केही हदसम्म मेराविरुद्ध भ्रम सिर्जना गर्न यो हतियारले काम गरेको छ ।

धेरैपटक हारेको छु

म खेलकुदमा सानैदेखि रुचि राख्ने मान्छे । फुटबल हुँदै टेनिससम्मको राम्रो खेलाडी । तर, राजनीतिको खेलकुदसँग कुनै तुलना हुँदैन । मेरो अनुभवमा खेलकुद पारदर्शिता र अनुशासनसँग जोडिएको खेल हो, राजनीतिचाहिँ फोहोरी खेल नै हो । मेरो चरित्र निर्माणमा खेलकुदको ठूलो योगदान छ । यसले मलाई 'स्पोर्ट्समयान स्पिरिट' सिकाएको छ । हारलाई पनि सहज रूपमा स्वीकार गर्न सक्ने चरित्र मैले यसबाटै सिकेको हो । खेलकुदमा हारजित स्वाभाविक हो, मेरो राजनीतिक जीवनमा पनि अरूलाई धेरै जितेको मात्रै सम्झना होला, तर म धेरैपटक हारेको नै छु । तर, त्यो पराजयलाई सहर्ष स्विकार्न खेलकुदले नै सिकाएको हो । तर, अभ्यासपछि फेरि जित्न सकिन्छ भन्ने पनि यसबाटै सिकेँ । त्यसैले राजनीतिमा जतिपटक हार्छु, फेरि मिहिनेत गरेर जितेको पनि छु । निरन्तर रूपमा राष्ट्रिय राजनीतिको केन्द्रमा रहनसक्नुमा खेलकुदले सिकाएको यही 'स्पिरिट'ले पनि काम गरेको छ भन्ने लाग्छ ।

प्रस्तुति : **अनिल यादव**

संगीतमा साहित्य खोज्ने गायक



अभिच्युअरी



राजु सिंह, संगीतकार

सपना भुलाई सारा आँसु पिएर जाऊ
मन्दिरमा छ तिम्रै तस्बिर लिएर जाऊ...

योगेश वैद्य यो गीतसँगै कालजयी भएर गुन्जिरहनुहुनेछ । यो गीतमा शिव अधिकारीको शब्द र नातिकाजीको संगीत छ । उहाँको थोरै रेकर्डेड गीतमध्ये यो सबैभन्दा चर्चित गीत हो । उहाँको 'मेरो आँसुमा नहाँसे,' 'नेपाल मेरो उपहार भो'लगायतका गीतहरू लोकप्रिय छन् । उहाँका नेपाल भाषाका गीत 'जय नमो सिरि बुद्ध भगवान्' र 'जिमि यःम्ह थौ जिथाय् वइ' लोकप्रिय छन् ।

एक दिन गायक योगेश वैद्य संगीतकार नातिकाजीको कोठामा पुग्नुभएछ । त्यसवेला नातिकाजीको टेबलमा एउटा कागज देख्नुभएछ । त्यस कागजमा गीत लेखिएको थियो- सपना भुलाई सारा... । कसको हो भन्ने थाहा थिएन उहाँलाई । त्यो गीत मन पराउनुभएछ । उहाँले नातिकाजीलाई 'मलाई यो गीत मन पऱ्यो दाइ म गाउँछु,' भन्नुभएछ । नातिकाजीले पनि गीत पढेर लय बनाउनुभयो । त्यसपछि नातिकाजीले योगेशलाई भोलिपल्ट आउनू भन्नुभएछ । भोलिपल्ट नातिकाजी स्टुडियोमा जानुभएछ । त्यसपछि उहाँले गीतको धेरैपटक अभ्यास गर्नुभयो । चार-पाँच घन्टामा यो गीत तयार भएको कुरा सुनाउनुहुन्थ्यो । त्यसपछि उहाँलाई यही गीतले चिनायो ।

> योगेश वैद्य साहित्यविना संगीत बाँच्दैन, संगीतविना साहित्य बाँच्दैन भन्नुहुन्थ्यो । सधैँ साहित्य र संगीत परिपूरक हो भन्नुहुन्थ्यो । उहाँसँग बस्दा संगीतको युनिभर्सिटीमा बसेको महसुस हुन्थ्यो ।

उहाँ गीत गाउनुअघि महिनौ अभ्यास गर्नुहुन्थ्यो । गीत कन्ठस्थ पारेर आउनुहुन्थ्यो । गीतलाई डुबेर गाउँनुहुन्थ्यो । गीतको भाव आवाजमा भर्न सक्ने खुबी उहाँमा थियो । उहाँमा साहित्यप्रति बढी झुकाव भएर पनि हुन सक्छ, त्यसैले उहाँ गीत डुबेर गाउँनुहुन्थ्यो । शब्दको भावलाई पूर्ण उच्चारण गर्नुहुन्थ्यो । उहाँ गीतमा एकदमै डुब्न चाहनुहुन्थ्यो । एउटा गीत गाउनुपऱ्यो भने महिनौसम्म अभ्यास गर्नुहुन्थ्यो ।

नेपाली संगीत राम्रो हुनुपर्छ भन्ने उहाँको सधैँ जोड थियो । उहाँले प्राय भन्नुहुन्थ्यो- वास्तविक संगीत गर्ने स्रष्टाहरू कहिल्यै बहकिनु हुँदैन । गीत-संगीतमा स्रष्टाको पनि दायित्व हुन्छ । गीत-संगीत आज हिट भयो भने त्यसको असर इतिहासमा कस्तो हुन्छ ? त्यो विचार गर्नुपर्छ ।

नेपाली गीत-संगीतमा उहाँको अतुलनीय योगदान छ । उहाँ नारायणगोपाल, प्रेमध्वज प्रधान, फत्तेमानलगायतको समकालिन हुनुहुन्थ्यो । मैले पनि उहाँसँग सहकार्य गर्ने अवसर पाएँ । निर्देशक यादव खरेलको शब्द र उहाँको आवाजमा मैले संगीत भरेको छु । मैले उहाँको गीतमा वाद्यवादकको रूपमा पनि काम गर्ने अवसर पाएको थिएँ । मैले उहाँको गीतमा संगीत ऐरेन्ज गर्न पाएँ । उहाँको त्यो गीत रफ टोनमा पनि फाइनलजस्तै भएको थियो । गीतप्रति उहाँको लगाव धेरै थियो । संगीतका कर्डस्, नोटहरू पूरै याद गर्नुहुन्थ्यो ।

साहित्यविना संगीत बाँच्दैन, संगीतविना साहित्य बाँच्दैन भन्नुहुन्थ्यो । उहाँ सधैँ साहित्य र संगीत परिपूरक हो भन्नुहुन्थ्यो । उहाँसँग बस्दा संगीतको युनिभर्सिटीमा बसेको महसुस हुन्थ्यो । भारतीय गायक महमद रफीको डाइहर्ड फ्यान हुनुहुन्थ्यो । उहाँले गीत मात्रै गाउनुहुन्नथ्यो, गीतबारेमा गहन अध्ययन पनि गर्नुहुन्थ्यो । गीतको राग र ताल सबै कुराको चासो राख्नुहुन्थ्यो । त्यसैले पनि उहाँलाई गीत छान्न निकै समय लाग्थ्यो । गीतकार नातिकाजी र शिवशंकर अधिकारीको मात्रै धेरै गीत गाउनुभयो । एउटा गायकमा धेरै जिम्मेवार हुनुपर्छ भन्नुहुन्थ्यो । गायकमा राष्ट्रिय दायित्व पनि हुनुपर्छ, भन्नुहुन्थ्यो । उहाँ समयको कालखण्डलाई बुझेर हिँड्ने गायक हुनुहुन्थ्यो ।

उहाँ आँखा चिम्लिएर, हात फिँजाएर गाउनुहुन्थ्यो । गीत र शब्द चिन्न उहाँलाई समय लाग्थ्यो । उहाँ धेरै गीत गाउने गायक होइन । थोरै छानिएका गीत गाउनेमध्येको गायक हुनुहुन्थ्यो । उहाँले जीवनको अन्त्यसम्म पनि आफूलाई गाह्रो छ भन्ने महसुस गर्नुभएन । गीत-संगीतलाई सेवा गरिरहनुभयो । संगीतकार सुरेन्द्र श्रेष्ठले भनेअनुसार उहाँ घरमै रेकर्डिङ स्टुडियो बनाउने योजनामा हुनुहुन्थ्यो । नयाँ पुस्ताका गीतकारलाई हौसला दिनुहुन्थ्यो । उहाँका गीतहरू पाइपलाइनमा अझै छन् ।

उहाँबाट धेरै कुरा सिक्न सकिन्थ्यो । उहाँका वजनदार आवाजमा अझै धेरै गीत नेपाली संगीतप्रेमीले सुन्न सक्थे । गायनमा मात्रै नभएर उहाँमा संगीतमा पनि पर्याप्त ज्ञान थियो । उहाँको स्वर एउटा हार्मोनियममा मात्रै गाए पनि राम्रो सुनिन्थ्यो । उहाँको जस्तो मखमली आवाजमा धेरै गीत रेकर्ड गर्न सकिन्थ्यो । उहाँले स्वास्थ्यका कारण लामो समय कसैलाई भेट्नुभएन । तर, उहाँको संगीतप्रतिको लगाव भने कम थिएन । उहाँले गरेका कामबाट हाम्रा पुस्तालेधेरै कुरा सिक्नुपर्छ । जीवनको अन्त्यसम्म पनि नेपाली संगीतको स्तरीयताका लागि उहाँले सधैँ पहरेदारको भूमिका खेल्नुभयो । उहाँसँगको हरेक भेटमा केही न केही सिक्न पाइन्थ्यो । आवाजअनुसार उहाँको व्यक्तित्व थियो । उहाँका रिलिज नभएका सिर्जना र साहित्य बाहिर ल्याउनुपर्छ । राज्यले उहाँको सिर्जना ल्याइदिए अझ राम्रो हुन्थ्यो ।

प्रस्तुति : **पवन बराइली**

यता मेरो देश छ–
जसले सधैँ रेमिट्यान्स मात्र कुर्छ
आर्यघाटले महिनौदेखि कफिनमा सडेको लास कुर्छ
सरकारले सत्ता र भोट मात्र कुर्छ
नेताले सधैँ कुर्सी र चिल्ला नोट मात्र कुर्छ
यो सरकारले कुर्न मात्रै जानेको छ
हिम्मत किन गर्दैन देश बनाउन ?
हिजो बम्बईका कोठीमा बेचिन्थे चेलीबेटी
आज कालो सरकारले खाडीतिर मान्छे बेच्ने व्यापार गर्छ
नेपालमा बस्नु र बिदेसिनु
बहुलाउनु र मर्नुका पर्याय बनेका छन्
मान्छे कि बहुलाएर आत्महत्या गर्छ
कि बेरोजगारीको साङ्लोले बाँधिएर खाडीमा मजदुरी गर्छ
विदेशको दास बनेको छ मान्छे !

यो देशमा अब कहिले पुरिएला अभावको खाडल ?
कहिले अन्त्य होला भोकको आन्दोलन ?
कहिले सकिएला गरिबीको संघर्ष ?
कहिले समाप्त होला बेरोजगारीको पीडा ?
अनि,
कहिले खत्तम होला
अन्याय, अत्याचार, बलात्कार र हिंसाका घटना ?

परिवारका थोरै सपना, थोरै रहर, थोरै खुसी
र सुनौलो भविष्यको मीठो कल्पना र
आशा बोकेर गएका युवा
आज एक-एक गर्दै फर्किरहेछन् हरेक दिन लास बनेर ।

जवाफ दे सरकार !
यसको जिम्मा कसले लिन्छ ?
देश बोकेर परदेसिएका युवाहरू सपना पूरा गर्न
आफ्नै देश फर्किने दिन कहिले आउँछ ?

तामाङ समुदायको पीडा बुझ्न 'मासिन्या' हेर्नुपर्छ



५ प्रश्न | बुद्धि तामाङ
निर्देशक तथा अभिनेता

नेपाली रंगमञ्च र सिनेमाका लोकप्रिय कलाकार हुन्, बुद्धि तामाङ । रंगमञ्चबाट सिनेमा क्षेत्रमा प्रवेश गरेका उनलाई अभिनयमा भ्याइनभ्याइ छ । चलचित्र 'कबड्डी'मा उनले प्रयोग गरेको 'हैट' थेगो निकै चर्चित छ । उनी निर्देशित नाटक 'मासिन्या' शुक्रबारदेखि मण्डला थिएटरमा मञ्चन भइरहेको छ । निर्देशक तामाङसँग 'मासिन्या'को सेरोफेरोमा रही सञ्जीव योञ्जनले पाँच प्रश्न गरेका छन् :

'मासिन्या' नाटकलाई दर्शकले किन हेर्ने ?

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतायुक्त देश हो । विभिन्न जातजातिको आ-आफ्नै भाषा, संस्कृति छ । यसैमध्ये तामाङ समुदायको कथामा आधारित नाटक हो 'मासिन्या' । तामाङ समुदायको विशेषगरी पाँचवटा सामाजिक नायक हुन्छन्-ताम्बा, गान्बा, चोहो, बोन्बो, लामा । यीमध्ये बोन्बो संस्कृतिलाई कथा भन्ने माध्यम बनाएर यो नाटक बनाएका छौं ।

भनेपछि संस्कृतिको पाटोलाई नाटकमा देखाउन खोज्नुभएको हो ?

संस्कृति मात्रै छैन, समुदायभित्र लुकेको पीडा बुझ्न 'मासिन्या' हेर्नैपर्छ भन्ने लाग्छ ।

नाटकले समाजलाई दिन खोजेको खास सन्देश के हो ?

नाटकमार्फत हाम्रो समाजको कथा भन्ने कोसिस गरेका हौं । मैले भन्नुभन्दा पनि नाटक हेरेपछि दर्शक आफैंले बुझ्नुहुन्छ । समाजमा कुनै पनि स्वरूपका कला महत्त्वपूर्ण हुन्छन् । समाजका लागि कला एउटा गतिलो अनुभूतिको माध्यम पनि हो । सिनेमा, नाटक र संगीतजस्ता विधाहरूले समाज परिवर्तन गर्न प्रभावकारी भूमिका खेल्न सक्छ । 'मासिन्या'ले समाजलाई यही नै सन्देश दिन्छ भनेर ठोकुवा गर्न सकिन्न । किनकि कलालाई हेर्ने सबैको आ-आफ्नै दृष्टिकोण हुन्छ । यतिचाहिँ भन्न सकिन्छ, आर्टमार्फत तामाङ समुदायको कथा भन्न खोजेका हौं । नाटकमा सीमान्तकृत समुदायको भोगाइ प्रतिबिम्बित भएको देख्न सकिनेछ ।

तपाई लामो समयदेखि फिल्ममा व्यस्त हुनुहुन्छ । व्यस्त समयलाई थाती राखेर नाटक निर्देशनमा फर्किनुभयो । नाटक निर्देशन गर्दा र फिल्ममा कलाकारको रूपमा अभिनय गर्दा के फरक पाउनुभयो ?

म आफूलाई कलाकारको रूपमा उभ्याउँछु । निर्देशनचाहिँ जसोतसो मात्रै गर्छु । निर्देशक बन्न दूरदर्शी सोच चाहिन्छ भन्छन् । यी कुरा आफूसँग छैन जस्तो लाग्छ । मैले यसअघि नाटक निर्देशन गर्न कथा नभेटेको पनि होइन । तर, निर्देशन गर्नु र अभिनय गर्नुमा धेरै अन्तर हुन्छ । निर्देशक भनेको सबै पक्षमा नेतृत्व गर्नु हो ।

> तामाङ समुदायको पाँचवटा सामाजिक नायक हुन्छन्- ताम्बा, गान्बा, चोहो, बोन्बो, लामा । यीमध्ये बोन्बो संस्कृतिलाई कथा भन्ने माध्यम बनाएर यो नाटक बनाएका छौं ।

तपाई नाटक र फिल्ममध्ये कुनमा बढी रमाउनुहुन्छ ?

नाटकमा चाहिँ कम काम गर्छु भन्ने टिप्पणी पनि छ । तर, यसअघि मैले दुईवटा नाटक निर्देशन गरिसकेको छु । अब वर्षमा दुईवटासम्म नाटकमा काम गरौं भन्ने लागेको छ । यसपटक 'मासिन्या'को काम संयोगले गर्न पाएँ । निर्देशन गर्नु र अभिनय गर्नु फरक भए पनि काम गर्ने एउटै हो । त्यसैले पनि सँगै लैजाऊँ न भन्ने लाग्छ । मैले सिनेमामा धेरै काम गरेँ । दर्शकले मलाई मन पराइरहनुभएको पनि छ । तर, सिनेमामा भन्दा नाटकमा काम गर्दा बढी सन्तुष्ट हुन्छु । लामो समय नाटकमै काम गरेको भएर पनि हुन सक्छ । सिनेमाभन्दा बढी नाटकमा नै रमाउँछु ।

विभेद सहन नसकेर कलेज बंक गरेँ

सिके राउत अहिले जस्ता छन्, कलेजका दिनमा त्यस्तै थिएनन्। जीवनमा दायाँबायाँ केही थिएन, पढाइमा घोटिनुबाहेक। होस्टेलबाट सीधै कक्षा जाने, ध्यान दिएर पढ्ने-सुन्ने, भोक लागे एक्लै क्यान्टिन जाने अनि अधिकांश समय लाइब्रेरीमा बिताउने। पारिवारिक जिम्मेवारीबोधका कारण पनि जीवनमा केही बन्नुपर्छ भन्ने हुटहुटी थियो उनमा। यद्यपि गाउँबाट कलेज पढ्न काठमाडौं छिरेपछि उनको कलेज लाइफ सोचेजस्तो सहज भने भएन। विभेद भोग्नुपऱ्यो। हाल जनमत पार्टीका अध्यक्ष रहेका राउतले अनिल यादवसँग **यसरी सम्झिए कलेजका ती दिन :**



कलेजका दिन

सिके राउत, अध्यक्ष, जनमत पार्टी

०५१ सालमा एसएलसी पास भएपछि म गाउँबाट बुबाले दिएको एक हजार रुपैयाँ लिएर ओभरसियर पढ्न काठमाडौं आएँ। पुल्चोक इन्जिनियरिङ क्याम्पसमा प्रवेश परीक्षा दिएँ। सहजै नाम निकालेँ। नाम निकालेपछि भर्ना हुन १५ सय रुपैयाँ लाग्थ्यो। त्यो रकम मसँग थिएन। ललितपुरको ठैब भन्ने ठाउँमा मेरो गाउँका केही दाइ मजदुरी गर्थे। म त्यहाँ पुग्दा मजदुर दाइले मलाई भनेका थिए- 'हामीले त पढ्न सकेनौं, तर तिमीले राम्रो गरेका छौ त्यसैले हार नखानू, राम्रोसँग पढ्नू। सकेको हामी गरौंला।' भर्ना हुने रकम कतैबाट जोहो गर्न नसकिरहेका बेला मैले उहाँहरूको त्यो वचन सम्झिएँ। तुरुन्तै त्यहाँ पुगेँ। आफ्नो समस्या सुनाएपछि त्यहाँ एकजना दाइले तुरुन्तै खल्तुके फुटाएर १५ सय रुपैयाँ दिए। त्यो दिन फेरि काठमाडौंमा हडताल थियो। गाडी बन्द भएकाले म हिँड्दै वीरहस्पिटल नजिकैको डेरामा पुगेँ। भर्ना हुने अन्तिम दिन थियो त्यो। त्यसैले कोठाबाट सर्टिफिकेट लिएर हतारहतार भर्ना गर्न पुल्चोक पुगेँ। भोकले आकुल भएको थिएँ, अरूलाई सर्टिफिकेट थमाएर रुख फेदमुनि केही खाएँ। त्यसपछि भर्ना भएँ।

कलेजको पहिलो वर्ष मेरा लागि निकै सकसपूर्ण रह्यो। राम्रोसँग नेपाली बोल्न आउँथेन। त्यसैले मुख खोल्यो कि कक्षामा साथीहरू गलल हाँस्थे। अंग्रेजी माध्यममा पढाइ हुन्थ्यो। त्यसमा पनि अभ्यस्त हुनुपर्ने। तराईको रहनसहन पनि यहाँभन्दा फरक, मलाई देखेर अरू हाँस्थे। उतातिर चप्पल लगाएर हिँड्दा हुन्थ्यो, यहाँ जुत्ता लाउनुपर्ने। अरूभन्दा फरक व्यवहार गरेको महसुस भएपछि म पहिलो वर्ष कलेजमा 'एड्जस्ट' हुन सकिनँ। जहाँ जाँदा पनि ह्यारेस गर्ने ! क्यान्टिन गयो, त्यहीं ह्यारेसमेन्ट, कक्षाकोठामा गयो, त्यतै ह्यारेसमेन्ट। 'भैया', 'धोती'सम्म भन्ने ! अर्कै ग्रहको मान्छेजस्तै ठान्ने ! त्यही भएर होला, मलाई पढ्न खासै मन लागेन। त्यसैले कलेज बंक गरेर म्युजियमहरू चहार्थें। बाँसबारीमा गाउँकै दाइले खोलेको सैलुन थियो, कहिले कलेज बंक गरेर त्यहीं पुग्थें। धेरैजसो कलेज बंक गरेका कारण पहिलो वर्ष परिणाम पनि खासै राम्रो आएन। त्यत्तिकै एक दिन सैलुनको दाइले 'खाली यहाँ बसेर हुन्छ, कलेज जानुपर्दैन' भनेर गाली गरेपछि त्यहाँ पनि जान छोडेँ।



बुबाको त्यो पत्र

त्यतिबेला हातमा फोन हुन्थेन, त्यसैले हरेक महिना बुबा र मबीच हस्तलिखित पत्र आदानप्रदान हुन्थ्यो। म काठमाडौंबाट एकजना गाउँको हाईस्कुलको टिचरको नाममा पत्र पठाउँथेँ। उहाँले स्कुल लानुहुन्थ्यो। स्कुलबाट गाउँको मान्छेले घरसम्म पुऱ्याइदिन्थ्यो। बुबाले मासिक खर्च आठ-नौ सय रुपैयाँ त्यही पत्रमा राखेर पठाइदिनुहुन्थ्यो। मेरो पहिलो वर्षको परिणामबारे जानकारी दिएपछि बुबाले राम्रोसँग पढ् भनी अर्को पत्र पठाउनुभयो। त्यसपछि म फेरि गम्भीर भएँ। साथीहरूले जे भने पनि, जसरी हेरे पनि, मैले 'इग्नोर' गर्न सिकेँ। जति उडाए पनि केही भनिनँ, बस् मुस्कुराएर टारिदिएँ। दोस्रो वर्ष म पढाइमा टपर भएँ। त्यसपछि सबैले सम्मान गर्न थाले। डिप्लोमाको अन्तिम अर्थात् तेस्रो वर्ष पनि म टपर नै भएँ।

ममा इन्जिनियरिङ पढ्ने चेतना पहिल्यैदेखि थियो। डिप्लोमाको अन्तिम वर्षमा पुग्दादेखि नै बिएस्सी पढ्नुपर्छ भन्ने थियो। बिएस्सीको प्रवेश परीक्षामा प्रायः आइएस्सीको प्रश्न आउँथ्यो। त्यसैले प्रवेश परीक्षा पास गर्न कोचिङ क्लास लिने चलन थियो। त्यतिबेला चारजनाले एकैपटक भर्ना गर्दा एकजनाले फ्री पढ्न पाइने अफर थियो। हामी चारजना साथी एकैपटक जाने योजना बनायौं। कोचिङका लागि चार हजार चाहिन्थ्यो। मैले बुबालाई चार हजार पठाइदिन पत्र लेखेर खाममा हालिसकेको थिएँ। तर, पत्र पठाउने-नपठाउने खुब असमञ्जस भयो। बुबाले जसोतसो महिनामा नौ सयदेखि हजार त पठाउनुहुन्थ्यो, त्यसमाथि यत्रो पैसा मागे कहाँबाट पठाउनुहोला भन्ने भयो। त्यसकारण खाममा सिल गरेको पत्र पनि पठाइनँ। त्यसपछि साथीहरू तीनजना मात्रै कोचिङ गए, म छुटेँ। कोचिङ भर्ना नपाउँदा मनमा इख बस्यो।

कक्षामा म टपर भएका कारण मैले इन्जिनियरिङको 'इन्ट्रान्स' दिन्छु भन्ने धेरैको अनुमान थियो। मलाई भने नदिए डराएर भाग्यो भन्लान् भन्ने पिर। त्यसैले पैसा नभए नपढौंला, तर नामचाहिं निकालौंला भनेर होस्टेलबाटै प्रवेश परीक्षाको तयारी थालेँ। निकै मिहिनेत गरेर पढ्न थालेँ। एक त ओभरसियरको पढाइ, सँगसँगै इन्जिनियरिङको तयारी। दबाब धेरै थियो। हरेक बिहान दुई-तीन बजेतिर उठेर लगातार ९ बजेसम्म पढ्थेँ। एकछिन खाना खान जान्थेँ। फर्किएर फेरि पढ्थेँ। लगातार सात महिना यसरी नै तयारी गरेपछि परीक्षा दिएँ। फाइनल्ली, मेरो नाम टप फाइभभित्र निस्कियो। त्यसपछि त कोचिङ नपढी नाम निकालेको भनेर सबैले तारिफ गरे। म त सेलिब्रेटीजस्तै भएँ। पुल्चोककै विद्यार्थीले यसरी नाम निकाल्यो भनेर कलेजका दाइहरूले पनि खुब प्रशंसा गरे।

तर, पास भएर पनि धेरैबेर खुसी हुन सकिनँ। उही पैसाकै चिन्ता। भर्ना हुनलाई चार-पाँच हजार कहाँबाट ल्याउने ? नाम निकालेको पहिलो दिन अरूले भर्ना गरेको हेरेरै फर्किएँ। सबैले भर्ना भयौ भनेर सोध्थे। म मुसुक्क हाँस्दै 'छैन' भन्थेँ। यत्तिकैमा एक रात दीपककुमार साहलगायत मेरा साथी भर्ना गरे-नगरेको सोध्न राति मेरो कोठामा आइपुगे। मैले भर्ना नगरेको थाहा पाएपछि भोलिपल्टै पाटन कलेजको प्रोफेसरसँग ऋण मागेर पैसा ल्याइदिए। त्यो दिन पनि काउन्टर बन्द हुने बेला अन्तिम समयमा गएर मैले भर्ना गरेको मलाई अझै सम्झना छ। मसँग सेन्ट जेभियर्सजस्ता टप स्कुलबाट पढेर आएका साथीहरू थिए, तर पनि कलेजमा म सधैं टपर भएँ।

बिएस्सी तेस्रो वर्षमा भने म अलि साथीहरूमाझ खुल्ने भइसकेको थिएँ। मेरो अन्तर्मुखी स्वभाव, बहिर्मुखीमा परिणत भइसकेको थियो। यतिसम्म कि योभन्दा अघिसम्म विद्यार्थी राजनीतिमा मलाई कुनै रुचि थिएन। न विद्यार्थीको चुनावमा म भोट हाल्न नै जान्थेँ। तर, तेस्रो वर्षमा भने मैले इन्जिनियरिङ विद्यार्थी संगठनको अध्यक्ष पदमा स्वतन्त्र उम्मेदवारी दिएँ। साथीहरूले 'तँ टपर होस्, उठ्नुपर्छ' भनेपछि म पनि 'हो त नि' भन्दै उठिदिएँ। तर, त्यो त चुनाव थियो, म स्वतन्त्रले कसरी जित्नु ! नमिठोसँग पराजित भएँ (हाँस्दै)।

ऋतिक रोशन काण्डले मलाई बदल्यो

टपर भएका कारण साथीहरूले मलाई कलेजमा सम्मान दिन थालिसकेका थिए। म पनि 'ओपन'हुन थालेको थिएँ। गीत-संगीतमा रमाउन थालेको थिएँ। तर, त्यो खुसी पनि धेरै लामो समयसम्म टिक्न सकेन। सन् २००२ मा ऋतिक रोशन काण्ड आएपछि मेरो त्यो सम्मान एकाएक हरायो। त्यतिबेला ऋतिक रोशनको पहिलो फिल्म 'कहो ना प्यार हे' रिलिज भएको थियो। यो फिल्मले असाध्यै चर्चा कमाइरहेका बेला चितवनको एक स्थानीय पत्रिकामा 'भारतीय अभिनेता ऋतिक रोशनले एक अन्तर्वार्तामा नेपाललाई होच्याएर बोले, नेपाल र नेपाली मन पर्दैन भने' भनेर आधारहीन खबर छापेको थियो। त्यो खबर रातारात भुसको आगोझैं यसरी फैलियो कि मधेशीमाथि आक्रमण नै सुरु भयो। ऋतिकको त्यो अपुष्ट अभिव्यक्तिलाई लिएर काठमाडौंमा मधेशीहरू ताल्चा लगाएर कोठाभित्रै लुक्ने स्थितिसम्म बन्यो। होस्टेलमा बसेर पढिरहेको मलाई पनि पहाडी मूलका साथीहरूसँग भेट्न डरमर्दो स्थिति भयो। एक दिन कलेजको क्लास जाने क्रममा भऱ्याङमै मेरा केही सहपाठीले मलाई घेरे, नानाथरी रंगभेदी गाली गरे। म उम्केर भाग्न खोजेँ, फेरि समातेर घेरे। तिनीहरू तिनै साथी थिए, जो अरू वेला मसँग क्यान्टिन, लाइब्रेरी र क्लासमा एउटै टेबलमा बस्थे, म टपर भएका कारण मसँग नोटहरू सार्न आउँथे। यो घटनापछि नै मैले मधेश र मधेशीप्रतिको अरूको बुझाइ र विभेदलाई झन् गहिरोसँग महसुस गरेँ। यो घटनापछि नै म मानसिक रूपमा मधेश विद्रोहमा होमिएको हुँ। 'कलेजको अन्तिम वर्षभरि म लो प्रोफाइलमै बसेँ, कमै देखिन्थेँ, कमै बोल्थेँ, कतै जान्थेँ। कहिलेकाहीं आवेगमा पनि आउँथेँ। त्यतिबेला म कोठामा एक्लै बस्थेँ, मेरो रुममेट आफ्नो परिवारसँग बाहिरै बस्न थालेको थियो। कहिलेकाहीं त्यही पुराना साथीसँग बस्ने कोसिस गर्थेँ। तर, दंगाताका मैले देखेको तिनीहरूको दानवता सम्झिँदा झस्किन्थेँ। म आफ्नो ढोका प्रायः छेस्किनी लगाएर बन्द राख्थेँ,' यो प्रसंग मैले मेरो पुस्तक 'वैराग्यदेखि बचावसम्म'मा पनि लेखेको छु।

एकोहोरो प्रेम

'थर्ड इयर'मा पुग्दा म अलि खुल्नुको एउटा कारण प्रेम पनि थियो। अर्थात्, म आफूभन्दा दुई ब्याच जुनियर एक युवतीलाई मनपराउन थालेको थिएँ। उनीप्रति बिस्तारै आकर्षण बढेको थियो। म स्पष्ट स्वभावको मान्छे। उनले मलाई मनपराउँछिन् या पराउँदिनन्, त्यो जान्न नपाउँदा गाह्रो भयो। कहिले हो जस्तो लाग्ने, कहिले होइन। देखभेट भइरहने। ऊ जता जाने, म त्यतै पुग्ने। म जता जाने, ऊ पनि त्यतै आइपुग्ने। सहयोग पनि गरिरहने। साथीभाइले पनि जिस्काउने। त्यसैले मलाई माया गर्छिन् जस्तो लाग्ने। तर, 'कन्फर्म' नभएपछि एक दिन मैले मुख खोलेरै सोधेँ- 'मप्रति आकर्षण हो कि होइन ?' उनले त सीधै होइन भनिदिइन्। मनमा चिसो पनि पस्यो। सायद आकर्षण मात्रै थियो। धेरै 'ब्रेक' त भइनँ। ऋतिक रोशन काण्ड, त्यसपछि उनको 'नो', मलाई फेरि परिवर्तन हुन समय लागेन। मभित्रको अन्तर्मुखी स्वभाव फेरि फर्कियो। अहिले पनि साथीभाइ भेट हुँदा त्यो प्रेम भनौं या आकर्षण, सम्झाउने गर्छन्। सम्झिँदा रमाइलो लाग्छ।

> ऋतिक रोशनको त्यो अपुष्ट अभिव्यक्तिलाई लिएर काठमाडौंमा मधेशीहरू ताल्चा लगाएर कोठाभित्रै लुक्ने स्थितिसम्म बन्यो। होस्टेलमा बसेर पढिरहेको मलाई पनि पहाडी मूलका साथीहरूसँग भेट्न डरमर्दो स्थिति भयो। एक दिन केही सहपाठीले घेरे, नानाथरी रंगभेदी गाली गरे। उम्केर भाग्न खोजेँ, फेरि समातेर घेरे। ती तिनै साथी थिए, जो अरू वेला क्यान्टिन, लाइब्रेरी र क्लासमा सँगै बस्थे, टपर भएका कारण मेरा नोटहरू सार्न आउँथे।

विदेशको कलेज लाइफ

म सात वर्ष पुल्चोकको होस्टेलमा बसेर कलेज पढेँ। तितामिठा दुवै पल भोग्दै बिएस्सी सकेँ। त्यसपछि छात्रवृत्तिमा जापान पुगेँ। विदेशको कलेज लाइफ भने नेपालको भन्दा साह्रै कष्टकर भयो। एक त त्यहाँको भाषाका लागि संघर्ष। अर्को म भेज भएकाले खानाका लागि संघर्ष। मासु नमिसाएको खाना त हत्तपत्त पाइँदै नपाइने। जेमा पनि माछामासु हालेकै हुने। यद्यपि त्यहाँ यसैगरी तीन वर्ष बिताएँ। त्यसपछि पिएचडी गर्न जापानबाट क्याम्ब्रिज युनिभर्सिटी गएँ। पिएचडी गर्न साढे तीन वर्ष लाग्यो। क्याम्ब्रिजको कलेज लाइफ त्यहींका साथीका लागि रमाइलो थियो, तर मेरा लागि भएन। खाने, पिउने, रमाइलो गर्ने ठाउँ पनि थियो। पार्टीहरू पनि हुन्थ्यो। तर, म कहिल्यै सहभागी भइनँ। भए पनि मुस्किलले वर्षमा एकपटक। धेरैजसो डिपार्टमेन्टमै पढेर बिताएँ। पहिलो त मेरो स्वास्थ्य अवस्था ठीक नभएर पनि होइन। अर्को कुरा, म पढ्दापढ्दै नेपाल फर्किएर मागी बिहे गरेँ।

काठमाडौंमा हुँदै मधेशीमाथि विभेदले मलाई मानसिक रूपमा विद्रोही बनाइसकेको थियो। म मधेश र मधेशीमाथि इतिहासका पुस्तकहरू खोजीखोजी पढ्न थालिसकेको थिएँ। जब जापान पुगेँ, मधेशसम्बन्धी सूचना, आलेखहरू राखेर मधेश डटकम अनलाइन नै चलाएँ। न्युज पोर्टलजस्तै चलेको थियो त्यतिबेला। अमेरिका पुग्दासम्म म गोप्य नाममा मधेशका मुद्दामाथि लेखसम्म लेख्न थालेको थिएँ। त्यतिबेला मेरो गोप्य नाम थियो- 'आजाद'। अन्तर्राष्ट्रिय मिडिया, नेपाली मिडिया सबैतिर लेख छपाएँ।

साथीहरू छुटे, उनीहरूले सुनाएका जोक छुटेनन्

कलेज पढ्दासम्म मेरो कसैसँग दुस्मनी भएन। जति गाली गर्दा पनि मुस्कान मात्रै दिने भएकाले सबै साथी नै भए। छुट्टिँदासम्म विनोद, अच्युतलगायत केही साथी अलि नजिक भए। समयसँगै साथीहरू छुटे होलान्, तर उनीहरूले पिकनिकमा गितार बजाउँदै, आगो ताप्दै सुनाएका जोकहरू म अहिले पनि सम्झन्छु। एकपटक हामी पालुङमा पिकनिक जाँदा भिरमा अड्किएको याद छ। न माथि चढ्न सक्ने, न ओर्लन सक्ने त्यो भिर देखेर डर लागेको थियो। जिन्दगीमा हजारौं जोक सुनियो होला, टिकटकमा पनि हेरियो होला। तर, कसैलाई सुनाउनुपर्दा त्यो पिकनिकको दौरान साथीहरूले सुनाएको जोक नै याद आउँछ। त्यहाँ सुनेका जोक नै म अहिले पनि अरूलाई सुनाउने गर्छु।

लैंगिकता



निष्ठा गौतम

काममा जानुअघि महिलाले पाठेघर हटाउनुपर्ने हो ?



म यो लेख गहिरो व्यक्तिपरक आवाज र भावमा लेख्न बाध्य छु। एक माननीय मन्त्रीले 'महिनावारी हुने महिला'को रूपमा आफ्नो 'व्यक्तिगत विचार' सेयर गर्न चाहेकाले म केबल अर्को 'महिनावारी हुने महिला'को रूपमा उक्त विचारको प्रतिक्रिया दिँदै छु।

म एक महिनावारी महिलाको रूपमा पनि लेख्छु, जसले आफ्नो १५ वर्ष लामो जागिरे जीवनमा महिनावारीकै कारण एक दिन बिदा लिएकी छैन। मैले 'पेड पिरियड लिभ' अर्थात् महिनावारी बिदाको भुक्तानी नमागेकोमा पुरस्कार पाउनुपर्छ। मेरो महिनावारीको अवधि केही सुखद भए पनि वास्तवमा ती घातक छन्। तैपनि, मैले मेरो महिनावारीको पहिलो बिहान हाफ म्याराथन दौडेँ। मैले गाउँ-गाउँ घुमेकी छु, हिमाल आरोहण गरेकी छु, जंगलमा पदयात्रा गरेकी छु, उपत्यकामा साइकल चढेकी छु र महिनावारीले आघात हुँदा अस्थायी सेनेटरी सामग्री प्रयोग गरेकी छु। मसँग अनावश्यक सोचबारे क्लिनिकल निदान छ, मेरो घरेलु संघर्ष सरसफाइका बारेमा मात्र हो। मेरो वरपरका मानिसलाई मेरो शारीरिक गन्ध (मुख, काखी, खुट्टा र महिनावारी)को अधीनमा त राखेकी छैन भनेर म बारम्बार चिन्तित छु। जब म महिनावारी हुन्छ, मेरो सरसफाइसम्बन्धी चिन्ता उत्कर्षमा पुग्छ। जे होस अगाडि बढ्नुअघि केही अनौठा चिजको खुलासातर्फ जाऔं।

यो सरसफाइको कुरा होइन। यो एक गम्भीर स्वास्थ्य चिन्ता हो। हो, प्रायः ठट्टा गरिएको र अत्यधिक मेमिफाइड (तस्बिर, भिडियो तथा पाठको अंश, जुन सामान्यतया हास्यपूर्ण हुन्छ र यसलाई इन्टरनेट प्रयोगकर्ताले नक्कल गरेर छिटो फैलाउने गर्छन्) गरिएको विषय हो मासिक धर्म। जब हामी सरसफाइजस्ता शब्दहरू प्रयोग गर्छौं, दायित्व सहज रूपमा पीडित व्यक्तिको थाप्लोमा थोपरिन्छ। जे भए पनि महिनावारीलाई सफा र साहसका साथ व्यवहार नगर्ने तर त्यसका लागि तलब बिदाको माग गर्न पर्याप्त हकदार महसुस गर्नुमा महिला जिम्मेवार छन्। आखिर यो नारीको अस्तित्वको अंश हो। त्यस तर्कले यौन उत्पीडन पनि महिलाको अस्तित्वको एक हिस्सा हो। के हामीले समानताको नाममा आँखा चिम्लिएर यसलाई 'अवरोध' होइन भन्ने ?

के महिलाले कार्यबलमा सामेल हुनुअघि आफ्नो पाठेघर हटाउनुपर्ने हो ? तपाईं उत्पादकता चाहनुहुन्छ ? यहाँ उत्पादकता छ। विडम्बनाको कुरा के छ भने यो मानिसको त्यही समूह हो, जसले बच्चा नजन्माउने निर्णय गरेकोमा महिलालाई राक्षस बनाउँछ। प्रजननविनाको उत्पादकताले महिलालाई सम्मान गर्दैन।

मूलतया, महिलाहरूले चुपचाप बच्चा जन्माउन र हुर्काउन आवश्यक छ। एक सक्षम वातावरणबारे कहिल्यै चिन्ता नगर्नुहोस्। किनभने यो असमर्थता होइन ! छोराछोरी नभएकोजस्तो काम गर्नुहोस्, काम नभएको जस्तो आमा बन्नुहोस्। केही पनि नमाग्नुहोस्, किनकि यसले समानताको ठेलागाडीलाई घोप्टो पार्नेछ। सम्झनुहोस्, यो एक बाधा होइन !

हामी यस्तो देशमा बस्छौं, जहाँ महिनावारी स्वास्थ्य सबैभन्दा खराब अवस्थामा छ। अनौपचारिक क्षेत्र महिलाका लागि सक्रिय हत्या क्षेत्र जस्तै हो, जहाँ शौचालय, सफा पानी वा मासिक धर्मका सामग्री प्रयोग गर्न गोपनीयताको पहुँच कम छ। अर्कोतर्फ, कर्पोरेट जगत्ले आफ्नो चम्किलो नारीवादी अभियानसँगै महिलालाई प्रतीकात्मक रूपमा मार्छ।

प्रसूति बिदा, बाल हेरचाह बिदा, कामको सिलसिलामा सुरक्षित यात्रा, काम गर्ने सुरक्षित वातावरण वा यौन उत्पीडनको सामना गर्ने संयन्त्र माग गर्दा महिलालाई सूक्ष्म रूपमा दण्डित गरिन्छ। हो, आवधिक श्रमशक्ति सर्वेक्षणले देखाएअनुसार श्रमशक्तिमा महिला सहभागिता सन् २०१७ को ३६.९ प्रतिशतबाट बढेर सन् २०२२-२०२३ मा ४२.४ प्रतिशत पुगेको छ। तर, स्वरोजगार उद्यम (पारिवारिक काम, कृषि आदि) वा राष्ट्रिय ग्रामीण रोजगार सुनिश्चितताअन्तर्गतको कार्यमा संलग्न ग्रामीण महिलाहरूको संख्या ठूलो छ। धेरै महिलाले कर्पोरेट जगत्लाई आफूविरुद्ध देखिरहेका छन् र उपर्युक्त रूपमा छाड्ने निधो गरिरहेका छन्।

> मानव जातिलाई जीवित राख्नु महिलाको मात्र जिम्मेवारी होइन। किनभने, प्रजननलाई 'महिलाको अस्तित्वको अंश'को रूपमा मात्र हेरिन्छ, पुरुषहरू सजिलैसँग यसबाट अप्रभावित हुन सक्छन्, जबसम्म तिनीहरूले कुनै न कुनै रूपमा लाभ उठाउन सक्दैनन्।

मातृत्वको जैविक भार किन बोक्ने ? यस प्रक्रियाको उपहास र खिल्ली उडाइए पनि मानव जातिलाई जीवित राख्नु महिलाको मात्र जिम्मेवारी होइन। किनभने प्रजननलाई 'महिलाको अस्तित्वको अंश'को रूपमा मात्र हेरिन्छ, पुरुषहरू सजिलैसँग यसबाट अप्रभावित हुन सक्छन्, जबसम्म तिनीहरूले कुनै न कुनै रूपमा लाभ उठाउन सक्दैनन्।

प्रजननलाई हेर्ने यो पितृसत्तात्मक सोचका कारण महिलाको दैनिक कामकाजमा उल्लेखनीय रूपमा बाधा पुऱ्याउने डिसमेनोरिया (महिनावारीको समयमा बारम्बार दुखाइ) पाठेघरको क्यान्सर, हर्मोनल असन्तुलन, आदिलाई गम्भीर स्वास्थ्य चिन्ताको रूपमा हेरिएको छैन।

पोस्टपार्टम डिप्रेसन (बच्चा जन्माएपछि सुत्केरी महिलामा हुने डिप्रेसन) अझै पनि एक पौराणिक कथा हो। 'मुडी', 'कमजोर', वा 'खराब आमा'जस्ता विशेषणद्वारा सजिलै व्याख्या गर्न सकिन्छ भने किन दिक्कलाग्दो विज्ञानमा जाने ? धेरै अवस्थामा यस्ता 'कमजोर' महिलाको निन्दा गर्ने महिला नै सबैभन्दा निर्दयी हुन्छन्।

मैले जागिर छाड्दा मेरो बिदाको भुक्तानी रकम मेरो मासिक तलबभन्दा बढी थियो। पिरियड लिभको कुरा बिर्सनुहोस्, मैले विवाह बिदा पनि लिइनँ र डिसेम्बरमा लामो सप्ताहन्तमा विवाह गर्ने निर्णय गरेँ। कम्प्युटर स्क्रिनमा हेर्दै र अफिसमा मेरो डेस्कमा एक टन मिठाइ अर्डर गर्दै मैले मेरो महिनावारीका सबैभन्दा खराब दिनहरू सामना गरेकी छु। मेरो रोजगारदाता भुक्तान बिदाको विचारको विरुद्धमा भएकाले मैले त्यसो गरेको होइन। (वास्तवमा म एकपटक अफिसमा धेरै ढिलो पुगेँ र मालिकलाई म अबेरसम्म सुतेकाले ढिलो भएको बताएकी छु। मैले यसका लागि दण्ड पाएकी छैन।) मैले शारीरिक र मानसिक पीडामा काम गरिरहेँ, किनभने हाम्रो सामान्य कार्य संस्कृतिले कुनै पनि प्रकारको कमजोरीलाई सजाय दिन्छ। हामी महिला सधैं सबै कुराको शीर्षमा हुनुपर्छ, चाहे हाम्रो शरीर र दिमाग यसमा सक्षम होस् वा नहोस्।

धार्मिक वा धर्मनिरपेक्ष व्यासपीठबाट बोलिने कुराहरूले दूरगामी परिणाम दिन्छन्। जब हामी सःशुल्क महिनावारी बिदाको विरुद्धमा बहस गर्छौं, हामी महिलालाई कार्यबलमा स्थिर स्थान पाउन अझ गाह्रो बनाउँछौं। र, महिनावारी भएका महिलाहरूले बहस गर्दा यो अझ खराब हुन्छ।

(गौतम भारतीय लेखक हुन्। भारतीय समाचार संस्था एनडिटिभीमा प्रसारित यो सामग्री सुभाष शर्माले अनुवाद गरेका हुन्।)

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार १३ माघ ०८०

ग्रिन हाइड्रोजन युगको सुरुवात

कार्बन उत्सर्जन नियन्त्रण र वार्षिक करिब तीन खर्ब रुपैयाँको पेट्रोलियम खपतलाई कम गर्न बिजुलीको प्रयोग बढाइएको छ, यही वेला सरकारले ग्रिन हाइड्रोजन नीति लागू गरेर पर्यावरण संरक्षणमा ठोस पहलकदमी लिएको छ

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले ग्रिन हाइड्रोजनको उत्पादन तथा सहउत्पादन गर्ने उद्योगहरूलाई विभिन्न सुविधा दिने भएको छ। आयकरमा छुट तथा भन्सार शुल्कदेखि विद्युत्मा सहुलियत दिने गरी सरकारले हाइड्रोजन नीति, २०८० मार्फत यस्तो योजना ल्याएको हो।

गत ३ माघको मन्त्रिपरिषद् बैठकले ग्रिन हाइड्रोजन नीति पारित गरिसकेको छ। सोही नीतिमार्फत सरकारले ग्रिन हाइड्रोजनको उत्पादन र सहउत्पादन गर्ने उद्योगलाई छुट तथा सहुलियत दिने घोषणा गरेको हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सन्दीपकुमार देवको संयोजकत्वमा बनेको कार्यदलले त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, एसियाली विकास बैंक, वेस्टर्न मिचिगन विश्वविद्यालयलगायतको प्राविधिक सहयोगमा ग्रिन हाइड्रोजन नीतिको मस्यौदा बनाएको थियो। सोही मस्यौदालाई मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले स्वीकृत गरेको हो।



काठमाडौं विश्वविद्यालयले आविष्कार गरेको ग्रिन हाइड्रोजनबाट चल्ने कार देखाउँदै हाइड्रोजन ल्याब प्रमुख विराजसिंह थापा। तस्बिर : नयाँ पत्रिका

ग्रिन हाइड्रोजन नीतिले हाइड्रोजन उत्पादन, भण्डारण, ढुवानी, प्रयोग, अनुसन्धान तथा विकास, पूर्वाधार निर्माण, मापदण्ड तथा गुणस्तर, सुरक्षा, अनुगमन तथा नियमन, क्षमता विकास, सार्वजनिक सचेतना, अन्तर्राष्ट्रिय सहकार्य र लगानीलाई समेटेको छ।

ग्रिन हाइड्रोजनको उत्पादन र सहउत्पादन गर्ने उद्योगहरूलाई निश्चित अवधिका लागि आयकरमा छुट दिने घोषणा गरिएको छ। उद्योग स्थापनाका लागि आवश्यक उपकरण आयात गर्दा भन्सार दस्तुर तथा महसुलमा सहुलियत प्रदान गर्ने नीति पनि ल्याइएको छ। यसैगरी मूल्यअभिवृद्धि कर, अन्तःशुल्कलगायतका शुल्कमा छुट दिने हाइड्रोजन नीतिमा उल्लेख छ।

ग्रिन हाइड्रोजन उत्पादनकै लागि छुट्टै विद्युत् आयोजना बनाएर आफैं खपत गर्ने उद्योगलाई विद्युत् रोयल्टीमा छुट दिने घोषणा पनि गरिएको छ। आफ्नै विद्युत् आयोजना नबनाउने उद्योगलाई भने सहुलियत दरमा विद्युत् उपलब्ध गराउने नीति सरकारले ल्याएको हो। ग्रिन हाइड्रोजन उत्पादनका लागि चाहिने विद्युत् उद्योगसम्म ल्याउन प्रसारणलाइन तथा सबस्टेसनहरूको निर्माण गरिने पनि नीतिमा उल्लेख छ।

ग्रिन हाइड्रोजन नेपालका लागि पूर्ण रूपमा नौलो प्रविधि हो। यसको अवधारणा पहिला नै आए पनि अहिले व्यापक रूपमा यसको व्यावसायिक उत्पादनबारे बहस हुन थालेको छ। सोहीक्रममा सरकारले पहिलोपटक ग्रिन हाइड्रोजन नीति ल्याएको हो। बढ्दो जलवायु परिवर्तनका कारण यसको महत्त्व संसारभर बढ्दै छ।

मुख्यतः बिजुलीले पानीलाई टुक्र्याएर हाइड्रोजन उत्पादन गर्छ। इलेक्ट्रोलाइसिस प्रक्रियामार्फत पानीमा हुने अक्सिजन र हाइड्रोजन टुक्र्याइनेछ। त्यसरी उत्पादन हुने हाइड्रोजनबाट बिजुली पनि निकाल्न सकिन्छ, जुन सामान्य विद्युत् भन्दा सस्तो र राम्रो हुन्छ। साथै, त्यसरी निकालिएको हाइड्रोजनबाट सवारीसाधन, उद्योगहरू पनि सञ्चालन गर्न सकिन्छ। साथै, यो पेट्रोललगायतका ऊर्जाका अन्य पदार्थका तुलनामा प्रदूषणरहित हुन्छ। हाइड्रोजनबाट रासायनिक मल पनि बनाउन सकिन्छ। त्यसकारण पछिल्लो समय विश्वले ग्रिन हाइड्रोजनको उत्पादनमा जोड दिएको छ। नेपालमा विद्युत् उत्पादन पनि बढ्दै गएको र पर्याप्त जलस्रोत भएका कारण ग्रिन हाइड्रोजन उत्पादनको सम्भावना उच्च छ।

ग्रिन हाइड्रोजनका फाइदा

- पेट्रोलिय पदार्थको तुलनामा प्रदूषणरहित
- डिजेल र कोइलाको विस्थापन गर्न सकिने
- पेट्रोलियम जस्तै सहज प्रयोग गर्न सकिने
- विद्युत्को खपत र पानीको सदुपयोग बढाउने
- विद्युत्भन्दा सस्तो हुने
- फलाम प्रशोधन गर्न सहज हुने
- रासायनिक मल कारखाना स्थापनामा सहयोग

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit एकैछिन पैसा

अहिले प्रयोग भइरहेको पेट्रोल, डिजेल तथा कोइलाबाट उत्पादन हुने ऊर्जाले वातावरण नराम्ररी प्रभावित भएको छ। फलस्वरूप पछिल्लो समय विश्वव्यापी रूपमा ग्रिन इनर्जीको माग बढेको छ। विभिन्न अध्ययनहरूले ठूला पानीजहाज, लरी, ट्रकहरू हाइड्रोजनमार्फत सञ्चालन गर्दा आर्थिक र वातावरणीय हिसाबले अत्यन्तै लाभदायी हुने देखिएको छ। युरोपेली देशमा ग्रिन हाइड्रोजनबाट चल्ने बस तथा ट्रक निर्माण हुन थालिसकेको छ। हवाईजहाज निर्माता कम्पनी एयरबसले पनि हाइड्रोजनबाट चल्ने हजाईजहाज निर्माण गरिरहेको छ। विभिन्न अध्ययनहरूले विश्वव्यापी रूपमा खपत हुने ऊर्जामा २५ प्रतिशतको अनुपातमा ग्रिन हाइड्रोजनको हिस्सा बनाउन सकिने देखाएको छ। त्यसअनुसार नेपालमा उत्पादन हुने हाइड्रोजनका लागि विदेशमा पनि पर्याप्त बजार छ। निकट भविष्यमा यसको निर्यात गर्न सकिने सम्भावना देखिएको छ। साथै, नेपालमा पनि यसको खपत हुनेछ।

सहसचिव सन्दीपकुमार देवले पछिल्लो आवश्यकतालाई दृष्टिगत गर्दै हाइड्रोजन नीति ल्याएको बताए। 'जलवायु परिवर्तनका कारण स्वच्छ ऊर्जाको आवश्यकता बढ्दै गएको छ, त्यसमा ग्रिन हाइड्रोजन शतप्रतिशत स्वच्छ ऊर्जा हो। त्यसको उत्पादन नेपालमा सम्भव छ,' उनले भने, 'त्यसैले यो नीति ल्याएका हौं। यसले हाइड्रोजन उत्पादनमा प्रोत्साहन गर्नेछ।'

यद्यपि, यसको कार्यान्वयन गर्न ऐन भने आवश्यक हुनेछ। प्रचलित कुनै ऐनले हाइड्रोजन उत्पादन र यसको समग्र इकोसिस्टमलाई सम्बोधन गरेको छैन। संसद्मा विचाराधीन विद्युत् विधेयकमा हाइड्रोजन उत्पादन गर्न सकिने व्याख्यासम्म गर्न सकिन्छ। यसबारे स्पष्ट रूपमा उल्लेख गरिएको छैन। यसको इकोसिस्टमबारे परिकल्पना नै गरिएको छैन। त्यो अवस्थामा हाइड्रोजन नीतिलाई कार्यान्वयनमा ल्याउन विद्युत् विधेयकलाई संशोधन गरेर आवश्यक व्यवस्था गर्नुपर्छ। नभए छुट्टै हाइड्रोजन ऐन नै ल्याउनुपर्छ। मन्त्रालयका प्रवक्ता नवीनराज सिंहले अब ऐन ल्याउने प्रक्रिया अघि बढाउने बताए।

'संसद्मा विचाराधीन विद्युत् विधेयकमै यसलाई समावेश गर्ने कि नयाँ ऐन ल्याउने भनेर निर्णय भइसकेको छैन। यसबारे छिट्टै निर्णय गरेर कानुन बनाउने काम अघि बढाउँछौं,' उनले भने, 'ऐन आएपछि यसको कार्यान्वयन हुन्छ।' यद्यपि, नेपालमा गैरआवासीय नेपाली संघका पूर्वअध्यक्ष शेष घले र अपि पावरले ग्रिन हाइड्रोजनमा लगानी गर्ने घोषणा गरिसकेका छन्।

मुख्यतः जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न जलविद्युत्जस्ता नवीकरणीय स्रोतहरूबाट उत्पादित विद्युत्को प्रयोगबाट ग्रिन हाइड्रोजनको उत्पादनलाई प्रवर्द्धन गर्न यो नीति ल्याएको मन्त्रालयको भनाइ छ। यसका अलावा न्यून कार्बन अर्थतन्त्र सिर्जना गर्ने तथा पेट्रोलियम पदार्थको परनिर्भरता घटाउने, ग्रिन हाइड्रोजन र यसको सहउत्पादनको उपयोग र भण्डारण गर्ने, ग्रिन हाइड्रोजनको उपयोग गरी रासायनिक मल उत्पादनलगायत अन्य औद्योगिकीकरणलाई प्रोत्साहन गर्ने र ग्रिन हाइड्रोजनको व्यापारिक उपयोगसम्बन्धी अध्ययन-अनुसन्धानलाई प्रोत्साहन गर्ने उद्देश्यसहित यो नीति ल्याइएको हो।

सरकारले यसका लागि विभिन्न रणनीति पनि बनाएको छ। यसका लागि आवश्यक कानुन बनाई नियमन गरिने रणनीति ल्याइएको छ। ग्रिन हाइड्रोजनसम्बन्धी निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्ने पनि नीतिमा उल्लेख छ। यस्ता उद्योग स्थापना र लगानी प्रवर्द्धनलाई प्रोत्साहन गर्न आवश्यकता र औचित्यका आधारमा छुट सुविधा प्रदान गर्न नीतिगत व्यवस्था गरिएको छ।

तीन लाखसँग अझै दुईभन्दा बढी डिम्याट खाता

सात वर्षदेखि दुईभन्दा बढी डिम्याट खाता खोल्न निरुत्साहित गर्ने भने पनि हालसम्म १० हजार मात्रै खाता बन्द भएका छन्

भोजराज भण्डारी/नयाँ पत्रिका

धितोपत्र बोर्डले दुईभन्दा बढी डिम्याट खाता खोल्न नपाउने गरी करिब सात वर्षअघि नियम ल्याएको भए पनि खाता खोल्ने क्रम रोकिएको छैन। बोर्डले ०७४ भदौमा डिम्याट खातालाई व्यवस्थित र पारदर्शी गर्ने उद्देश्यले यो नियम कार्यान्वयनमा ल्याएको थियो।

बोर्डले त्यस समयमा डिम्याट खाता सञ्चालन कार्य थप व्यवस्थित र पारदर्शी भई लगानीकर्ताको वास्तविक संख्यासमेत यकिन गर्न सहज हुने बताएको थियो। उक्त निर्णय पूर्ण कार्यान्वयनमा आउन नसक्दा दुईभन्दा बढी डिम्याट खाता खोल्नेको संख्या तीन लाखभन्दा बढी रहेको सिडिएस एन्ड क्लियरिङ लिमिटेड (सिडिएससी)ले जनाएको छ।

सिडिएससी क्लियरिङ लिमिटेडका प्रवक्ता सुरेश न्यौपानेले खाता खोल्ने, नवीकरण नगर्ने र अन्य बैंक तथा वित्तीय संस्था नै पिच्छे खाता खोल्ने हुँदा धेरै खाता हुन पुगेको बताए। उनले भने, 'अब अहिले दुईभन्दा बढी खाता खोल्नेबित्तिकै उसको सम्बन्धित व्यक्तिको विवरण देखिन्छ, त्यसैले यसलाई अब बिस्तारै नियमन गर्दै लैजानुपर्छ।'

नेपाल धितोपत्र बोर्डका सूचना अधिकारी अम्बिका गिरीले पुनर्विचार गर्ने तयारीमा रहेको बताए। उनले भने, 'आजभन्दा सात-आठ वर्षअघि लगानीकर्तालाई सेयरको पहुँच पुऱ्याउनका लागि पनि गम्भीर ढंगले नलिएको हुन सक्छ। अब भने यसलाई व्यवस्थित गरेर जाने गरी तयारीमा छौं।'



अहिले दुईभन्दा बढी खाता खोल्नेबित्तिकै उसको सम्बन्धित व्यक्तिको विवरण देखिन्छ, त्यसैले बिस्तारै नियमन गर्दै लैजानुपर्छ।

● **सुरेश न्यौपाने**, प्रवक्ता, सिडिएससी क्लियरिङ लिमिटेड

कुनै ब्रोकरमा खोलिएको डिम्याट खाता बन्द गरेर लगानीकर्ताले चाहेमा अर्को ब्रोकरकोमा खोल्न सक्ने व्यवस्था छ। लगानीकर्ताले आफूले पहिले खोलेको ब्रोकर वा बैंकमा गएर खाता बन्द गर्न आवेदन दिएमा बन्द हुने व्यवस्था छ।

केही समयअघिसम्म यस्ता दुईभन्दा बढी खाता रहेका १० हजार खाता भने बन्द गरिएको सिडिएससीको भनाइ छ। केही वर्षदेखि नै दुईभन्दा धेरै खाता हुने लगानीकर्तालाई नियमन गर्न खोजे पनि नसकिएको न्यौपानेले बताए। उनले भने, 'कतिपय पुराना डिम्याट खातामा बोनस सेयर आएर बसेको छ, जसले गर्दा त्यस्ता खाता बन्द गर्न सहज छैन।' धेरै डिम्याट खाता खोल्नेको संख्या विशेष गरी ठूला लगानीकर्तामा बढी रहेको छ। सिडिएससीका अनुसार हाल ६१ लाख १६ हजार आठ सय ५४ जनाले सेयर खाता खोलेका छन्। १८ देखि ३० वर्ष उमेरकाले सबैभन्दा बढी डिम्याट खाता खोलेका छन्।

लगानी सम्मेलनको तयारीस्वरूप कार्यशाला गोष्ठी

काठमाडौं/ अर्थमन्त्री डा. प्रकाशशरण महतले नेपालको अर्थतन्त्रका हरेक क्षेत्रहरूमा अथाह सम्भावना उजागर हुन बाँकी रहेको औंल्याउँदै त्यसका लागि थप लगानी आवश्यक रहेको बताएका छन्। लगानी बोर्डले शुक्रबार आयोजना गरेको लगानीसम्बन्धी कार्यशाला गोष्ठीलाई सम्बोधन गर्दै अर्थमन्त्री महतले अहिले हरित अर्थतन्त्र-लगानी अधिक प्रचलनको शब्दावली रहेका सन्दर्भमा नेपाल लगानीको उपयुक्त गन्तव्य हुने बताए।

लगानी बोर्डले आगामी वैशाख १६ र १७ गते काठमाडौंमा आयोजना गर्न लागेको तेस्रो लगानी सम्मेलनको तयारीस्वरूप कार्यशाला गोष्ठी आयोजना गरेको हो। कार्यशालामा नेपालमा लगानीको वातावरण सुधारका लागि कानुनी, प्रक्रियागत तथा नियामकीय सुधार एवं विदेशी लगानीसमेत निजी लगानी आकर्षित गर्न नवप्रवर्तनमा आधारित पहलहरूका विषयमा विमर्श भएको थियो। साथै, लगानी सम्मेलनका सम्बन्धमा नीति-निर्माता, निजी क्षेत्र, विकास साझेदार तथा विज्ञबीच छलफल गरिएको थियो। मन्त्री महतले नेपालमा पर्यटन, कृषि व्यवसाय तथा सूचना प्रविधिको क्षेत्रमा गरिने लगानीले राम्रो प्रतिफल दिने बताए।

वैशाखमा हिमालयन हाइड्रो एक्स्पो



काडमाडौं/ हिमालयन हाइड्रो एक्स्पोको चौथो संस्करण १२ देखि १४ वैशाखसम्म हुने भएको छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले हरेक दुई-दुई वर्षमा गर्दै आएको हाइड्रो एक्स्पो आयोजनाका लागि एक्स्पो एन्ड इभेन्ट म्यानेजमेन्ट कम्पनीसँग समझदारी गरेको हो।

सरकारले १२ वर्षमा साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित ऊर्जा विकास मार्गचित्र तयार गरेको छ। यस्तै, १० हजार मेगावाट विद्युत् भारतमा, पाँच हजार मेगावाट बंगलादेशमा र साढे १३ हजार मेगावाट विद्युत् आन्तरिक रूपमा खपत गर्ने योजना अगाडि सारिएको छ। भारतमा नेपालले १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने सम्झौता भएको छ। यस्तो अवस्थामा जलविद्युत् क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने उद्देश्यसहित एक्स्पो आयोजना गर्न लागिएको इप्पानका अध्यक्ष गणेश कार्कीले बताए।

नेपालका ऊर्जा क्षेत्रका लगानीकर्ताको संस्था इप्पानले आयोजना गर्ने एक्स्पोमा सरकारले आयोजना गर्ने लगानी सम्मेलनमा सहभागी हुने विदेशी लगानीकर्तालाई समेत सहभागी गराएर लगानीको वातावरण निर्माण गर्ने लक्ष्य राखिएको कार्कीको भनाइ छ। एक्स्पोमा जलविद्युत् आयोजना निर्माणमा प्रयोग हुने मेसिनरी औजारहरू, बैंक तथा वित्तीय संस्थाहरू, बिमा कम्पनीहरू, सिमेन्ट, डन्डीलगायतका सामग्रीको प्रदर्शनी हुनेछ।

बर्दघाटमा नमुना औद्योगिक ग्राम बन्ने

नवलपरासी/ बर्दघाटमा नमुना औद्योगिक ग्राम बन्ने भएको छ। बजेट व्यवस्थापन, परियोजना निर्माण ठेक्कालगायतका गृहकार्यपछि शुक्रबार उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल र सांसद विनोद चौधरीले संयुक्त रूपमा परियोजनाको शिलान्यास गरेका हुन्।

चालू आर्थिक वर्षमा उक्त ग्रामका लागि बजेट विनियोजनसँगै स्थानीय तहमा तयारीसमेत अगाडि बढेपछि नवलपरासीका लागि यो महत्त्वपूर्ण परियोजनाका रूपमा अगाडि बढेको छ। निर्वाचनका क्रममा नवलपरासीमा औद्योगिक विकासका लागि नमुना औद्योगिक ग्राम स्थापना गर्ने प्रतिबद्धता जनाएअनुसार काम गरेको सांसद विनोद चौधरीले बताए।

नमुना औद्योगिक ग्राम नवलपरासी जिल्लाकै एकीकृत सुविधा उपलब्ध हुने नमुना औद्योगिक ग्रामका रूपमा स्थापना गर्न लागेको जनाइएको छ। बर्दघाट नगरपालिका- ५, खजुरा खोला क्षेत्रमा करिब १८ बिघा क्षेत्रफलमा यो ग्रामको निर्माण हुने जनाइएको छ। १७ करोड रुपैयाँ खर्च हुने अनुमान गरिएको बहुवर्षीय परियोजनाका रूपमा आगामी तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको जनाइएको छ। यो परियोजना निर्माणको जिम्मा रिलायन्स बिल्डर्स एन्ड सप्लायर्स जेभीले पाएको छ।

समवेदना



जन्म : वि.सं.२०३९/०८/११
स्वर्गारोहण मिति : वि.सं. २०८०/०९/२८
स्व.डा. महेश कुमार गौतम

यस संघका आजिवन सदस्य **डा. महेश कुमार गौतम**को मिति २०८० पौष २८ गतेका दिन असामयिक निधन हुन गएकोमा वहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

नेपाल चिकित्सक संघ
परिवार

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय, बिराटचोकको ३५ दिने सूचना

यस बैंकबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१(एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, ब्याजलगायतका रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि. को प्रचलित कर्जा असुली कार्यविधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राइटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानत दिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारवाही अगाडि बढाइने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

तपसिल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०८०।१०।१० सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
१	तिलक सप्लार्यस तथा खरिद बिक्री	सुन्दरहरैंचा ११, मोरङ्ग				व्यापार कर्जा	४०,००,०००।	२,५८,२४५।०८	४२,५८,२४५।०८

फर्मको दर्ता नं.: ३४९०८/०७७/७८ **दर्ता भएको कार्यालय** : वाणिज्य कार्यालय विराटनगर, **दर्ता मितिः** २०७७/०९/२३, **पान नं.** ६०८२६०३५०

प्रोप्राईटर/साझेदार/संचालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
तिलक बहादुर कार्की	सुन्दरहरैंचा ११, मोरङ्ग	३७९४४	मोरङ, २०५५/०६/२५ जिल्ला प्रशासन कार्यालय, मोरङ्ग	टेक बहादुर कार्की	खड्ग बहादुर

धितो मन्जुरीदिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे/ससुरा
देबी कार्की	सुन्दरहरैंचा ११, मोरङ्ग	०५-०१-६९/०५६६४	मोरङ्ग, २०६९/०६/२२, जिल्ला प्रशासन कार्यालय मोरङ्ग	पतिः तिलक बहादुर कार्की, बाबुः डम्बर बहादुर काकी	ससुराः टेक बहादुर कार्की

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रू.	मिति २०८०।१०।१० सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
२.	शाकम्बरी बस्त्रालय	सुन्दरहरैंचा ७, मोरङ्ग				व्यापार कर्जा	१९,६०,०००।-	२,८२,७९६।७३	२२,४२,७९६।७३

फर्मको दर्ता नं. ३२४०५/०७६/७७ **दर्ता भएको कार्यालय** : वाणिज्य कार्यालय बिराटनगर, **दर्ता मितिः** २०७६/०४/२३ **पान नं:** ३०४७०८६९१

प्रोप्राइटर/साझेदार/संचालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
प्रेम प्रसाद दाहाल	सुन्दरहरैंचा ७, मोरङ्ग	४२९०	मोरङ्ग, २०४४/०२/१७ जिल्ला प्रशासन कार्यालय, मोरङ्ग	राम प्रसाद दाहाल	अभय केशर दाहाल

धितो मन्जुरीदिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	ससुरा
यसोदा पौडेल	सुन्दरहरैंचा ७, मोरङ्ग	५२१३५	मोरङ्ग, २०५७/०५/०८, जिल्ला प्रशासन कार्यालय, मोरङ्ग	पतिः प्रेम प्रसाद दाहाल, बाबुः तेज प्रसाद पौडेल	रामप्रसाद दाहाल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रू.	मिति २०८०।१०।१० सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
३.	गाँउले टिभि सेन्टर	केराबारी ०८ मोरङ्ग				व्यापार कर्जा	२९,००,०००।-	४,६०,८७५।४७	३३,६०,८७५।४७

फर्मको दर्ता नं.: ३१९३७/०७५/७६ **दर्ता भएको कार्यालय** : वाणिज्य कार्यालय विराटनगर, **दर्ता मितिः** २०७५/१०/१७ **पान नं.** ३०२९९२६६१

प्रोप्राइटर/साझेदार/संचालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
गोबिन्द बहादुर श्रेष्ठ	केराबारी ०८, मोरङ्ग	१५५०३	मोरङ्ग, २०५१/०८/२१, जिल्ला प्रशासन कार्यालय, मोरङ्ग	देब कुमार	गज बहादुर

धितो मन्जुरीदिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	ससुरा
तारादेबी प्रधान	केराबारी ०८ मोरङ्ग	१२३०१३/२०	मोरङ्ग, २०६३/११/०९, जिल्ला प्रशासन कार्यालय, मोरङ	पतिः गोबिन्द बहादुर श्रेष्ठ, बाबुः पदम नारायण प्रधान	देब कुमार

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पतिको नाम	पिताको नाम	उद्देश्य	साँवा रकम रू.	मिति २०८०।१०।१० सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
४.	बिहान कुमारी खवास	सुन्दरहरैचा न.पा. ०१	५८६२ मोरङ्ग, २०५०।०१।१३	मिथलेस कुमार खवास	मुसहरू खवास	घरायसी कर्जा	६,००,०००।-	९८,५४२।४४	६,९८,५८२।४४

धितो मन्जुरीदिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
मिथलेस कुमार खवास	सुन्दरहरैचा न.पा. ०१	१६१४८	मोरङ्ग/२०४६।१०।२९	तेजुलाल खवास	

कृषि विकास बैंक लि.
प्रदेश कार्यालय बिराटनगर

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०
शनिबार १३ माघ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

■ आइसिसी यू-१९ विश्वकप क्रिकेट

अफगानिस्तानलाई हराउँदै नेपाल सुपर सिक्समा

१ सय ४६ रनको लक्ष्य नेपालले ४४.४ ओभरमा नौ विकेट गुमाएर पूरा गऱ्यो

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

आइसिसी यू-१९ विश्वकप एकदिवसीय क्रिकेट प्रतियोगितामा नेपालले शुक्रबार टेस्ट राष्ट्र अफगानिस्तानको टोलीलाई एक विकेटको सनसनीपूर्ण जित निकाली सुपर सिक्सको स्थान पक्का गरेको छ। यू-१९ विश्वकपमा नेपालले तेस्रोपटक समूह चरण पार गरेको हो। यसअघि नेपालले पाकिस्तान (२००२), दक्षिण अफ्रिका (२००४, २००६) र न्युजिल्यान्ड (२००६, २०१६) जस्ता टेस्ट राष्ट्रलाई हराएर सनसनी मच्चाएको थियो।

दक्षिण अफ्रिकामा चलिरहेको विश्वकपमा नेपालले समूह 'डी'मा तेस्रो स्थान रक्षा गर्दै सुपर सिक्सको स्थान सुरक्षित गरेको हो। यस समूहबाट तेस्रो हुने टोली पनि सुपर सिक्समा पुग्ने प्रावधान थियो। नेपाल र अफगानिस्तानले आफ्ना अघिल्ला दुवै खेल गुमाएका थिए। दुवै पाकिस्तान र न्युजिल्यान्डसँग पराजित भएका थिए। शुक्रबार इस्ट लन्डनमा नेपाल र अफगानिस्तानबीचको विजेता तेस्रो टोलीका रूपमा अघिल्लो चरण पुग्ने थियो। गर या मरको अवस्थामा नेपालले ३२ बलअघि नै अफगानिस्तानलाई एक विकेटले स्तब्ध पार्न सफल भयो। नेपालको जितमा फास्ट बलर आकाश चन्दले घातक बलिङ गर्दै ३४ रन खर्चेर पाँच विकेट लिए।

अफगानिस्तानले पहिलो ब्याटिङ गरी ४०.१ ओभरमा सबै विकेट गुमाएर एक सय ४५ रन बनाएको थियो। नेपालले अफगानिस्तानलाई सर्वाधिक २१ अतिरिक्त रन दियो। प्रत्युत्तरमा नेपालले ४४.४ ओभरमा नौ विकेट गुमाएर एक सय ४९ रन जोड्यो। अफगानिस्तानले नेपाललाई १६ अतिरिक्त रन दियो। नेपालका लागि सुवास भण्डारीले चौका विजयी प्रहार गरेका थिए। नेपाल ४३.६ ओभरमा नौ विकेटको क्षतिमा एक सय ४४ रनमा थियो। अफगानिस्तानलाई जितका लागि एक विकेट आवश्यक थियो।

कप्तान देवको अर्धशतक

अफगानिस्तानविरुद्ध नेपालका शीर्ष, मध्य तथा पुछारका खेलाडीले खराब प्रदर्शन गरेका थिए। इनिङ्सको ८.१ ओभरमा नेपाल २४-३ को अवस्थामा थियो। त्यसपछि कप्तान देव खनाल र आकाश त्रिपाठीबीच चौथो विकेटका लागि ४९ रनको महत्त्वपूर्ण साझेदारी गर्दै नेपाललाई २३.१ ओभरमा ७३ रनको स्थितिमा राखे। कप्तान देवले आफ्नो विकेट २७.४ ओभरमा गुमाए। उनले ८९ बलमा सात चौकाको सहयोगमा ५८ रन बनाए। आकाशले ३९ रनमा १६ रनको महत्त्वपूर्ण योगदान दिए। त्यसपछि दीपक बोहराले ४२ बलमा चार चौकाको सहयोगमा २७ रन बनाए। सुवास भण्डारीले अन्तिमसम्म आउट नभई २९ बलमा नौ रन जोडे।

५५ रनको साझेदारी

नेपालका बलर आकाश चन्दको घातक बलिङ सामना गर्न नसक्दा अफगानिस्तान एक समय ८८-८ को कमजोर अवस्थामा थियो। कप्तान नासेर खान र घजाफारबीच नवौं विकेटका लागि ५५ रनको साझेदारी भयो। यसै साझेदारीका कारण अफगानिस्तानले ३७.४ ओभरमा १४३-९ को सुदृढ अवस्थामा आफूलाई पायो। नासेरले ८३ बलमा तीन चौका प्रहार गरी ३१ रन बनाए। घजाफारले २१ बलमा ३७ रन जोडे। हसनले २० रन बनाए। अफगानिस्तानको ब्याटिङमा पाँच खेलाडीले शून्य रन बनाएका थिए।



समूह 'डी'को निर्णायक खेलमा अफगानिस्तानलाई एक विकेटले हराएपछि नेपालका खेलाडी खुसीयाली मनाउँदै। तस्बिर : आइसिसी

आकाशले लिए पाँच विकेट

नेपाललाई सुपर सिक्समा पुऱ्याउन सबैभन्दा ठूलो योगदान बलर आकाश चन्दले गरेका थिए। उनले यू-१९ विश्वकपमा पहिलोपटक पाँच विकेटको प्रदर्शन गरे। यसक्रममा उनले ८ ओभरमा ३४ रन खर्चेर पाँच विकेट लिए। इनिङ्सको आफ्नो पहिलो ओभरमै उनले विकेट लिन सफल भए। इनिङ्सको १.३ ओभरमा उनले खालिदको विकेट लिए। त्यसपछि उनले ५.५ ओभरमा जमसिद जार्दानलाई आउट पारे।

७.६ ओभरमा उनले साहिल खानलाई क्याच आउट गराए। ९.१ ओभरमा उनले अलि अहमेद एलबिडब्लुको धरापमा राखे। ११.३ ओभरमा आकाशले हसनलाई क्याच आउट गरे। यसअघि उनले न्युजिल्यान्डविरुद्ध पाँच रन मात्र दिएका थिए। ब्याटिङका क्रममा उनले तीन खेलमा ३१ रन बनाएका छन्। पाकिस्तानसँगको प्रतिस्पर्धामा उनले ३४ रन खर्चेर तीन विकेट लिएका थिए। अफगानिस्तानविरुद्धको खेलमा महत्त्वपूर्ण योगदान गरेका कारण उनी म्यान अफ दी म्याच भए।

एकपटक क्वार्टरफाइनलमा

सन् २००० देखि नेपालले यू-१९ विश्वकपमा सहभागिता जनाएको हो। यसअघि १९८८ र १९९८ मा नेपाल छनोट नै हुन सकेन। नेपाल लगातार २००२ देखि ०८ सम्म विश्वकपमा छनोट भएको थियो। सन् २०१०, २०१४, २०१८, २०२० र २०२२ को संस्करणमा नेपालले विश्वकपमा स्थान बनाउन सकेन। २४ वर्षको यू-१९ विश्वकप इतिहासमा नेपालले आठपटक विश्वकप खेलेको छ। यसक्रममा नेपाल एकपटक क्वार्टरफाइनल र एकपटक दोस्रो चरणमा पुगेको थियो। सन् २०१६ को बंगलादेशमा भएको विश्वकपमा नेपालले इतिहास रच्दै क्वार्टरफाइनल स्थान पक्का गरेको थियो।

आठ वर्षअघिको संस्करणमा नेपाल समूह 'डी'मा रहेको थियो। यस समूहमा भारत, न्युजिल्यान्ड र आयरल्यान्ड थिए। नेपालले समूहमा दुई जित र एक हारका साथ चार अंकसहित क्वार्टरफाइनलमा पुगेको थियो। नेपालले क्वार्टरफाइनलमा ५ फेब्रुअरी २०१६ मा सेमिफाइनल प्रवेशका लागि बंगलादेशविरुद्ध प्रतिस्पर्धा गरेको थियो। बंगलादेशले नेपाललाई ६ विकेटले हरायो। पहिलो ब्याटिङ गरेको नेपालले नौ विकेटको क्षतिमा दुई सय ११ रन बनाएको थियो। बंगलादेशले ४८.२ ओभरमा चार विकेटको क्षतिमा दुई सय १५ रन जोड्यो। सन् २००० मा पहिलोपटक सहभागिता जनाउँदा नेपाल दोस्रो चरणमा पुगेको थियो।

■ नेपालको सुपर सिक्स प्रतिद्वन्द्वी को ?

अफगानिस्तान हराएको नेपालको सुपर सिक्स चरणको प्रतिद्वन्द्वी छिनोफानो भएको छैन। नेपालले सुपर सिक्समा समूह 'ए' विजेता र उपविजेताविरुद्ध प्रतिस्पर्धा गर्नेछ। यस समूहमा भारत, बंगलादेश, आयरल्यान्ड र अमेरिका रहेका छन्। यी तीनमध्ये शीर्ष दुईसँग नेपालले प्रतिस्पर्धा गर्नेछ। प्रतियोगिताको फर्म्याटअनुसार समूह चरणमा प्रतिस्पर्धा गरेका १६ टोलीमध्ये सुपर सिक्समा हरेक टोलीबाट समान तीन टोली पुग्ने प्रावधान रहेको छ। सुपर सिक्समा समूह 'ए' र 'डी'का टोली एक-अर्काबीच भिड्नेछन्। समूह 'बी' र 'सी'का टोलीबीच पनि प्रतिस्पर्धा हुनेछ।

समूहमा पहिलो हुने टोलीले सुपर सिक्समा अर्को समूहको दोस्रो र तेस्रोसँग खेल्नेछ। उपविजेताले अर्को समूहको पहिलो र तेस्रो तथा तेस्रो हुने टोलीले अर्को समूहको पहिलो र दोस्रोसँग खेल्नेछ। नेपालले ३१ जनवरीमा समूह 'ए'को उपविजेता तथा ३ फेब्रुअरीमा समूह 'ए'को विजेतासँग खेल्नेछ। यस समूहको विजेता र उपविजेता छिनोफानो भएको छैन। सुपर सिक्समा समूहको अंक पनि जोडिनेछ। नेपालले यू-१९ विश्वकपमा पहिलोपटक सेमिफाइनल प्रवेशको सम्भावना बलियो बनाउन दुवै खेल जित्नुपर्नेछ। समूह १ र २ का शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन्। समूह 'डी' चौथो स्थानको अफगानिस्तानले अब समूह 'ए'को चौथो टोलीसँग खेल्नेछ।

नेपालको सनसनी नतिजा

नेपाल र पाकिस्तान (२००२)
नेपाल : १५१ (४८.५ ओभर)
पाकिस्तान : १२१ (४५.४ ओभर)
नतिजा : नेपाल ३० रनले विजयी

नेपाल र दक्षिण अफ्रिका (२००४)
द. अफ्रिका : १५६ (५० ओभर)
नेपाल : १५८ (४९.४ ओभर)
नेपाल एक विकेटले विजयी

नेपाल र दक्षिण अफ्रिका (२००६)
प्लेट च्याम्पियनसिप सेमिफाइनल
नेपाल : २१४/८ (५० ओभर)
द. अफ्रिका : २१२/५ (५० ओभर)
नेपाल दुई रनले विजयी

नेपाल र न्युजिल्यान्ड (२००६)
प्लेट च्याम्पियनसिप फाइनल
न्युजिल्यान्ड २०४ (४९.२ ओभर)
नेपाल २०५ (४९.४ ओभर)
नेपाल एक विकेटले विजयी

नेपाल र न्युजिल्यान्ड (२०१६)
नेपाल २३८/७ (५० ओभर)
न्युजिल्यान्ड २०६ (४७.१ ओभर)
नेपाल ३२ रनले विजयी



सुपर सिक्समा पुग्ने सपना पूरा भयो

देव खनाल, कप्तान, नेपाल

हामीले सुरुदेखि नै सुपर सिक्समा पुग्ने लक्ष्य राखेका थियौं। यो सपना अब पूरा भएको छ। पछिल्लो संस्करणमा नेपाल क्वार्टरफाइनलमा पुगेको थियो। यो आठ वर्षमा हामी यू-१९ विश्वकपमा छनोट भएनौं। पछिल्लो समय नेपाली क्रिकेट राम्रो छ। हामीले एसिया कप र विश्वकप छनोट खेल्यौं। युवादेखि सिनियर खेलाडीहरूले राम्रो गरिरहेका छन्। यतिबेला देश क्रिकेटमय भएको छ। हामी घर गएपछि झनै राम्रो गर्न सक्छौं। हामीले देश र समर्थकका लागि खेल्न सफल भयौं। अफगानिस्तानविरुद्ध आकाश चन्दले धेरै राम्रो बलिङ गरे। हामीले पाकिस्तानविरुद्ध पनि राम्रो खेलेका थियौं। यस प्रतियोगितापछि हामी फिटनेस र बलिङमा ध्यान दिन्छौं।



हामीमाथि अन्तिमसम्म दबाब थियो

आकाश चन्द, बलर, नेपाल

अफगानिस्तानसँगको खेल रोमाञ्चक नै भयो। इनिङ्सको अन्तिमसम्म हामीमाथि धेरै दबाब रह्यो। फेरि नेपालको निरन्तर विकेट गइरहेको थियो। कुनै पनि वेला जे पनि हुन सक्ने अवस्था थियो। वास्तवमा अन्तिमतिरको नेपालको ब्याटिङ मैले हेर्ने सकिनँ। सुपर सिक्समा पुग्नु हाम्रा लागि यो ठूलो अवसर हो। हामी सबै खुसी छौं। बलिङका क्रममा म फोकसमा थिएँ। निरन्तर रूपमा मैले एक लाइनमा बलिङ गरिरहें। मेरो योजना सुरुबाटै विकेट लिने थियो। त्यसमा सफल भयौं र अफगानिस्तानमाथि दबाब राख्यौं।

शुक्रले गरे उपाधि रक्षा



नयाँ पत्रिका

नेपालका नम्बर एक गल्फर शुक्रबहादुर राईले सूर्य नेपाल इस्टर्न ओपनको उपाधि रक्षा गरेका छन्। प्रतियोगिताको शुक्रबार अन्तिम दिन शुक्रले १ अन्डर ६९ को स्कोर गरेका थिए। उनले समग्रमा ३ अन्डर २ सय ७ स्कोर गर्दै उपाधि हात पारे। उनले धरानका अर्का प्रो नीरज तामाङलाई ५ स्ट्रोकको फराकिलो अन्तरले हराउँदै लगातार दोस्रोपटक उपाधि जितेका हुन्। शुक्रको यो करिअरकै दसौं उपाधि हो। उनले उपाधिसँगै एक लाख ४० हजार रुपैयाँ जितेका छन्। शुक्रले भेट्टान प्रो दीपक थापा मगर र पूर्वनम्बर एक गल्फर दीपक आचार्यसँग १० उपाधि बराबरी गरेका छन्।

धरानको गल्फ कोर्समा १८ होलको सुरुमा नीरज एक स्ट्रोकले पछि परेका थिए। तर, उनले यसको फाइदा लिन सकेनन्। नीरजको निरन्तर खराब प्रदर्शनसँगै शुक्रले सहजै उपाधि रक्षा गरे। ३ ओभर ७३ स्कोरको खराब प्रदर्शनका साथ नीरज उपविजेता बने। उनले समग्रमा २ ओभर २ सय १२ को कार्ड लेखाउँदै ९६ हजार रुपैयाँ हात पारे। नेपालका पूर्वनम्बर एक गल्फर भुवन नगरकोटी समग्रमा ३-ओभर दुई सय १३ स्कोरका साथ तेस्रो भएका छन्। उनले अन्तिम दिन १ ओभर ७१ स्कोर गरेका थिए। भुवनले ७२ हजार रुपैयाँ जितेका छन्। समग्रमा ७ ओभर २ सय १७ स्कोर गरेका राजेन राई, भुवनकुमार रोक्का र रामे मगरले संयुक्त रूपमा चौथो स्थान बाँडे।


पुलिसको जितमा मानबहादुर नायक

कास्की/ विभागीय डर्बीमा सशस्त्र प्रहरी बलको एपिएफ क्लबलाई २-० ले हराउँदै नेपाल पुलिस क्लबले आहा रारा पोखरा गोल्डकपमा सुखद सुरुवात गरेको छ। शुक्रबार रक्षक मानबहादुर परियार नायक बनेपछि ६ पटकको च्याम्पियन पुलिसले अन्तिम आठ सुरक्षित गरेको हो। २३औं संस्करणको प्रतियोगिताको क्वार्टरफाइनल समीकरण पूरा भएको छ। जितसँगै पुलिसले सेमिफाइनल प्रवेशका लागि १६ माघमा चर्च ब्वाइज युनाइटेडसँग प्रतिस्पर्धा गर्नेछ। शनिबार थ्री स्टारले भुटानको पारो एफसीको सामना गर्नेछ।

पुलिस र एपिएफबीच दोस्रोपटक भेट भएको हो। ०६४ सालमा भएको फाइनलमा पुलिसले एपिएफलाई २-० गोलले नै पराजित गर्दै उपाधि जितेको थियो। एपिएफ १६ वर्षअघि भएको हारको बदला लिनबाट समेत चुकेको छ। हालसम्म पुलिसले ६ र एपिएफले एकपटक प्रतियोगिताको उपाधि उचालेका छन्।

मानबहादुरले नै दुवै गोल गरेका हुन्। खेलको १९औं मिनेटमा उनले पहिलो गोल गरे। खेलको ७१औं मिनेटमा मानबहादुरले अग्रता दोब्बर बनाए। बक्सभित्र पाएको बललाई उनले हेड गोल गर्दै बललाई जाली चुमाएका हुन्। पुलिसका प्रशिक्षक चेतन घिमिरेले खेलाडीको मिहिनेतले जित्न सफल भएको बताए।





कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

सिंगटी हाईड्रो इनर्जी लिमिटेड
Singati Hydro Energy Limited

वडा नं.५, काठमाण्डौं, नेपाल । टेलिफोन नं. ०१-४५४३२०३/०१-४५४३२०२
E-mail: shehydro@gmail.com, Website: www.singatihydro.com

हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

सिंगटी हाईड्रो इनर्जी लिमिटेडको मिति २०८०/०९/२१ गतेसम्म कायम सार्विक शेयरधनीहरुका लागि १ कित्ता शेयर बराबर नयाँ १ कित्ता (१:१) शेयरको अनुपातमा प्रति शेयर रु.१००/- अंकित दरको १,४५,००,००० कित्ता हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला **यहि मिति २०८०/११/०२ गतेदेखि मिति २०८०/११/२२ गते (बैकिङ्ग समयसम्म)** निष्काशन तथा बिक्री खुल्ला गरिने व्यहोरा सम्बन्धित सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि अनुरोध गर्दछौं ।

क्र.सं.	हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरु:
१.	श्री कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, नक्साल, काठमाण्डौ ।
२.	श्री कुमारी बैंक लिमिटेडको शाखा कार्यालयहरु: **उपत्यका भित्र:** १) कुमारीपाटी, २) ठिमी **उपत्यका बाहिर:** १) हेटौडा, २) बिर्तामोड, ३) बिराटनगर, ४) बिरगंज, ५) जनकपुर, ६) नारायणगढ, ७) पोखरा, ८) बेनी, ९) बुटवल, १०) सुर्खेत, ११) नेपालगञ्ज, १२) धनगढी, १३) महेन्द्रनगर, १४) चरिकोट ।
३.	नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, सिंगटी शाखा
४.	नेपाल बैंक लिमिटेड, सिंगटी शाखा
५.	प्रभु बैंक लिमिटेड, सिंगटी शाखा
६.	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (C-ASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सिआस्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने सार्विक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा कुमारी क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, नक्साल, काठमाण्डौमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी, निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री सिंगटी हाईड्रो इनर्जी लिमिटेडको वेभसाइट www.singatihydro.com र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री कुमारी क्यापिटल लिमिटेडको वेभसाइट www.kumaricapital.com मार्फत हेर्न सक्नेछन् ।

*अन्य विस्तृत जानकारीको लागि **मिति २०८०/१०/११ गतेको** "**नागरिक**" राष्ट्रिय दैनिकमा प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं । साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट: www.kumaricapital.com वा निष्काशन कम्पनीको वेबसाइट: www.singatihydro.com मा हेर्नुहुन अनुरोध गर्दछौं ।*

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

कुमारी क्यापिटल लिमिटेड
KUMARI CAPITAL LIMITED
Invest for your future

दुर्गा भवन, नागपोखरी-१, नक्साल, काठमाडौं
फोन: ०१-५९७००८२
Email: info@kumaricapital.com
Website: www.kumaricapital.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com